प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रियस्तरको (क) वर्गमा वर्गीकृत पत्रिका

# वैजयन्ती

वर्ष १५ अङ्क १ पूर्णाङ्क ७९ विधाकेन्द्रित साहित्यिक पत्रिका २०७९ वैशाख-ज्येष्ठ

**संस्थापक**
वसन्तकुमार शर्म्मा 'नेपाल'

**संरक्षक**
राधादेवी शर्मा

**निर्देशक**
विनयकुमार शर्मा नेपाल

**प्रधान सम्पादक**
ठाकुर शर्मा भण्डारी

**सम्पादक**
यादव भट्टराई

**सहयोगी**
कमला नेपाल
महेशप्रसाद रिजाल
भाभा शर्मा
आभा शर्मा
मातृका आचार्य
विभव नेपाल

**प्रकाशक**
**शब्दार्थ प्रकाशन**
चाबेल, काठमाडौँ
**Shabdartha Prakashan**
Chabahil Ganeshthan, Kathmandu, Nepal
977-01-4497351 / 9841-496103
email : shabdarthaprakashan@gmail.com
nepal.vk@hotmail.com / nepal120@yahoo.com
web: http://nepalipublisher.com / http://shabdarthaprakashan.com

;'rgf M j}hoGtLdf k|sflzt /rgfsf] ;DkÚf{lhDd]jf/ :jod\n]vs g}xg\5g\.

## सम्पादकीय

● नेपाली साहित्यको सेवामा समर्पित वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिकाको लक्ष्य भनेको नेपाली साहित्यमा विधागत संवर्द्धन र प्रवर्द्धन गर्नु हो ।

● वैजयन्तीले नाटक/एकाङ्की, चाड/पर्व, संस्कृति, विदेशयात्रा र स्वदेशयात्रा, पूर्वस्मृति, राष्ट्रियव्यक्तित्व, संस्मरण, निबन्ध, मुक्तक, गीत, गजल, गद्यकविता, छन्दकविता, लघुकथा, कथा, लघुउपन्यास, समीक्षा आदि सात सयभन्दा धेरै स्रष्टाका अनेक विधा उपविधाका हजारौं रचना प्रकाशन गरिसकेको छ ।

● कविताविधापछि साहित्यमा सबैभन्दा बढी उपविधा वा प्रविधाको विकास भएको विधा निबन्धविधा हो । यसै निबन्धविधा अन्तर्गत लेखिन्छ यात्रा, नियात्रा, यात्रा विवरण, आत्मचरित्र, आत्मकथा, आत्मसंस्मरण, आत्म वृत्तान्त, रेखाचित्र, दैनिकी, जीवनी, पत्रसाहित्य, लेख, रचना, आलेख, स्मृति आदि । त्यसमा पनि आत्मचरित्र, आत्मकथा, आत्मसंस्मरण, आत्म वृत्तान्त, स्मृति चाहिं संस्मरण उपविधाकै प्रकारान्तर नाम विशेष हो ।

● वैजयन्तीद्वारा साहित्यका विविध विधा मार्फत स्रष्टाका भावनात्मक स्वरूपलाई सम्प्रेषण गर्ने, नित्य नवीनतम मार्ग पहिल्याउने समुद्देश्यले निरन्तर रूपमा प्रकाशित गरिरहेका छौं । यसका प्रत्येक अङ्क विशेष रूपमा प्रकाशित हुने गरेको सन्दर्भ वेला-बखत विद्वान्वर्गमा चर्चा-परिचर्चा हुने गरेको हामीले सुन्ने गरेका छौं, सम्पूर्ण साहित्यिक जगत्को यही सत्प्रेरणाले हामीलाई साहित्यसेवा गर्ने ऊर्जा प्राप्त भएको छ ।

● वैजयन्तीको ७९ औं अङ्कका लागि १३ ओटा संस्मरणहरू प्राप्त भएका छन् । वैजयन्तीले संस्मरण अङ्कको रूपमा १५, १६, २०, ४३, ४५, ७०, र अहिले यो ७९ अङ्कसमेत संस्मरणको सात अङ्क आइसकेको छ ।

● आफ्नो लक्ष्य अनुकूल वैजयन्तीले सम्बन्धित विधाको जानकारी **वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिका** र **वैजयन्ती साहित्यिक पत्रिका** नामको फेसबुक भित्तोबाट दिइरहेको छ र तदनुकूल लेख रचनाहरू पनि देश विदेशबाट प्राप्त गरिरहेको छ ।

● वैजयन्तीलाई माया गरेर रचना उपलब्ध गराउनुहुने सम्पूर्ण स्रष्टाहरूमा वैजयन्ती परिवार हार्दिक आभार प्रकट गर्दछ । यसका साथै आगामी दिनमा पनि सम्पूर्ण लेखक, साहित्यकार एवं पाठकहरूबाट स्नेह, सद्भाव र सहयोग प्राप्त हुनेछ भन्नेमा हामी विश्वस्त छौं ।

● **शब्दार्थ प्रकाशन**को **वेब साइट** http://shabdarthaprakashan.com वा http://nepalipublisher.com का साथै http://www.khabarinepal.com **को** Hotlink **मा वैजयन्ती**का सबै अङ्क '**डाउनलोड**' गर्न मिल्ने गरी राखिएका छन् ।

संस्कृति-१, पूर्वस्मृति-१, लघुउपन्यास-१, चाड/पर्व-१, नाटक/एकाङ्की-२, गीत-१, विदेशयात्रा-२, मुक्तक-४, गजल-४, राष्ट्रिय-व्यक्तित्व-५, लघुकथा-४, स्वदेशयात्रा-४, संस्मरण-७, गद्यकविता-७, कथा-६, निबन्ध-८ समीक्षा-८, छन्दकविता-१२ ओटा अङ्कहरू निकालिसकेको

साहित्यिक पत्रिका **वैजयन्ती**को

८० औं अङ्क **हाइकू-अङ्क** आउनेछ ।

## यस अङ्कमा


| क्रम | के | कसको | पृष्ठ |
|---|---|---|---|
| १. | शहीदको सम्झना | अरुणबहादुर खत्री 'नदी' | ५ |
| २. | निद्रा-दुई रात तीन दिन | आत्माराम खरेल | १० |
| ३. | बर्माबाट नेपालसम्मको यात्रा | इन्द्रकुमार श्रेष्ठ सरित् | १६ |
| ४. | आमा लैजाने त्यो कालो दिन | जीवराज भट्टराई | २१ |
| ५. | के गुन के बैगुन | जेबी खत्री | ३३ |
| ६. | स्मृतिका पृष्ठमूमिमा ...... | प्राडा. दुर्गाप्रसाद अर्याल | ३९ |
| ७. | मामासँग जन्त जाँदा | नरेन्द्रराज पौडेल | ४६ |
| ८. | ती नमुना झगडिया बूढा | भुवनहरि सिग्देल | ५४ |
| ९. | मझधारमा मगन्ता | रमेश भट्टराई 'सहृदयी' | ६१ |
| १०. | पुस्तकालयको लहरमा.... | रामप्रसाद पन्त | ६६ |
| ११. | दौरा सुरुवालको लागि दोडधुप | विनोद नेपाल | ६९ |
| १२. | पक्कै त्यस्तै हो | डा.विश्वदीप अधिकारी | ७४ |
| १३. | .....अपहरित यात्रीसँग | हरि थापा | ७७ |


### स्थायी स्तम्भ

**आवरण चित्र** : इन्दु पन्त, काठमाडौं

**पुछारको पातो** :


संस्मरण शब्दमा घोत्लिँदा — विनयकुमार शर्मा नेपाल — ८३

शब्दार्थ प्रकाशनका पुस्तकहरू : — ८७


**अब हाम्रो पालो**

हाइकू, लघुकथा आदि अङ्क ।

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी shabdarthaprakashan@gmail.com मा पठाउन सक्नुहुनेछ ।

## वैजयन्ती स्रष्टा सम्मानद्वारा सम्मानित व्यक्तित्वहरू

| | |
|---|---|
| अङ्क १. प्रा.डा.कपिल अज्ञात (समीक्षा) | अङ्क २. राजेश्वर देवकोटा (पूर्वस्मृति) |
| अङ्क ३. बुनू लामिछाने (राष्ट्रिय व्यक्तित्व) | अङ्क ४. उर्मिला लामिछाने (नीतिकथा) |
| अङ्क ५. डा. शैलेन्दुप्रकाश नेपाल (छन्दकविता) | अङ्क ६. भीष्म उप्रेती (स्वदेशयात्रा) |
| अङ्क ७. युवराज नयाँघरे (स्वदेशयात्रा) | अङ्क ८. डा.रामप्रसाद ज्ञवाली (छन्दकविता) |
| अङ्क ९. प्रा.डा.जयराज पन्त (चाडपर्व) | अङ्क १०. कन्हैया नासननी (विदेशयात्रा) |
| अङ्क ११. भुवनहरि सिग्देल (प्रणयकथा) | अङ्क १२. प्रा.डा.दुर्गाप्रसाद अर्याल (समीक्षा) |
| अङ्क १३. प्रा. गोपीकृष्ण शर्मा (समीक्षा) | अङ्क १४. रामेश्वर राउत'मातृदास'(गद्यकविता) |
| अङ्क १५. डा. घनश्याम न्यौपाने (संस्मरण) | अङ्क १६. प्रदीप नेपाल (संस्मरण) |
| अङ्क १७. प्रा. शिवगोपाल रिसाल (छन्दकविता) | अङ्क १८. विजय चालिसे (निबन्ध) |
| अङ्क १९. प्रकाशमणि दाहाल (निबन्ध) | अङ्क २०. श्रीओम श्रेष्ठ रोदन (संस्मरण) |
| अङ्क २१. रामप्रसाद पन्त (स्वदेशयात्रा) | अङ्क २२. मञ्जुल (विदेशयात्रा) |
| अङ्क २३. नारायण निरासी (छन्दकविता) | अङ्क २४. शशी थापा'पण्डित'(संस्कृति) |
| अङ्क २५. किशोर पहाडी (लघुकथा) | अङ्क २६. ललिता दोषी (एकाङ्की) |
| अङ्क २७. गीताकेशरी (लघुउपन्यास) | अङ्क २८. राधेश्याम लेकाली (गद्यकविता) |
| अङ्क २९. चन्द्रकान्त आचार्य (राष्ट्रियव्यक्तित्व) | अङ्क ३०. देवी नेपाल (छन्दकविता) |
| अङ्क ३१. अमरकुमार प्रधान (राष्ट्रियव्यक्तित्व) | अङ्क ३२. दिव्य गिरी (मुक्तक) |
| अङ्क ३३. सुषमा मानन्धर (कथा) | अङ्क ३४. बूँद राना (गजल) |
| अङ्क ३५. प्रा.राजेन्द्र सुवेदी (समीक्षा) | अङ्क ३६. नरेन्द्र पराशर (छन्दकविता) |
| अङ्क ३७. मेनुका पौडेल (निबन्ध) | अङ्क ३८. कृष्ण बजगाई (कथा) |
| अङ्क ३९. धीरकुमार श्रेष्ठ (गद्यकविता) | अङ्क ४०. रामकाजी कोने (मुक्तक) |
| अङ्क ४१. प्रा.डा कृष्णप्रसाद दाहाल (समीक्षा) | अङ्क ४२. मुकुन्द शर्मा चालिसे (छन्दकविता) |
| अङ्क ४३. रोचक घिमिरे (संस्मरण) | अङ्क ४४. डा. विश्वदीप अधिकारी (निबन्ध) |
| अङ्क ४५. घनश्याम राजकर्णिकार (संस्मरण) | अङ्क ४६. खिमानन्द पोखरेल (गजल) |
| अङ्क ४७. मञ्जु काँचुली (लघुकथा) | अङ्क ४८. त्रिलोचन आचार्य (छन्दकविता) |
| अङ्क ४९. इन्द्रकुमार श्रेष्ठ सरित् (कथा) | अङ्क ५०. डा.लेखप्रसाद निरौला (समालोचना) |
| अङ्क ५१. भास्कर भण्डारी (निबन्ध) | अङ्क ५२. वासुदेव अधिकारी (गद्यकविता) |
| अङ्क ५३. वासुदेव पाण्डे (गजल) | अङ्क ५४. प्रभा भट्टराई (छन्दकविता) |

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**

web : http://nepalipublisher. com/

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail. com
मा पठाउन सक्नुहुनेछ।



# शहीदको सम्झना

**अरुणबहादुर खत्री 'नदी'**

विभिन्न समयमा देश र जनताका लागि आफ्नो ज्यानको आहुति दिने व्यक्तिलाई हामी शहीद भन्ने गर्दछौं । शहीद शब्द आफैमा अपरिमेय र स्वार्थत्यागको भावनाको सर्वोत्तम विन्दु हो । शहीदको परिभाषा सबैका लागि सर्वप्रिय र सर्वमान्य रूपमा गरिएको हुनुपर्दछ। जो कोही पनि आस्थाको आधारमा शहीद भएको हो वा आकस्मिक रूपले मारिएकोमा शहीद बनाइएको हो वा शहीद भनेर घोषणा गरिएको हो । यसलाई सत्यतथ्यको आधारमा सार्वजनिक गरिनुपर्दछ । शहीद भनेको कसैलाई मार्न खोज्ने प्राणी होइन परन्तु आस्था र विश्वासको निम्ति स्वयंले मृत्युवरण गर्न चाहेको मानिस हो । यस्ता व्यक्तिहरू लाखौंमा एक पाउन पनि हामीलाई कठिनाइ पर्दछ। शहीद भनेको साझा हो र उसको आस्था विचार र कार्यको आधारमा अमर शहीदहरूको सम्मान राष्ट्रले गर्नु अति जरुरी देखिन्छ । जहाँ आफूलाई बिर्सिएर अरू अर्थात् अन्याय र अत्याचारको विरुद्धमा तथा न्याय र सत्यको पक्षमा वकालत, सङ्घर्ष गर्दागर्दै जीवन त्याग गर्न हाँसी-हाँसी फाँसीको डोरी घाँटीमा लगाउन रत्तिभर पनि नडराउने सपुत कालकुट विष पिएर भए पनि अन्यायको विरुद्ध न्याय र स्वतन्त्रताका लागि जीवन उत्सर्ग गर्ने सच्चा शहीद हुन्। तिनै शहीद स्वयम् आफू बलि चढेर आफ्नो रगत बगाउन पछि नपर्ने त्यागी, विद्रोही, सङ्घर्षप्रेमी र पौराणिक शब्दमा भन्ने हो भने धर्मात्मा व्यक्तिको पहिचान लिएर न्याय र स्वतन्त्रताका प्रतिमूर्तिका रूपमा उभिएका हुन्छन् । राष्ट्रको शहीद भनेको त्यो सपुत हो, जसले देश हितको खातिर वा सही आस्था र विश्वासको निमित्त सङ्घर्ष गर्दा सत्ताद्वारा कुनै प्रकारले मारिएको व्यक्ति हुनुपर्दछ। शहीद शब्दको उत्पत्ति, प्रयोग, अर्थ, परिभाषा र आदर्शका बारेमा सूक्ष्म र व्यापक विचार, अन्तरक्रिया एवं अध्ययन अन्वेषण हुनु अत्यन्त जरूरी छ। शहीदका बारेमा यथेष्ट र स्पष्ट परिभाषा, अवधारणा र मजबुत दृष्टिकोण आउन नसकेको वर्तमान अवस्थामा जसले जसरी परिभाषित गरे पनि अमर शहीद र शहीदका परिवारका सदस्यहरूको सम्मान राष्ट्रले गर्न नसक्नु कस्तो विडम्बना हो, त्यसैले यस कालखण्डमा कहिले हुने शहीदको सम्मान र पहिचान ?

नेपालका प्रथम शहीदका रूपमा लखन थापाको नाम लिइन्छ। नेपालको इतिहासको समग्र अध्ययन गर्ने हो भने दुईवटा लखन थापा भेटिन्छन्। लखन थापा प्रथम गोरखाका राजा राम शाहकी रानी मनकामना देवीकी अवतार मानिने

मनकामना देवीका अनुचर पुरुषार्थी लखनलाई लिइन्छ। लखन थापा द्वितीयको जन्म पनि वि.सं. १८९१ मा गोरखामा नै भएको भनिन्छ। लामो समयसम्म सैनिक जीवन बिताएका यिनले आफूलाई लखन थापा प्रथमका पुनर्जन्म भएको भन्दै अधिनायकवादका अग्रज जङ्गबहादुरलाई मार्न मनकामना भगवतीबाट वरदान पाएको छु भन्दै केही अनुयायीहरू बटुली खुकुरी, भाला, बञ्चरो आदि शस्त्रले सुसज्जित भई पल्टन खडा गरी जङ्गबहादुर विरुद्ध विद्रोह गरेका थिए। यिनको विद्रोह दमन गर्न राणा शासकहरूलाई निकै ठूलो कसरत गर्नुपरेको थियो। अन्ततः उनलाई पक्राउ गरी हातहतियार कब्जामा लिई उनीसहित ६ जना अरूलाई मनकामना मन्दिर अगाडि फाँसी दिइयो। उनले खुसीसाथ फाँसीको डोरी आफ्नो घाटीमा राख्दै जङ्गबहादुर मेरो लाससाथ सती जानेछ भनेका र संयोगवश पत्थरघट्टामा जङ्गबहादुरको मृत्यु पनि सोही दिन भएको रोचक तथ्यसमेत इतिहासमा पाइन्छ। यसरी वास्तवमा जहानियाँ राणाशासन विरुद्ध जनताको हक⁄अधिकार र न्याय प्राप्तिको लागि जनस्तरबाट सशक्त विद्रोह गरेकाले लखन थापालाई प्रथम शहीद मान्नुपर्ने हुन्छ।

वि.सं. १९९७ का नेपालका चार शहीदहरू शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ र दशरथ चन्द हुन्। वि.सं. १९९७ माघ १० गते मध्यरातमा काठमाडौंको टेकु पचलीमा खरीको बोटमा झुन्ड्याई मृत्युदण्ड दिइएको थियो वीर शहीद शुक्रराज शास्त्रीलाई। समाजसेवी माधवराज जोशीका योग्य पुत्रको रूपमा वि.सं. १९५० मा शुक्रराज शास्त्रीको जन्म भएको थियो। वि.सं. १९६५ मा जन्मेका धर्मभक्त माथेमा पितासँगै प्रवासमा रहँदा व्यायाम र शारीरिक सुसङ्गठनको शिक्षा लिई बङ्गाल च्याम्पियन बन्ने गौरव पाएका थिए। त्यस्तै वि.सं. १९९७ माघ १२ मध्यरातमा धर्मभक्तलाई सिफलमा झुरूङ्याइएर मृत्यु दण्ड दिइएको थियो। चार शहीदहरूमध्ये मृत्युदण्ड पाउनेमा धर्मभक्त माथेमा दोस्रा व्यक्ति थिए। वि.सं. १९७५ मा रामेछाप जिल्लामा जन्मेका गङ्गालाललाई वि.सं. १९९७ माघ १४ गते मध्यरातमा शोभाभगवतीको विष्णुमती र भाचाकुसीको दोभानमा रहेको एक बोटमा दशरथ चन्दसंगै बाँधेर गोली हानेर मृत्युदण्ड दिइएको थियो। चार शहीदहरूमध्ये मृत्युदण्ड पाउनेमा गङ्गालाल तेस्रा र सबैभन्दा कम उमेरका व्यक्ति थिए। चौथो शहीदमा दशरथ चन्द पर्दछन्। वि.सं. १९६० सालमा सुदूरपश्चिमको बैतडी जिल्लामा जन्मिएका दशरथ चन्दले गोप्य रूपमा क्रान्तिकारी विद्यार्थीहरूलाई सङ्घर्ष गर्न उत्प्रेरित गर्ने गरेको आरोप थियो। गङ्गालालसँगै दशरथ चन्दलाई पक्राउ गरियो र उनी विरुद्ध राजद्रोहको आरोप लगाई विष्णुमती र भाचाकुसीको दोभान शोभाभगवतीमा गङ्गालालसँगै एउटा रूखमा बाँधेर मध्यरातमा गोली ठोकेर मृत्युदण्ड दिइएको थियो। उनीले गङ्गालालभन्दा पछि आफूलाई मार्न चुनौती दिएका थिए। कलिलो उमेरका



गङ्गालाल डराउलान् भनेर आफूको भयलाई समेत जितेर पछाडि मार्न तयार भएका घटनाले उनको मनको स्थिरता र सशक्तताको उदाहरणको रूपमा लिइन्छ।

आज देशमा शहीदहरूको उचित सम्मान हुन नसकिरहेको अवस्था छ। शहीद घोषणा गर्ने क्रममा पनि विचलन देखिन्छ। वास्तविक योगदान गर्ने शहीदहरूको अपमान हुने गरी शहीद घोषणा गरेको पाइन्छ। यस क्रममा संवत् १९९७ को काण्डमा मारिएका शहीदका नाम लिँदा मात्र पनि एकातिर आङ सिरिङग हुन्छ भने अर्कोतर्फ गौरवशाली उत्साह प्राप्त भइरहन्छ, तर देश र जनताको निमित्त प्राणको आहुति दिने तिनै वीर सपुतहरूले देखाएको बाटोमा नेपाली जनताले आत्मविश्वासका साथ सुख र सन्तोषको अनुभूति गर्न नपाउनु शहीदले गरेको योगदानको वीर अपमान हो। देश र जनताको स्वाभिमान तथा प्रजातन्त्रका निम्ति अहिले पनि प्रेरणाका स्रोत मानिने सपुत लखन थापा र उहाँका कर्मठ सहयोगीहरू मारिएको पनि आज १३९ वर्ष भइसकेको छ। यसबीच राज्यशक्तिमा धेरै परिवर्तन भए।

नेपालको प्रजातान्त्रिक जनसङ्घर्षमा नेपाली माटो धेरै अमर शहीदहरूका रगत पसिनाले भिजेको छ र त्यसैले वन्दनीय पनि छ। नेपालले इतिहासमा कहिले पनि स्वतन्त्रताको लागि लडाइ लड्न परेन किनकि पराधीन राष्ट्र बनेर नेपालले कहिले पनि कसैको पनि उपनिवेश भएर समय बिताउन परेन। देशका रक्षाका लागि हजारौं शहीदहरूले आफ्नो ज्यानको बलिदान दिएकाले हामीले गर्वका साथ जिउन पाएको यथार्थ कसैबाट छिपेको छैन। ती ज्ञात-अज्ञात शहीदहरूलाई सदैव प्रणाम छ। हामीले नाम लिने गरेका हाम्रा शहीदहरू सबै प्रजातन्त्र प्राप्तिका लागि र जनताका अधिकारका लागि बलिदान दिने शहीदहरू नै हुन्। यसै क्रममा वि.सं. १९९३ को कालखण्डामा मृत्युवरण गर्ने मात्र नभई जिउँदा शहीदहरू पनि थिए। यसको पङ्क्तिमा टङ्कप्रसाद आचार्य पनि पर्दछन्। उनी प्रजातन्त्र प्राप्ति भएपछि वि.सं. २०१३ मा नेपालका प्रधानमन्त्रीसमेत भएका थिए। उनैको संलग्नतामा प्रजापरिषद् नामक सङ्गठनको स्थापना भएको थियो। जसमा शहीद दशरथ चन्द उपसभापतिसमेत रहेका थिए। सो संस्थाको नाम १९९७ को शहीदपर्वको जग बसाउने संस्थाको रूपमा लिइन्छ। यस कालखण्डमा राजा राजा त्रिभुवनको योगदानको प्रशंसा नगरी रहन सकिन्न। प्रजापरिषद्का ५०० जनाजति सदस्यहरू समातिए पनि तत्कालीन व्यवस्थाको खिलापमा लागेको भन्दै अन्यहरूलाई जन्मकैद साथै सर्वस्वहरणको सजाय दिइएको थियो भने उपरोक्त चारजनालाई मृत्युदण्ड दिइएको इतिहास अझै ताजै छ। नेपाल प्रजापरिषद्को नेतृत्वमा आन्दोलन गरेको भन्ने आधारमा राज्यद्वारा मारिएकाहरूलाई शहीदको रूपमा स्वीकार गर्न कुनै विवाद छैन। यी

शहीद सबैका लागि सर्वमान्य, प्रेरक र सर्वप्रिय छन् ।

नेपालमा पहिलो तथा दोस्रो जनआन्दोलनले पनि शहीदहरू जन्माएको छ । जनतालाई अधिकार सम्पन्न बनाउनमा यी शहीदहरूले दिएको बलिदान हामी कदापि बिर्सन सक्दैनौं । यिनैको योगदानको फलस्वरूप सशस्त्र द्वन्द्वको अन्त्य भई वातावरणको सृजना गरी टुङ्गोमा पुग्यो । यस परिवर्तनले सातदलको प्रतिनिधित्व गर्दै २०६३ वैशाख १४ गते नेपालको प्रधानमन्त्रीमा गिरिजाप्रसाद कोइरालाको नियुक्ति भयो । वैशाख १५ गते सिंहदरबारमा प्रतिनिधिसभाको बैठक बसी यस लोकतान्त्रिक जनआन्दोलनको क्रममा सहादत प्राप्त गर्ने २५ जना व्यक्तिलाई शहीद घोषणा गरियो तर पछि गएर यो सङ्ख्या यसरी बढदै गयो कि जसले गर्दा शहीदको सङ्ख्या कति भने किटेर भन्न नसकिने अवस्था आएको छ । शहीदको सम्मानको लागि यस विषयप्रति हामी सबै संवेदनशील हुनै पर्ने अवस्था आएको छ । यसै कारणले पनि वास्तविक आन्दोलनमा सहादतप्राप्त गरेका शहीदपरिवारहरूलाई सरकारले राहत यथेष्ट मात्रामा दिन कठिनाइ परिरहेको छ । शहीदका परिवारहरूलाई आवश्यक रोजगारी लगायत सहयोग प्रभावकारी हुन जरूरी छ । यसको साथै छोराछोरीलाई गुणस्तरीय शिक्षाको निःशुल्क व्यवस्था पनि अपरिहार्य विषयको रूपमा देखा परेको छ । वि.सं. २०६३ सालको जनआन्दोलनपछि नेपालको पहिचान, राष्ट्रिय एकता दिवस नमनाउने, देशभक्तहरूका शालिक भत्काउने आदि अशोभनीय कार्यहरू गरिएकाले माओवादी नेताहरू विवादग्रस्त भए । चार अमर शहीदसँगै शहीदगेटमा राखिएका शहीदहरूका सहयोद्धा राजा त्रिभुवनको ऐतिहासिक शालिक हटाउने निर्णयसमेत गरियो तर २०७० सालको संविधानसभामा २०४७ सालको संविधानका निर्माता कांग्रेस र एमाले लगायत धेरै पार्टीले राष्ट्रिय पोशाक लगाउन अनिवार्य गराएर नेपालको राष्ट्रिय पहिचानको बिँडो थामेका छन् । अब अमर शहीदको बलिदान आत्मासात गरेर अमर शहीदहरूप्रति स-सम्मान श्रद्धाञ्जलि अर्पण गर्दै उहाँहरूको सपना साकार गर्नु आज अति आवश्यक छ ।

आफू जन्मेको देश निर्माणको लागि ज्यान फाल्न तयार हुन्छन् यिनै वीर शहीद । विभिन्न समय काखलण्डमा देशको लागि बलिदान गर्ने ज्ञात-अज्ञात शहीदहरूको सम्झनामा हरेक वर्ष माघ १६ गतेका दिन शहीददिवस मनाइने गरिन्छ । यस दिन सार्वजनिक बिदाको व्यवस्था पनि गरिएको छ । काठमाडौंको शहीदगेट र शहीदस्मारकमा सो दिन फूल अर्पण गरेर उनीहरूको सम्मान पनि गरिन्छ । भव्य होटलहरूमा दुई शब्द खर्च पनि गरिन्छ, तर उनीहरूले देखाएको बाटोमा के साँच्चिकै हिंडेका छौं त ! एकपटक भएर गम्भीर भएर सोच्नुपर्ने बेला आएको छ । चाहन्छन् - यहाँ सबैले, सबैको त्यो हित विचार त्यही लिएर यहाँ शहीद भएका छन् नेपाली । शहीद भएर खोल्नेछन् चारैतिर



स्वर्गको ढोका हो थन्केर जालान् हाम्रो देश मेरो भरिया डोका हो ।

आफूलाई रित्याएर शहीदले प्रजातन्त्रको बाटो देखाए, हामीलाई पाठ सिकाए । स्वाभिमानका लागि र जनताका लागि शहीद मरेर गए । के उनीहरूको आत्माले शान्ति पाएको होला त ! हामी देश प्रेमी नेपाली गम्भीर भएर सोच्नै पर्दछ । शहीदको सम्झनामा हामीले दियो बालेर शहीदको योगदानलाई जगेर्ना गर्नै पर्दछ । यी शहीद पहिचानका देशका सपुतहरूको सपना साकार पार्नै पर्दछ । शहीदको नाममा अस्पताल, क्याम्पस, विद्यालय पनि ठाउँ-ठाउँमा खोलिएका छन् । जसले शहीदको कदर गरेको देखिन्छ । यस अवधीमा गरिने गरिएका कुरा र भाषण औपचारिकतामा मात्र सीमित रहनुभन्दा अब देशको मुहार फेर्नुपर्ने कार्यमा निःस्वार्थ रूपमा लाग्नुपर्ने बेला आएको छ । तरूमात्र शहीदलाई हामी सबैले महान् व्यक्ति ठानेर श्रद्धाञ्जलि अर्पण गरेको सार्थरू ठहर्न सक्दछ ।

सामाखुसी मार्ग, काठमाडौं ।

ä ã


## साहित्य संवर्द्धन केन्द्र, नेपाल

**१ 'वसन्त-राधा पद्यकाव्य पुरस्कार'बाट सम्मानित**

१. २०६८ डिल्लीरमण शर्मा अर्ज्याल
२. २०६९ पुरुषोत्तम सिग्देल तथा गोविन्दराज विनोदी
३. २०७० बुनू लामिछाने
४. २०७१ भुवनहरि सिग्देल
५. २०७२ लक्ष्मीकुमार कोइराला
६. २०७३ बाजुराम पौडेल तथा गणेश घिमिरे मार्मिक
७. २०७४ मोदनाथ शास्त्री तथा नरेन्द्र पराशर
८. २०७५ गोविन्द घिमिरे वेदमणि तथा नीलमकुमार न्यौपाने
९. २०७७ डा.रामप्रसाद ज्ञवाली
१०. २०७८ शैलेन्दुप्रकाश नेपाल

**२ 'हेमकुमारी-दिवाकर समाजसेवा सम्मान'बाट सम्मानित**

१. २०६८ प्रणवानन्द आश्रम, गुह्येश्वरी, काठमाडौं
२. २०६९ चिसाखोला आश्रम, पोखरा
३. २०७० भागवत् सन्न्यास आश्रम, पशुपति, काठमाडौं
४. २०७१ पवित्र समाज सेवा नेपाल, धापासी, काठमाडौं
५. २०७२ त्रिफला राष्ट्रिय पुस्तकालय, झापा
६. २०७३ संस्कृत विद्या संवर्द्धिनी समिति, धरान
७. २०७४ हाम्रो बाल संरक्षण धरोहर, धापासी, काठमाडौं
८. २०७५ द ओरफान होम, बाजुरा
९. २०७७ नेपाली शिक्षा परिषद्, सोह्रखुट्टे, काठमाडौं
१०. २०७८ ज्येष्ठ नागरिक संरक्षण तथा अध्ययन प्रतिष्ठान, नुवाकोट ã

# निद्रा-दुई रात तीन दिन

**आत्माराम खरेल**

वि.सं. २०३८ सालको कुरो हो । टोकियो शहरमा थिएँ । त्यहाँ हर सक्रिय मानिसको जीवन व्यस्त दैनिकीबाट गुज्रिरहेको हुन्छ । जीवनमा कुनै-कुनै कालखण्ड त अति व्यस्त दैनिकीबाट गुज्रनुपर्ने अवस्था पनि आउँछ । त्यतिखेर म पनि हर रोज अति व्यस्त दैनिकीबाट गुज्रिरहेको हुन्थेँ । रेलको सिटमा बसेको आधा मिनेट नहुँदै निदाइहाल्थेँ । त्यसरी निदाएको केही बेरमै उठ्न सकिन्नथ्यो, यसर्थ सिट पाए पनि बस्दिनथेँ, बरु माथितिर झुन्डिएका ह्यान्डल समाएर उभिइरहन्थेँ ।

मेरो नाडी घडीमा एफ्.एम रेडियो बज्थ्यो । त्यसमा इयर फोन लगाउन मिल्थ्यो । घन्टी पनि लगाउन मिल्थ्यो । रेलमा उभिरहँदा इयर फोन लगाउँथेँ । आँखा चिम्लिरहन्थेँ, मनमनै ब्यूँझिरहन्थेँ । आफू ओर्लनुपर्ने स्टेशन आइपुग्न लाग्दा नाडी घडीको घन्टी बज्थ्यो । अर्द्धनिद्रामा रहेको म झसङ्ग हुन्थेँ । म झस्केको देखेर छेउछाउका मानिस छक्क पर्दै मलाई हेर्थे तर म शान्त प्रकृतिमा हुन्थेँ । म ओर्लनुपर्ने रेल्वे स्टेशन आइपुग्छ । रेल रोकिन्छ । ढोका खुल्छ । निस्कन्छु । तलतिर ओर्लन्छु । अर्को प्लेटफर्ममा उक्लन्छु र अर्को रेल चढ्छु । जब म रेलबाट ओर्लन्थेँ तब 'आफू कुन रेल्वे स्टेशनमा छु ? अब कुन रेल चढ्दै छु ? र कतातिर जाँदै छु ?' भन्नेबारे मलाई केही पत्तो हुँदैनथ्यो तर पनि अचम्मको कुरो त जुन रेल्वे स्टेशनमा ओर्लनुपर्ने हो त्यहाँ ओर्लिएको हुन्थेँ । त्यसपछि जुन प्लेटफर्मतर्फ उक्लिनुपर्ने हो, त्यसतर्फ उक्लिएको हुन्थेँ र चढ्नुपर्ने रेल पनि चढेको हुन्थेँ । मानौं निद्राको भुमरीमा रहँदा पनि मस्तिष्क भने सही हिसाबमा सक्रिय भइरहेको हुन्थ्यो । तन पनि तदारुकताका साथ सञ्चालन भइरहेको हुन्थ्यो ।

अति विकसित सात ठूला राष्ट्रहरूको समूहमा रहेको छ- जापान । त्यहाँका हर शहरी क्षेत्रमा हर व्यक्तिका दैनिकी व्यस्तताका साथ गुज्रिरहेका हुन्छन् । ती व्यस्त मानव दैनिकी एउटा भेन्डर मेशिनजस्ता भइरहेका हुन्छन् । भेन्डर मेशिनमा मानिसले पैसा हाल्नु र भेन्डर मेशिनले मानिसलाई सामान दिनुबाहेक मेशिन र मानिसबीच अरू सम्बन्ध छैन । रेल्वे टिकट खरिदका लागि मेरो पछाडि अरू पनि लाम लागेका हुन्थे । लाम निकै लामो हुन्थ्यो । मैले चढ्नुपर्ने रेल माथि प्लेटफर्ममा आइपुग्नै लागेको हुन्छ । लाममा लागेका र टिकट बिक्री र जाँचकक्ष लगायतका सबैजना आ-आफ्नै ध्याउन्नमा हुन्छौं ।



अर्कातिर अधिकांश यात्रामा रेल पास देखाउने गर्छु । जाँचकीले हेर्ने गर्छन् । टिकट देखाउनु र हेर्नुमा सीमित हुन्छन् व्यस्तताभित्रका सम्बन्धहरू । टिकट देखाउँदा र हेर्दा न हाँस्ने फुर्सद छ, न जवाफ दिने फुर्सद छ, बरु मानिस र मानिसबीचकै सम्बन्ध पनि एउटा भेन्डर मेशिनजस्तो छ । व्यस्त दैनिकीको यो परिस्थिति एकदमै स्वाभाविकजस्तो छ ।

बिहान पार्ट टाइम जागिर भएको कफीशपमा केही बेर बेतलबी फुर्सद पाउँदा अर्को कफीशपमा जान्थेँ । त्यहाँ जानुको कारण कफी खानुभन्दा पनि आँखा चिम्लिएर केही निद्रा मार्नुहुन्थ्यो । त्यसका लागि कफी अर्डर गर्थेँ र वेटरलाई ठीक ३० मिनेटमा उठाइदिन अनुरोध गर्थेँ । उसले उठाइ पनि दिन्थ्यो । कहिलेकाहीँ त 'कति मीठो निद्रामा थिएँ, किन उठाइदिएको होला'जस्तो पनि लाग्थ्यो । निद्रालु र सेवकबीचको नजानिँदो पाराको एक विरोधाभास परिस्थिति मभित्र अनायासै सिर्जना हुन्थ्यो । त्यो एउटा मानवीय स्वभाव थियो ।

एकातिर बेफुर्सदीका कारण मेरा धुनुपर्ने कपडाहरू थुप्रिन थाल्थ्यो । क्वाइन लन्ड्री सेन्टरमा जाऊ-आऊमा समेत समय निकै खर्च हुन्थ्यो । मेशिनले कपडा धुन पूरा ३५ मिनेट लगाउँथ्यो । ड्रायर मेशिनले कपडा सुकाउन त ४५ मिनेट लगाउँथ्यो । मेशिनबाट कपडा उठाएर लैजाउ र पट्याएर थान्को लगाउनमा पनि समय निकै खर्च हुन्थ्यो । खासगरी बिहान लगाएको कमिज, गन्जी, अन्डर पेन्ट र मोजा त साँझसम्ममा मैलिन्थ्यो । धुनमा लाग्ने खर्च र समय तथा अपुग निद्राको ख्याल पनि गरिन्थ्यो । मैला कपडा धोइरहनुभन्दा नयाँ कपडा किन्नु नै बेश देखिन्थ्यो अनि त नयाँनयाँ कपडा किनिन्थ्यो । क्वाइन लन्ड्रीमा भने महिनामा मुस्किलले एकपटक मात्र गइन्थ्यो । परिणतिमा नुहाइ-धुवाइ र सरसफाइका अधिकांश प्रसङ्गहरू साविकको भन्दा फरक भई व्यस्तताभित्र गुम्सिइरहन्थ्यो । यो क्रम करिब साढे चार महिना चलिरह्यो ।

अर्कातिर ती साढे चार महिने व्यस्त जीवनमा पनि साविकमा झैँ टेबुल घडीमा घन्टी सेट गरेर सुत्थेँ तर घन्टी बजेको थाहै पाउँदिनथेँ । उठ्दा २०-२५ मिनेट ढिलो भइसकेको हुन्थ्यो, अनि सोच्थेँ- 'अलार्म बटन अन गर्न पो बिर्सिएछ कि ?' तर जे जसो भए पनि म जऱ्याकजुरूक उठिहाल्थेँ र छिटोछरितो शैलीमा आफ्ना नित्यकर्म भ्याई काममा दौडिहाल्थेँ । यस्तो घटना पटक-पटक दोहोरिइरहन्थे ।

एक दिन घडीको शिरमा थ्याच्च परेको, अन/अफ गर्ने बटनमाथि डड्पेन राखेँ । टेबुल घडीछेउ एउटा खाली कागत पनि राखेँ, ता कि बज्न थालेको घन्टी बन्द गर्न खोज्दा डडपेनमा औंला पुग्नेछ र उक्त डडपेनले खाली कागतमा 'अलार्म वटन आफूले अफ गरेको' भनी लेख्नेछु । मैले त्यसै गरेँ तर त्यसो गर्दा पनि उठ्न ढिलो भइसक्दा एकदमै अचम्मित हुन्थेँ र घन्टी बज्ने त्यो

टेबुल घडी एकछिन ट्वाँ परेर हेरिरहन्थें । पछिपछि त त्यो टेबुल घडी हेर्न पनि निकै सङ्कोच लाग्थ्यो किनकि म त्यो घडी जति हेरिरहन्थें, त्यति नै त्यो घडीले जिस्क्याइरहेको ठान्थें अनि त कसो कसो घडीसित लाज पनि मान्थें ।

टेबुल घडीमा ट्वाँ परेर हेरिरहँदाकै कुरो हो- घडीछेउको कागत हेर्छु । त्यसमा लेखिएको छ - 'घन्टी बजेपछि उठें र बटन अफ गरें ।' यो वाक्य मेरै हस्ताक्षरमा लेखिएको थियो । सो वाक्यमुनि सही पनि गरिएको थियो । उक्त सही पनि म आफैले गरेको हो । अब मैले आफैलाई गर्ने अर्को प्रश्न नै थिएन, अनि त आफूदेखि नाजवाफ हुन्थें र फिस्स हाँस्थें तैपनि यो मनले चित्त बुझाउन गाह्रो मानिरहन्थ्यो । कारण घन्टीको आवाजले ब्यूँझेको, घन्टी बटन अफ गरेको, सोबारे कागतमा लेखेर सहीसमेत गरेको मध्ये कुनै एउटैको पनि सम्झना एक रत्ति हुँदैनथ्यो । यसरी घन्टी सेट गर्ने, कागत र डडपेन पनि त्यसैगरी राख्ने क्रम पटक-पटक भइरहे तर पनि घन्टी बजेर उठेको बारे विस्मृति भइरह्यो । म मनमनै डराएँ र गम खाएँ- 'निद्रा नपुगेकै कारण मेरो मस्तिष्क स्वास्थ्य नै गडबड (अल्जाइमर्स) हुने त होइन !'

अर्को एक दिनको कुरो हो- कामबाट एकघन्टा छिटो फर्कन पाएँ । त्यो एकघन्टाको समय मैले कपडा धुन छुट्याएँ । क्वाइन लन्ड्री जाँदा धुनुपर्ने कपडा अलिकता मात्र बोकेर गएँ । पुग्दा देखें- कपडा धुने केही मेशिनहरू खाली नै थिए । अलिअलि मात्र कपडा हालेर तीनवटा मेशिन ओगटें । कोठामा गएर बाँकी सबै कपडा ल्याएँ । मेशिनमा कपडा हाल्दै गएँ । कपडा गन्दै पनि गएँ- पाइन्ट सातवटा, पकेट रूमाल एघारवटा, कमिज सोह्रवटा, गन्जी अठारवटा, मोजा बीसजोर, अन्डरपेन्ट एक्काइसवटा थिए अनि बाथ टावल तीनवटा, मिनिटावल चारवटा, तन्ना र सिरानीका खोल पाँच-पाँचवटा पनि थिए । यसरी त्यहाँका तीनवटा मेशिन मेरै कपडाले टनाटन भरिएका थिए ।

धुनुपर्ने कपडाका रास देखेर कोठामै छक्क परेको थिएँ । यहाँ गन्ती गरिएका ती कपडाका सङ्ख्याले त झनै छक्क परेको थिएँ । यसरी छक्क परेको घटना पहिलो भने होइन । कपडाको सङ्ख्या, कपडा खरिद र व्यस्तताबारे पटक-पटक नसोचेको पनि होइन । आफ्ना गतिविधिलाई एकदमै अस्वाभाविक ठानेको पनि होइन । कारण मेरो अस्तव्यस्त दैनिकीको समय र निद्रालाई जागिर र आम्दानीले मध्यस्थता गर्थ्यो । फलतः मेरो दैनिकी गतिशील भइरहन्थ्यो । अघि मेशिनमा हालिएका कपडा धुने काम ३५ मिनेटपश्चात् सकियो । ती कपडा सुकाउन ड्रायर मेशिनमा हालियो । फेरि करिब चालिस मिनेट खर्चियो । कपडा सुकाउने काम पनि सकियो । ती कपडा दुईपटक गरेर कोठामा ल्याइयो । तिनलाई फटाफट पट्याएर मिलाएर राख्न अर्को आधा घन्टा वेशी समय लाग्यो । अन्ततः करिब सवा दुई घन्टामा सबै काम सकिँदा ठूलै पहाड बिसाए झैं भयो । एकातिर मनले भनिरहेथ्यो- 'त्यो बहुमूल्य सवा दुई घन्टा त सुत्नमा पो खर्चनुपर्थ्यो !' अर्कातिर भोलिपल्ट बिहान पाँच बजे उठेर गत साँझ धोइएका गन्जी, अन्डरवेयर, मोजा तथा कमिज र पाइन्ट लगाउँदाको आनन्द अर्कै थियो । कोठा पनि सुगन्धित भएझैं लागेथ्यो । त्यस्तै, त्यही बिहान थाहा भयो- घन्टी बज्दो रहेछ, म उठ्दो रहेछु, कागतमा लेख्दो रहेछु, सही पनि गर्दो रहेछु अनि अर्को दश मिनेटपछिको घन्टी सेट गरेर फेरि सुत्दो रहेछु, तर घन्टी जतिसुकै बजे पनि दशौं मिनेटपछि उठ्न त कहाँ सकिन्थ्यो र ? बरु पुनः सुत्नुअघिका घटनासमेत विस्मृत हुँदो रहेछ !



शहरी क्षेत्रका मध्यभागतिर गर्मी (जुलाई/अगस्ट)को याम भन्नु कफीशप, फास्टफुड, रेस्टुरेन्ट तथा बार लगायतका खानपान व्यवसायमा एकदमै सुक्खा लाग्ने याम हो । त्यस याममा कर्मचारीहरूले पालैपालो करिब चार दिन अनिवार्य बिदामा बस्नुपर्ने हुन्छ । त्यो पनि अस्थायी कर्मचारीले त बेतलबी बिदा लिनुपर्ने हुन्छ ! तर मेरा लागि त्यो वर्षको गर्मी बिदा एकदमै आवश्यक थियो । त्यस बिदामा मेरो योजना थियो- पेटभरि सुत्ने, बिदालाई निद्रामय बनाउने, आँखाभरि जमेर बसेका निद्रा निखार्ने । अर्कातिर कार्य व्यस्तताका कारण साथीभाइसितको भेटघाट पनि ठप्पै थिए । कसैसित चार-पाँच महिनादेखि त कसैसित सात-आठ महिनादेखि फोन सम्पर्कसमेत हुन सकेको थिएन तैपनि अबको बिदामा पेटभरि सुत्ने निधो गरियो । स्वास्थ्य रक्षालाई पहिलो प्राथमिकतामा राखियो ।

त्यतिबेला तीन ठाउँमा काम गर्थे, कतै फुल टाइम त कतै पार्ट टाइम । कतै साताको चार दिन त कतै साताको छ दिन । तीमध्ये एकठाउँमा त 'कुनै दिन आवश्यक परे फेरि सघाउनेछु, हाललाई बिदा पाऊँ' भनी दुई साता अगावै अनुरोध गरेको थिएँ । अन्तिम दिन हिजो हरहिसाब पाएको थिएँ । अब बाँकी दुई ठाउँमा भोलिबाट चार/चार दिन गर्मी बिदा पाएको छु । कामबाट फर्कदै गर्दा एउटा सुपरमार्केटभित्र छिरें । केही कप्पु नुडल्स, केही प्याकेट इन्स्ट्यान्ट सुप, अलिकता फलफूल र ब्रेड एण्ड बेकरी किनें, साथै केही कोक, फेन्टा, स्प्राइट र क्यान जुस पनि किनें । यति गर्दा साँझ साढे छ बजिसकेको थियो । शपिङका कारण थप थकित थिएँ । कोठामा पुग्नासाथ डङ्ग्रङ्ग पल्टिहाल्ने इच्छा भए पनि 'जिउ थकित हुँदा पल्टेपछि निकैबेरसम्म उठ्न गाह्रो हुन्छ बरु उठेको उठ्यैमा नुहाउन हिँडीहाल' भन्दै यो मनले विस्तार-विस्तार सार्वजनिक स्नानगृहतिर डोऱ्याउँदै लग्यो । ओफुरो (तातोपानी) मा पसें र करिब १५ मिनेट रहें । त्यसपछि नुहाएर, पानीको फोहोरामा जिउ पखालेर निस्कँदा करिब चालिस मिनेट त बितिसकेको थियो । रेस्टुरेन्टमा खाना खाई सिधै कोठामा आउँदा करिब साढे आठ बजिसकेको थियो । टेबुल घडीमा बिहान छ बजेको घन्टी सेट गरी निद्रादेवीको काखमा हत्तपत्त पल्टिएँ ।

ट्रिङ्ट्रिङ् ...ट्रिङ्ट्रिङ् ... ।

बिहान छ बजेको घन्टी बज्यो । एक मनले त भन्यो,- 'बिदा छँदै थियो किन घन्टी सेट गरें हुँला ?' अर्को मनले भन्यो- 'निद्राको नाउँमा बिहानी नित्यकर्मलाई निरन्तरता दिनु पनि थियो !' करिब दुई मिनेटपछि हत्तपत्त उठें । ग्यासचुल्होका दुवै मुखमा एक एकवटा भाँडा बसालें । एउटामा पानी मात्र र अर्कोमा पानी र अण्डासमेत हालें । शौचालय गएर आउँदा एउटामा पानी उम्लिरहेको थियो । अर्कोमा अण्डा उसिनिँदै थियो । कप नुडल्समा तातो पानी हालेर छोपें । दाँत ब्रस गरें । मुख धोएँ । कप नुडल्स र उसिनेको अण्डा खाएँ । धारामा गएर मुख कुलकुल गरेर आई ११:०० बजेको घन्टी सेट गरेर पुनः सुतिहालें ।

ट्रिङ्ट्रिङ् ... ट्रिङ्ट्रिङ् ...।

बिहानको ११:०० बजेछ । हत्तपत्त उठियो । पानी बसालियो । रोल केक र बटर ब्रेड दुई-दुई पिस, सुन्तला र केरा एक एकवटा टेबुलमाथि राखियो । एक कप तातो पानीमा सानो एक प्याकेट घूलो सूप हालियो र घोलियो । मुख कुलकुल गरेर आइयो र छोटो समयमै खानपान गरी भ्याइयो । साँझ चार बजेको घन्टी सेट गरेर पुनः सुतियो ।

सुताइ गजबको थियो- साविकमा झैँ पल्टेको एक मिनेट नहुँदै निदाउँथें र घन्टीले मात्र ब्युँझन्थें । यसैगरी ब्युँझें साँझ चार बजे । बेकरी र कफी खाएँ । एउटा स्याउ पनि भ्याएँ । चीसो कफी पिएर साँझ आठ बजेको घन्टी सेट गरी पुनः पल्टिएँ । तुरुन्तै निदाएँ । सुत्नु मेरो लागि एकदमै महत्त्वपूर्ण थियो किनकि यसपालीको चारदिने बिदा पूरै सुतान अभियानको थियो !

ट्रिङ्ट्रिङ् ...ट्रिङ्ट्रिङ्... ।

साँझ आठ बजेको घन्टी बज्यो, हत्तपत्त उठें । तयारी चाउचाउ, दुई पिस बेकरी र तयारी सुप खाएँ । लगत्तै दाँत माझें र बिहान छ बजेको घन्टी सेट गरी सुतिहालें । बिहान छ बजे र सोपछि पनि हिजोसरीका गतिविधि दोहोऱ्याएँ । तेस्रो दिन बिहान पहिलो घन्टी बज्दा उठें र अघिल्ला दिनमा झैँ नित्यकर्म भ्याएँ । यसैगरी एघार बजे घन्टी बज्यो । उठें र साविकको कर्म भ्याई साँझ चार बजेको घन्टी सेट गरेर पुनः सुतें । यसरी घन्टीको आवाजले उठिहाल्नु, नित्यकर्म भ्याइहाल्नु र हत्तपत्त सुतिहाल्नु लगायतका कार्यले निरन्तरता पाइरहेका थिए । सो अवधिमा डर एउटै थियो- टेलिफोनको घन्टीले बीचमै उठाइदिने पो हो कि !

अनायासै ब्यूँझन्छु, आफूलाई यसो हेर्छु । झ्याल भएतिरको भित्तातर्फ कोल्टे परेर सुतेको रहेछु । मेरा आँखा झ्यालतिर पुगें । चर्को घाम लागिरहेथ्यो । शीतल हावा सिरसिर चलिरहेथ्यो । त्यसको स्पर्शले आनन्दित भएथें । साथै मनमनै झस्किएथें- ओहो ! यतिबेला त म टेबुल घडीको घन्टीविना नै ब्यूँझिएँछु । करिब सात⁄आठ महिनापछि विनाघन्टी ब्यूँझिएको पनि सम्झिएँछु । त्यतिबेला मेरा आँखा छ्याङ्ङ भएका थिए । आँखामा निँद रत्तिभर थिएन । शरीरमा थकाइ कत्ति पनि थिएन, अनि त सम्झी पनि हालें- 'निद्रा नै सबैभन्दा उत्तम योग हो ।' यो कुरा मनले बिर्सिएको थिएन ।



अब म बिस्तारै उठ्छु, घडी हेर्छु- सवा तीन बजेको छ । घन्टी सेट गरिएको घडीको बटन अफ गर्छु । नुहाइ⁄धुवाइका सामान बोकेर सार्वजनिक स्नानगृहतिर लाग्छु । नुहाएर साँझको सवा चार बजे कोठामा आइपुग्छु । सुन्तला खाएँ, कोक पिएँ र महसुस गरें- एकदमै हल्का भएको मेरो जिउ त उडिहाल्छ कि जस्तो छ । हिजोअस्ति अलिक गाह्रो लाग्ने काम त अब बायाँ हातले सजिलै सकिन्छ जस्तो छ ! आफूमा पलाएका नयाँ आँट, उत्साह र स्फूर्तिका अनुभूतिले यो मन साह्रै खुसी भएको छ ।

अन्ततः दुई रात तीन दिनको निरन्तर सुतानले मेरो निद्रा निखिएको थियो । थकाइ मेटिएको थियो किनकि पछिल्ला केही महिनादेखि हराइरहेकी निद्रादेवी फेला पारेको थिएँ । अन्तमा त्यो गर्मी यामको सदाबहार स्मृतिलाई लिपिबद्ध गरेर तपाईंसामु दोहोऱ्याएको थिएँ ।

ä ã

## साहित्य संवर्द्धन केन्द्र, नेपाल

**३. 'साहित्य संवर्द्धन द्रष्टा सम्मान'बाट सम्मानित**

२०७० प्रा. डा.केशवप्रसाद उपाध्याय ।
२०७१ प्रा. शिवगोपाल रिसाल
२०७२ प्रा. मोहनराज शर्मा
२०७३ प्रा. ठाकुर पराजुली
२०७४ प्रा. दयाराम श्रेष्ठ
२०७५ दधिराज सुवेदी
२०७७ कृष्णहरि बराल
२०७८ डा. घनश्याम न्यौपाने 'परिश्रमी'

**४. 'हरिहर शास्त्री सावित्रीदेवी साहित्य पुरस्कार'-२०४५**

२०७० प्रा.डा. वासुदेव त्रिपाठी
२०७१ प्रा. कृष्ण गौतम
२०७२ कुन्ता शर्मा
२०७३ पुण्य खरेल
२०७४ तारानाथ शर्मा
२०७५ भाउपन्थी
२०७७ नरेन्द्रराज शर्मा
२०७८ प्राडा. चूडामणि बन्धु

ã

# बर्माबाट नेपालसम्मको यात्रा

**इन्द्रकुमार श्रेष्ठ 'सरित्'**

वि.सं. २०२५ सालमा हामी बर्मा (म्यान्मार) बाट नेपाल आउनका लागि बर्माको रंगुन (यंगुन) बाट भारतको कलकत्ता हुँदै नेपाल आइपुग्यौं । नेपाल प्रवेश गरिसकेपछि नेपालमा हाम्रो पहिलो बसाइ सुन्सरीको धरानमा भयो । त्यसपछि धरानबाट हामी झापाको मधुमल्ला गयौं किनभने नेपालमै रहनुभएकी हाम्री जेठी फुपू त्यस वेला मधुमल्ला नजिकै रमाइलो भन्ने ठाउँमा बस्नुहुन्थ्यो । उहाँकै आग्रहमा हामी धरानबाट मधुमल्ला गएका थियौं । यहाँसम्मको कथा मैले 'समकालीन साहित्य' मा प्रकाशित मेरो कथा 'दुखेको अतीत रोएको वर्तमान' मा व्यक्त गरिसकेको छु । अब त्यसपछिको कथालाई म आफ्नो मनमस्तिष्कमा रहेको स्मरण मार्फत पाठकहरूसमक्ष भन्न लागिरहेको छु ।

हाम्रो परिवारमा अजा (हजुरबुवा), आमाबुवा, दाइ, दिदी, भाइ र म गरेर एघार जना थियौं भने हामीसँगै बर्माबाट आउनुभएकी फुपूको परिवारमा उहाँको एक छोरा र दुई छोरी गरी चारजना थिए । त्यस वेला मधुमल्लामा आफ्नो घरको छिँडीमा हामीलाई निःशुल्क बास दिने सज्जनको मैले अहिले नाम बिर्सें । अहिले यसो सम्झँदा उनी लोर्के बैंस गइसके पनि बैसको पछिपछि लागिरहेका व्यक्ति रहेछन् भन्ने लाग्छ । हरदम झोला बनाएर रेडियो भिरिरहने उनले किन हाम्रो परिवारलाई दया गरेर काठले बनेको आफ्नो विशाल घरको छिँडी निःशुल्क बासको रूपमा दिएका थिए, मलाई आजपर्यन्त थाहा छैन । तत्कालीन र अहिलेको पनि बुझाइले मलाई लाग्छ, ती सज्जन दयालु त थिए तर उनको सज्जनता त्यत्ति सहज भने थिएन । त्यसैले पनि हामीलाई त्यहाँ उकुसमुकुस भइरहेको थियो । एक त बर्खामा उर्लेर आउने खोलाको उराठ लाग्दो आवाज त्यसमाथि विना-आयस्रोतको त्यत्ति ठूलो परिवारको त्यहाँ गुजारा हुने कुनै छाँट नदेखेर बुवाले खै कसरी तरहरा (सुन्सरी) जाने निर्णय गर्नुभयो, हामीले थाहा पाएनौं तर तरहरा पुगेपछि पो हामीले थाहा पायौं । त्यहाँ टाढाको नाता पर्ने हाम्रो एकजना मान्छे र हेछन् । उनकै सुझाव अनुसार हामी त्यहाँ गएका रहेछौं ।

तिनै आफन्तले हामीलाई तरहरास्थित कृषिकेन्द्र फार्ममा बस्ने व्यवस्था मिलाइदिए । खरले छाएको श्रमिक बस्ने बासलाई त्यहाँ चारकोठे, आठकोठे, दशकोठेको रूपमा विभाजन गरिएको रहेछ । हामी दुई परिवारलाई फुसले छाएको चारकोठे नामको विद्यालयजस्तो कच्ची टहरा दिइयो । अभरमा हाम्रो लागि यही नै ठूलो भर थियो । चारैतिर झाडी र जङ्गल भएको त्यो कच्ची टहराको



वरिपरि सर्प हिँड्ने र डुल्ने ठाउँ रहेछ । रातदिन गरेर बुवाआमा, अजा, दाइ र दिदीहरूले वरिपरिको झाडी सफा गरेर खनजोत गरिसकेपछि रायो र मूला छरेर वातावरणलाई मानिस बस्नेजस्तो बनाउनुभयो तैपनि आक्कलझुक्कल अजिंगरजस्ता ठूला सर्पहरू वरपर घस्रिएको हामी सबैले देखिसकेका थियौं । ज्यान जाने त्यो भयलाई हाम्रो आवश्यकताले जितेको थियो किनभने डराएर भागेर जानका लागि हाम्रो लागि अर्को कुनै विकल्प थिएन, कुनै गन्तव्य थिएन । यस वेलासम्ममा मेरा दुईजना दिदी र फुपूका दुइटी छोरीहरूले कृषिफार्ममा श्रमिकको रूपमा काम पाइसकेका थिए । त्यस वेला कृषिकेन्द्रमा काम गर्ने पुरुष श्रमिकहरूका लागि ज्याला प्रतिदिन तीन रुपैया र महिला श्रमिकहरूका लागि प्रतिदिन दुई रुपैया पचास पैसा थियो । दैनिक पचास पैसा बढी प्राप्त गर्नका लागि मेरा दिदीहरूले पुरुष श्रमिकसरह खेत खन्ने, आली लगाउने, धान वा उखुको भारी बोकेर ट्याक्टरमा चढाउने काम गर्दथे । हाम्रो लागि जीवन आवश्यकताको अगाडि अभावको पहाड बनेर उभिएको थियो । त्यसमा पनि विद्यालय जाने उमेरका केटाकेटी हामी, प्रत्येक क्षण हामी केही न केही चकचक गरिहरेका हुन्थ्यौं, केही न केही खाइरहन चाहन्थ्यौं तर हाम्रो चाहनापूर्ति हुने त्यस वेला कुनै सम्भावना नै थिएन । त्यसैले हामी आमालाई झिज्याइरहन्थ्यौं र आमाको झर्कोफर्को सुनिरहन्थ्यौं ।

केही समयपछि एकजना दाइले त्यही कृषिकेन्द्रमा ट्याक्टर ड्राइभरको जागिर पाए । अब उनको कमाइले घरखर्चमा केही सुबिस्ता हुने भयो भन्ने अनुभव गर्न नपाउँदै उनले मगर थरकी एउटी केटीसँग बिहे गरेर अन्तै बस्न थाले । त्यही वेलामा अर्का दाइले लाइभस्टक शाखामा गाईबस्तुको हेरचाह गर्ने श्रमिकको काम पाए । त्यो बेलामा एउटा फुच्चे श्रमिकको दैनिक ज्याला नै कत्ति हुन्थ्यो र ? तैपनि हाम्रो परिवारका लागि त्यही पनि डुब्नेका लागि त्यान्द्रोको सहारा भनेझैं भएको थियो ।

म, मेरी दिदी तारा र भाइ नारायण तरहरा, आँपगाछीस्थित विद्यालय जान थालेका थियौं । भाइ ध्रुव त्यो वेलामा आमाको काखमै थियो । अहिलेको जस्तो त्यस वेलामा नर्सरी, एल के.जी., यु के.जी. भन्ने हामीले सुनेका पनि थिएनौं र देखेका पनि थिएनौं । बोर्डिङ स्कूलका बारेमा त हामीले धेरै पछिमात्र सुनेका हौं । म र नारायण शिशु कक्षामा थियौं भने दिदी एक कक्षामा थिइन् विद्यालयका सुरुवाती दिनहरूमा । तरहराबाट आँपगाछीसम्म जाँदा त्यस वेला हामी फुच्चाफुच्चीहरूले गाडीभाडा तिर्नुपर्दैन थियो । त्यस वेला सार्वजनिक यातायातमा आराथुन बसको नाम चल्तीमा थियो । विद्यालय जान मलाई सुरुका दिनदेखि नै मन पर्थ्यौ । सुरुका दिनमा मैले चिनेको सरमा गोविन्द श्रेष्ठ सर हुनुहुन्थ्यो । त्यसपछि आँपगाछीस्थित राष्ट्रिय प्राथमिक विद्यालयमा सरको रूपमा चौठीलाल

चौधरी सर, धन श्रेष्ठ सर, ऋषि सर, रंगनाथ सर, कमला लामा मिस, कृष्णा श्रेष्ठ मिस आदि आउनुभयो । कुनै सर मिसले लामै समय पढाउनुभयो भने कसैले निकै कम समय पनि पढाउनुभयो । त्यस वेला मेरा मिल्ने साथीहरूमा आँपगाछीका दीपक बजगाईं, हिरा श्रेष्ठ र रुद्र मगर तथा शान्तिझोडाका इन्द्रबहादुर राई मुख्य थिए । आजका दिनमा मेरा ती मिल्ने साथीहरू कहाँ छन् मलाई केही थाहा पत्तो छैन । करीब अठार बीस वर्ष अगाडि साथी इन्द्रसँग चाहिँ एकपटक भेट भएको हो त्यसपछि उनीसँग पनि भेटघाट हुन सकेको छैन । समय पनि त लामै बितेको छ, झन्डै चालीस पैतालीस वर्ष अगाडिको समयलाई तानेर आफ्नो छेउमा ल्याउन के सकिन्थ्यो र ?

त्यो वेलामा हामीलाई पढाउने सर एवम् मिसहरूमा विशेषतः मलाई कमला मिस र उनको बहिनीको सम्झना अझै पनि ताजै छ किनभने कमला मिसले सोही समयमा जडिबुटी केन्द्र, तरहराका भट्टाचार्य थरका कर्मचारीसँग विवाह गर्नुभएकोले उहाँ हाम्रो पसलमा निरन्तर आइरहनुहुन्थ्यो र उहाँलाई कहीँ कतै जानुपऱ्यो भने मेरो गाला तान्दै भन्नुहुन्थ्यो–'ए मोटे, हिंड त, मसँग त्यहाँसम्म जाउँ ।' म लुरुलुरु मिसको पछि लाग्थेँ ।

यस वेलासम्ममा हामीले तरहरा, कृषिकेन्द्रको अगाडि गणेश भण्डारीको काठको घर भाडामा लिएर सानो चिया पसल खोलिसकेका थियौं किनभने बुवाले स्वास्थ्यले गर्दा गाडी चलाउने काम छाडिसक्नुभएको थियो । काठको दुइटा ढिक खुल्ने उक्त घरको भूइँतल्लाको अगाडिको भागलाई पसल र त्यसकै पछाडि एउटा कोठामा हामी सबैजना कोच्चिएर सुत्थ्यौं भने दुइजना दाइहरू पसल बन्द गरिसकेपछि टेबल जोडेर बाहिरै सुत्नुहुन्थ्यो । त्यस वेला अहिलेको जस्तो सटरको चलन आएकै थिएन । त्यस वेला गाउँघरतिरको पसलमा यस्तै ढिक प्रयोग गर्ने चलन थियो ।

यसबेलासम्म मेरी जेठी दिदी मायाको पनि विवाह भइसकेको थियो । माइला दाइ कृष्णले इटहरीस्थित कोलनीमा चालकको सहयोगीको काम पाउनुभएको थियो । कृषिकेन्द्रको एकाउण्टेण्टको मद्दतले मेरी माइली दिदी रोमा र माइली फुपूकी जेठी छोरी भारतीले कोशी अञ्चल अस्पताल, विराटनगरमा अ.न.मि. पढ्ने मौका पाए । समय द्रुतगतिले अगाडि बढिरहेको थियो र हिँड्न नसक्नेहरूलाई पछाडि छाडिरहेको थियो । जसोतसो हाम्रो परिवारले पनि समयको पछि पछि दगुर्ने प्रयत्न गरिरहेको थियो । समय र नियति कत्ति क्रुर हुन्छ भन्ने कुराको उदाहरण हामीले प्रत्यक्ष देख्यौं र भोग्यौं पनि । कत्ति दुःख र कष्टले यहाँसम्म आइपुगेको हाम्रो परिवारलाई एउटा फुच्चे कामदारले एकै रातमा जोगी बनाएर हिँड्यो । हप्ताभरिको उधारो उठेको रकम खै कसरी उसले राती नै चोरेर हिँडेछ, हामीले बिहान मात्रै थाहा पायौं । यो क्षणमा बुवा र



आमा किंकर्तव्यबिमूढ बनेर बस्नुको विकल्प थिएन । हामी ठूलो हुँदै जाँदा बुवाले पटकपटक भन्नुभएको मलाई सम्झना छ– 'आफू सही बाटोमा हिँडिएको छ भने एउटा ढोका बन्द भए पनि अर्को बाटो अवश्य खुल्दो रहेछ । हाम्रो त्यो विचल्ली अवस्था देखेर गणेश भण्डारीका बुवाले– ए जम्दार सा'ब । चोरले पैसा पो चोऱ्यो त, तपाईंको भाग्य त चोरेको छैन नि ! ल लिनुस्, यो पैसा र खेलो सुरु गर्नुस् । मेरो पैसा कमाएपछि फिर्ता गर्नुहोला भनेर दिएको एक सय रुपैयाँले नै मैले यत्ति ठूलो परिवारका लागि छत र खानाको व्यवस्था गर्न सकें ।'

यही बेलामा तारादिदी बिरामी पर्नुभयो । माइली दिदी विराटनगरमै नर्स पढिरहेकीले उनकै सल्लाहमा तारा दिदीलाई विराटनगर अस्पतालमा देखाइयो । पटक पटक जँचाएपछि चिकित्सकहरूको सल्लाहमा उनलाई अस्पताल भर्ना गरियो । अस्पताल भर्ना गर्ने बित्तिकै उनको कम्मरदेखि काखीसम्म पूरै प्लाष्टर गरियो । करीब तीन महिनाजत्ति अस्पतालमा राखेपछि उनलाई उक्त प्लाष्टर नकाटीकनै केही दिनका लागि घर पठाइयो । दिदी घर आएकोमा म अत्यधिक प्रसन्न थिएँ । उनी बिरामी भएर अस्पताल भर्ना भएपछि म र भाइ नारायण मात्र विद्यालय जानुपर्दा मलाई दिक्क लागेर आउँथ्यो । दिदीलाई कहिले सञ्चो होला र हामी तीनैजना दिदीभाइ सँगै विद्यालय जान पाइएला भन्ने तर्कना मेरो मनमा खेलिरहन्थ्यो । बिहानै उठेर दिदी पसलमा ग्राहकहरू बस्ने बेञ्चमा बसेर घर अगाडि गाडी गुडेको, पसलमा आउने ग्राहकहरूले बात मारेको, किनमेल गरेको एकोहोरो हेरेर बसिरहिन्थिन् । वेलावेलामा उनी आफ्नो लामो कपाल बाटिदिनका लागि आमालाई आग्रह गरिरहेकी हुन्थिन् तर पसलमा आउने ग्राहकहरूको भीडको कारणले गर्दा तारादिदीको स्याहार गर्ने आमासँग फुर्सद नै हुँदैन थियो । तारादिदीले मागेका हरेक कुरा म पूरा गरिदिन्थेँ । म घाममा असिनपसिन भएर दौडेको देखेपछि उनले मलाई बोलाउँथिन् र मायालु स्वरमा भन्थिन्– 'भाइ, जा न नुहाएर आइज, तँ कत्ति फोहरी देखिन्छस् त ।'

घरमा बस्दाबस्दै दिदीलाई गाह्रो हुन थालेको थियो । मलाई सम्झना भएसम्म त्यस वेला उनको ढाड नै दुख्ने रहेछ । दिदीलाई फेरि अस्पताल लाने कुरा चल्न थाल्यो । उमेरले बाह्र नकाटेकी दिदी प्लाष्टर गरिएको शरीरमा कतै हराएझैं देखिन्थन् । जसले जत्ति सम्झाए पनि उनी अस्पताल जान मानिरहेकी थिइनन् । एउटा शनिवार माइली दिदी छुट्टीमा घर आउँदा तारादिदीलाई पनि अस्पताल पठाउने निर्णय भयो । उनी आमासँग टाँसिएर रुन थालिन् । उनी रोएको देखेर म पनि रुन थालें । त्यस वेला उनी किन रोइन् ? आफू किन रोइरहेछु मलाई केही थाहा थिएन । मलाई त साथीजस्तै दिदी रोएको देखेर रुवाइ आइरहेको थियो । अस्पताल जान र अस्पताल गएर उपचार गरेपछि निको भएर घर फर्किन आमाले स्नेहपूर्वक फकाएपछि उनले आफ्नो दुई

हत्केलामा आमाको मुहार लिएर आमालाई अति नै स्नेहपूर्वक नियाल्दै भनिन्– 'आमा, अब मैले तिम्लाई कै'ले देख्छु होला नि ?'

मजेत्रोले आँसु पुछिरहेकी आमालाई छाडेर तारादिदी रुँदै गएको हेर्नुबाहेक हामीले त्यस वेला केही गर्न सकेनौं । छोरीको माया मुटुकलेजोमा बोकेर मजेत्रोले आँसु पुछ्दै आमा दोकानको काममा लाग्नुभयो । हामी भुराहरूले सकेको काम आमालाई सघाउँथ्यौं । दिदी अस्पताल गएको एक हप्ता पनि नबित्दै एउटा कहालीलाग्दो अशुभ समाचार आयो, तारादिदी अब यस संसारमा रहिनन् । बुवा र दाइहरू अस्पताल जानुभयो । फर्किंदा तारादिदीको प्राणहीन शरीर साथै लिएर आउनुभयो । तारादिदीलाई अन्तिम बिदाई गर्ने बेलामा पीडाले आमा रुन पनि सकिरहनुभएको थिएन । पक्कै पनि त्यस वेला आमालाई तारादिदीले अस्पताल जाने वेलामा भनेको वाक्य– 'आमा, अब मैले तिम्लाई कैले देख्छु होला नि ?' को स्मरण भइरहेको थियो होला । रुवाबासीका माझमा हामीले तारादिदीलाई अन्तिम बिदाइ गर्‍यौं ।

अहिलेको जस्तो समय भएको भए अस्पताल घेरिन्थ्यो होला, अस्पताल तोडफोड हुन्थ्यो होला । स्वास्थ्यकर्मीहरू थुनिन्थे होलान् । हडताल, जुलुस, नारा हुन्थ्यो होला तर त्यो अर्कै समय थियो, परिस्थिति अर्कै थियो । डाक्टर र नर्स हाम्रा लागि असाध्यै ठूला मानिस थिए । उनीहरूसँग बोल्न पनि धक लाग्ने स्थिति थियो । त्यसमाथि एक त नेपालको कानुन नजान्ने हामी । अझ आर्थिक रूपले अत्यन्त पीडित हामीले अन्याय भयो भनेर न्याय खोज्न जाने हाम्रो सामर्थ्य नै थिएन । त्यसैले त अस्पतालको बिछ्यौनामा राती सद्दे सुतेकी हाम्री तारादिदी बिहान उठ्दा साँच्चिकै तारामा परिणत भइसक्दा पनि हामीले केही बोल्न सकेनौं, हाम्रो लागि बोलिदिने कोही थिएनन्, कोही भएनन् । तारादिदीको स्मृतिमा आँसु बगाउनुबाहेक हामीले केही गर्न सकेनौं । आज सम्झिँदा पनि थक्क थक्क लाग्छ, ताराजस्तै धपक्क बलेकी हाम्री तारादिदीलाई स्मरण गरेर हेर्नलाई हामीसँग उनको एउटा तस्वीर पनि छैन ।

ä ã

**शब्दार्थ प्रकाशन**ले
**२२** थरी **शब्दकोश** प्रकाशन गरिसकेको छ र
अझै अरू प्रकाशन गर्दै छ ।
के तपाईं पनि कोशकार हुनुहुन्छ ?
आफ्नो शब्दकोश प्रकाशन गर्न इच्छुक हुनुहुन्छ ?



# आमा लैजाने त्यो कालो दिन

**जीवराज भट्टराई**

'आमा बित्नुभयो ।' दुई शब्दको यो छोटो वाक्य मान्छेका निम्ति सम्भवतः सबैभन्दा अप्रिय हो । ज्यादै कम अपवादलाई छाडेर भन्नुपर्दा मान्छेका निम्ति मात्र नभएर सकल प्राणीकै निम्ति यो दुखद् कुरा हो । आमाको मृत्युपछि जीवन जिउने कुरामा उमेर अवस्थाका कारणले धेरै फरक पर्न जाने एउटा कुरा भयो तर आमासँगको अन्तिम बिछोड सबै उमेरका लागि उत्तिकै पीडादायी हुन्छ । मन बुझाउने अनेक बाटाहरू त हुन्छन् । त्योभन्दा ठूलो त बाध्यता नै हुन्छ । आमासँगको सधैंको लागि विछोड जति पीडादायी हुन्छ आमा बित्नुभन्दा अगाडि जति वेला त्यो कुराको बोध हुन्छ त्यो पनि त्यत्तिकै असह्य हुँदो रहेछ ।

प्यूठान जिल्लाको मच्छी बजारभन्दा थोरै पश्चिमपट्टि झिमरुक र गर्तङ खोलाको दोभानमा मुर्दा पोल्ने घाट छ । त्यहाँ वारिपारि खेत पनि छ । खेत र खोलाबीचमा अलिकति बगर र अलिकति चउर छ । त्यही खाली चउरमा लास गाडेर माथिबाट माटो र ढुङ्गाले छोपछाप गरेका थुप्रै चिहान छन् । सानो उमेरका मान्छे मर्दा तिनीहरूको लास गाड्ने र ठूलो उमेरकालाई पोल्ने कुरा पहिलो पटक जानकारी पाएको दिन अर्थात् मान्छे एक दिन मर्छ भन्ने कुरा थाहा पाएको दिन मन साह्रै खिन्न भयो । वास्तवमा धेरै दिनसम्म म सम्हालिन सकिनँ । सानोमा जतिचोटि म त्यो ठाउँबाट ओहोरदोहोर गर्थें त्यति नै चोटि मेरो मनलाई आफ्ना बाआमा पोलेको ठाउँमा अनि आफ्नै छोराछोरी गाडेको ठाउँमा मान्छेहरू कसरी नरोइकन हिंड्न सकेका होलान् भन्ने कुराले स्तब्ध र उद्वेलित बनाउँथ्यो । अझ खासमा त मैले धेरै दिनसम्म आफ्ना बाआमा वा छोराछोरी मरेर पनि मान्छे ढुक्कसँग बाँच्न सक्छन् भन्ने कुरामा विश्वासै गर्न सकेको थिइनँ ।

सानो छँदा पहिलो पटक थाहा पाउने गरी छिमेकी साउनेपानीकी साहिँली आमा बितिन् । उनकी एउटी छोरी र चारभाइ छोरा थिए । दुईजना दिदीभाइलाई छाडेर अरू तीन भाइ छोराको र मेरो उमेरमा खासै ठूलो अन्तर थिएन । पहिलो पटक आमा बितेर पनि छोराछोरी बाँच्छन् अथवा बाँच्नुपर्छ भन्ने त्यही घटनाबाट थाहा पाएँ । त्यसपछिका धेरै रात म आफ्नी आमा मरेको र आफू आमा बेगर बाँच्नुपरेको अत्यासलाग्दो कल्पना गरेर रुँदै बिताएँ । कुनै कुनै रात त यति धेरै मर्माहत हुँदो रहेछु कि रुँदारुँदै हिक्का रोक्न नसकेर ऐठनजस्तो हुँदो रहेछ । त्यस्तो वेला सँगै वा नजिकै सुतेकी आमाले 'के भयो' भन्दै टाउको मुसार्नुहुन्थ्यो । म भने नराम्रो सपना देखें भनेर ढाट्थें । झन् आमा अथवा बा बिरामी भएको

बेला त उहाँहरू मर्ने त्रास आफै वरिपरि आएर हायलकायल पारेजस्तो लाग्थ्यो।

दिन आएपछि कसैको केही लाग्दैन भन्ने कुरालाई सत्य सावित गर्दै आखिर आमा बित्नुभयो। यो छोटो वाक्य मान्छेले जीवनभर भन्नै नपरे हुन्थ्यो भन्ने कामना त गर्छ तर अपवादबाहेक सबैले कुनै न कुनै दिन यसो भन्नैपर्छ। जीवनभर खेपेका अजङ्गका पहाड जत्रा दुःख, पटक पटकका कालनिकट पुऱ्याउने दूर्घटना र मानव जीवनको अति आवश्यकीय पक्ष औषधी उपचारको अभावले गर्दा बिरामी परेको बेलामा र त्यसबाहेक पनि आमाले पटक पटक 'अब म बूढी भएँ मर्छु' भन्ने गर्नुहुन्थ्यो। हुन त मैले थाहा पाउँदा उहाँको उमेर पचास वर्षको हाराहारीमा थियो। थाम्न सक्नेभन्दा बढी कामको बोझ, आठजना छोराछोरी बाटाबाटै र पाटापाटै जन्माएर हुर्काउनुपर्दाको कष्ट र उचित खानपान तथा स्याहारसुसारको सधैं अभाव रहेको ज्यान पचास वर्षमा पुग्दानपुग्दै कपाल आधाभन्दा बढी फुलेको, धेरैजसो दाँत बाढी आएको खोला किनारका पोथ्रापोथ्री रूखजस्ता भएका, खपटे अनुहारको छाला पनि चाउरिएर धर्सैधर्सा भएको थियो। मलाई आमाका दिनहरू सम्झिँदा अचम्म लाग्थ्यो। पचास वर्षे जीवनकालमा आमाले आठ वर्षसम्म पेट बोक्नुभएछ र एकजनालाई दुई वर्षका दरले हिसाब गर्दा पनि सोह्र वर्ष काखे बालक च्याप्नुभएछ। त्यसरी चौबीस वर्ष गएपछि बाँकी रहेका छब्बीस वर्षमध्ये छ सात वर्षको बाल्यकाल त्यत्तिकै बिते होला। हुन पनि ती दिनहरूमा नेपालीको सरदर आयु साठी वर्षभन्दा माथि थिएन। त्यस्तोमा पचास वर्ष पुगेकी आमाले बूढी भएँ मर्छु भन्नु स्वाभाविकै पनि थियो।

आमाले त्यसरी मर्छु भन्न थालेदेखि त्यसै भन्दाभन्दै अर्को एकचालिस वर्ष बाँचेर एकानब्बे वर्षको उमेरमा बित्नुभयो। कस्तो अचम्म भने आमा नबित्दासम्म उहाँ अझै कतिकति वर्षसम्म बाँच्नुहुन्छ जस्तो लागेको थियो तर बितिसकेपछि त सबै कुरा एकैचोटि सकिइहाल्यो। यसबारेमा केही सोच्नै परेन। हो, वि.सं. २०७२ साल पुष ४ गते शनिवार सबैभन्दा नरमाइलो दुःखी दिन साबित भयो। त्यसअघि असोजमा दशैंको टीका थाप्ने बेलामा उहाँले 'यसपालि त टीका लगाइयो, अर्को साल त खै के होला।' भन्नुभएको थियो। प्रायः त्यस्तै कुरा गरिरहने हुँदा त्यो भनाइलाई गम्भीर रूपमा लिइएको थिएन।

## स्वभाव र चाहना

आमा खरो स्वभावकी हुनुहुन्थ्यो तर त्यत्तिकै पिलपिले पनि। मैले आमालाई अनगिन्ती पटक रोएको देखेको छु। म सानो छँदा आमा धेरैजसो मेरै चिन्ता गरेर रुँनुहुन्थ्यो। कुनै कारणविना पनि बुढेसकालको छोरो तँलाई केही होला कि भनेर पनि उहाँ कैयौंचोटि रोएको देखेको छु। मेरो टोलछिमेकमा विद्यालय जाने मेरै उमेरका केटाकेटी कोही थिएनन्। मेरो स्कुल जाने उमेर भयो। स्कुल जाने दुईवटा बाटामध्ये गाउँको बाटो पठाऊँ भने गाउँले अरू केटाकेटीले हेप्देलान् भन्ने पीर। जङ्गलको बाटो पठाऊँ भने कुनै जङ्गली जनावरले खाइदेला भन्ने डर। त्यसैले आमाले मलाई छ वर्षमा होइन कि सात वर्षमा मात्रै स्कुल पठाउनुभयो। यद्यपि न स्कुल टाढा थियो न ती दुवै डरका कुनै बलिया आधार थिए। आमाको ममाथि अतिशयोक्ति मायाका कारण पढाइमा अरू समकालीन साथीहरूभन्दा म एकवर्ष पछौटे भए तर पढाइ र उमेरको त्यसरी लेखाजोखा गरिने समय त्यो थिएन। पछि मैले एसएलसी पास गरेर बाहिर बाहिर हिँड्न थालेपछि पनि उहाँ बारम्बार भन्नुहुन्थ्यो– 'तँलाई आफू ठूलो भएजस्तो लागेको होला, मैले त अझै काख छाड्ने बेला भएजस्तो देख्दिनँ। आँखाभन्दा पर पठाउन मनले पटक्कै मान्दैन। तेरो जीउमा माखो बस्यो भने पनि खाइदेलाझै लाग्छ।'



विद्यालय वा कहीं कतैबाट घरमा फर्केपछि मेरो ज्यान सवुत छ कि छैन भनेर आमाले चेक गर्नुहुन्थ्यो। यद्यपि म सानै उमेरदेखि कसैसँग झगडा गरेर हात हालाहाल गर्ने त के मौखिक रूपमा पनि बाझ्दिनथें। एकदुई पटक साथीभाइहरूसँग सानोतिनो असमझदारी हुँदा अथवा आफूभन्दा ठूला हेपाहा स्वभावका साथीहरूले मेरो कापी कलम लगिदिएको अथवा लुगाकपडामा क्षति पुऱ्याएको थाहा पाएपछि आमा गर्दागर्दैको काम छाडेर घाइते बघिनीझैं हुँदै तिनका घरमा गई बदला लिएको कुराले बरु म आफैलाई लज्जित बनाएको थियो। उहाँ भने मेरो विपक्षमा भएको सानो कुरालाई पनि सहनुहुन्नथ्यो। आमाको त्यो स्वभाव बुझेपछि मैले त्यस्ता कुराहरू घरमा आएर उहाँसँग भन्न पनि छाडेको थिएँ। यो आफ्नो अनुभूति भएर मैले बिर्सन नसकेको मात्र हो नत्र भने हरेक आमाले आफ्ना सन्तानलाई गर्ने माया यस्तै हो।

आमाको खरो र पिलपिले विरोधाभासयुक्त स्वभावका बारेमा म एउटा घटना कहिल्यै बिर्सन सक्दिनँ। मेरो उमेर त्यस्तै पाँच छ वर्षको हुँदो हो। पाँच दिदीहरूमध्ये काइँली दिदीको बिहे भईवरि आफ्नो घर बर्बोटबाट माइतीघर आउनुभएको थियो। सामान्यतः चारपाँच दिन बसेर आफ्नो घर फर्किने दिदी त्यस पटक आठदश दिनसम्म पनि फर्किने सुरसार गर्नुभएन। त्यस्ता कुराहरूमा हाम्रा बालाई मतलव थिएन। आमाले नै दिदी आफ्नो घर जान नचाहनुको कारणबारे केरकार गर्न लाग्नुभयो। हुँदाहुँदा स्थिति कस्तो बन्यो भने दिदी जान नमान्ने आमा नपठाई नछाड्ने। एक दिन आमाले केही पाहुरपातको सानोतिनो कुम्लो तयार पारिदिनुभयो र फकाउँदा नमानेपछि दिदीलाई जबर्जस्ती पठाउन थाल्नुभयो। दिदीले रुँदै जान्न भन्ने आमाले 'बिहे गरेकी छोरीको जाने ठाउँ भनेको पोइको घर हो, माइत बस्न मिल्दैन; भन्दै लौराले खुट्टामा हान्ने। त्यसरी दिदीलाई निर्ममतापूर्वक पिट्दै आमाले बाघचाल्नेको भीरसम्म पुराउनुभयो। ज्यादै पिटाइ खाएपछि र आमाको त्यो निर्दयी रौद्र रूप देखेपछि त्यहाँबाट दिदी

कुम्लो बोकेर रुँदै उकालो लाग्नुभयो। पल्लोभित्ता खर्खरेको नेटो नकाट्दासम्म आमाले त्यहीं बसेर हेर्नुभयो। दिदीले फर्केर हेर्दा आमा लाठो उज्याउनुहुन्थ्यो।

त्यस वेला म आमा र दिदीको पछिपछि गएको थिएँ। आफूलाई त्यति धेरै माया गरेर एकछिनका लागि अलि पर पठाउन नमान्ने आमा आफ्नै सन्तान दिदीलाई घरबाट टाढा पठाउन किन त्यति निष्ठुरी भएकी होलिन् भन्ने बाहेक मैले अरू कुरा केही बुझेको थिइनँ। हेर्दाहेर्दै र रुँदारुँदै दिदीले नेटो काटिन्। आमा फर्केर घरमा आएपछि झन्डै एकघण्टा घोप्टो परेर रूनुभयो। बिलौना गर्दै भन्नुहुन्थ्यो- 'त्यस्का खुट्टा कति दिनसम्म दुख्ने होलान्। त्यस्तो अप्ठेरो उकालो बाटो कसरी हिंडेर जान्छे। कही बैरागिएर भीरबाट हाम्फाल्ने पो हो कि। केही गरी घरै पुगी भने पनि बेलुका खुट्टा दुखेर सुत्न सक्दिनँ होला।' आमालाई त्यस वेला कतिसम्म असह्य भएको रहेछ भने अघि दिदीलाई पिटे जत्रै लौरो खोजेर मलाई दिनुभयो र रूँदै अघि आफूले दिदीलाई पिटेजस्तै गरी आफूलाई पिट्न भन्नुभयो। मैले आमालाई पिट्न कहाँ सक्थेँ र ? रनाहामा परेर आफैलाई धिक्कार्दै आफ्ना खुट्टामा आफैले दुईचार पटक हिर्काउनु भयो।

त्यसपछिका एक सातासम्म आमा दिदीलाई सम्झेर पटकपटक रोइरहनुभयो। रुँदाखेरि अघिका जस्तै बिलौना गर्नुहुन्थ्यो। छोरीको घरबार बनोस् भनेर एकछिन कठोर बनेको पश्चात्तापले उहाँलाई धेरै दिनसम्म पोलिरह्यो। आमाको मन न हो आखिर कहाँ मान्थ्यो र ? एक हप्तापछि दिदीको खुट्खबरका लागि आमाले बालाई मनाएर बर्बोट दिदीको घरमा पठाउनुभयो। मान्छेको जिउँदो मर्दो लगायतका खबर थाह पाउने अहिलेजस्तो फोनको सुविधा ती दिनहरूमा थिएन। घरकाले माइत छ भन्ने र माइतकाले घर गई भन्ने हुँदा मान्छे बाटैमा बेपत्ता भए पनि महिनौं दिनसम्म थाहा नहुन सक्थ्यो। बा फर्केर आएपछि बल्ल आमाको मन ढुक्क भयो। पछि आमा नबित्दासम्म उहाँले धेरैचोटि दिदीलाई भन्नुहुन्थ्यो- 'त्यसरी बनेको घर हो तेरो।'

आमा रूँने कारणहरू अरू पनि थुप्रै थिए। त्यसैमध्येको एउटा प्रमुख कारण पछिल्ला दिनमा भाइले बिहे गरेपछि बुहारीको स्वभाव र व्यवहारबाट उहाँ साह्रै दिक्क हुनुहुन्थ्यो। म सधैं बाहिर बाहिर भएकाले बाआमाको हेरविचार, स्याहारसुसार मबाट केही भएन। अनौपचारिक सहमति जस्तो यो कामको जिम्मा सधैंभरि भाइकै काँधमा रह्यो। भाइप्रति बाआमाको कहिल्यै केही गुनासो रहेन तर ऊ पनि जागिरको सिलसिलामा धेरैजसो बाहिरै भयो। बुहारीको चालचलन र व्यवहारबाट उहाँहरू पटक्कै सन्तुष्ट हुन सक्नुभएन। फेरि उहाँहरूको असन्तुष्टि सम्बोधन गर्ने अर्को उपाय पनि केही थिएन। जति मन नपरे पनि उसैको सँगसँगै बस्नुको विकल्प थिएन। एउटा त सासूबुहारीको कलहझगडा हाम्रो सनातनी प्रवृत्ति त्यसमाथि आमाको कडा स्वभाव अनि



बुहारीका कतिपय अपाच्य व्यवहारहरू। सुरुमा आफूभित्र तागत हुन्जेल आमाले बुहारीलाई तह लगाउन खोज्नुभयो। उहाँको बर्कत सकिँदै गएपछि बुहारीलाई आमासँग बदला लिने बेला आएजस्तो लाग्यो। घरमा दैनिकजस्तो तनाव हुन थाल्यो। बुहारीले आफूलाई असाध्यै हेपेको, दुर्व्यवहार गरेको थुप्रै फेहरिस्त सुनाएर आमा असाध्यै रुँनुहुन्थ्यो। मैले घरमा गएको बेला अलिकति आमालाई सम्झाउँथे र अलिबढी बुहारीलाई सम्झाउथेँ। अप्ठेरो के थियो भने आमा दिनदिनै अशक्त हुँदै जानुभएको थियो र पूरै असक्तावस्थाको बुढेसकाल कति लामो समयसम्म बुहारीको निगाहामा बाँच्नुपर्ने हो भन्ने कुराको केही ठेगान थिएन। आफूले हेरविचार गर्न नसक्ने भएपछि जसले त्यो काम गर्ने हो त्यसैलाई चिढाउनु झन् प्रत्युत्पादक साबित हुन्छ भन्ने कुरा हामीले बुझे पनि आमाले पटक्कै मनन गर्नुहुन्नथ्यो। त्यसले गर्दा उहाँका निम्ति दिनहरू झन्पछि झन् दुखद् बन्दै गएका थिए।

घरभित्र जतिसुकै रोए पनि बाहिरफेरको हकमा आमाको स्वभाव हक्की खालको थियो। कसैलाई ठूलो मान्छे हो भनेर चाहिने भन्दा बढी मान मर्यादा गर्नुपर्दैन। अन्याय गर्नु पनि हुँदैन र अन्याय सहनु पनि हुँदैन। अल्छिपन र फोहरीपन मान्छेका सबैभन्दा ठूला शत्रु हुन्। सानामसिना कुरामा पनि व्यवस्थापकीय कमजोरी भयो भने ठूलो नोक्सानी हुन सक्छ। जो, जहाँ, जे तह र हैसियतमा छ त्यसले त्यहींबाट आफूलाई उम्दा प्रमाणित गर्नुपर्छ। यस्तायस्ता कुराहरूमा आमाले आफूलाई व्यवहारसम्मत हिसाबले नै प्रमाणित गर्नुभएको थियो र हामीलाई पनि प्रेरित गर्ने मात्र होइन दवाव नै दिनुहुन्थ्यो। त्यसले गर्दा चिनेजानेकाहरू आमाका बारेमा 'ठूलाचौरे साहिंली कडा छिन्' भनेर टिप्पणी गर्थे।

पहिलो छोरो डेढ वर्ष पालेपछि कालगतिले बितेकोमा आमालाई जति पछुतो थियो पाँच जना छोरी र दुई छोरा गरी हामी सात जनालाई सकुशल हुर्काएकोमा भने त्यत्तिकै सन्तोष र गर्व पनि थियो। एउटी निरक्षर ग्रामीण महिलाको त्यति धेरै महत्त्वाकाङ्क्षा र चाहना पो के हुन्छ र ? अरू सानातिना कुरा त्यस्तै हुन्। आमाको सबैभन्दा ठूलो धोको सिन्दुरचुरा नपुछिकन अर्थात् बाकै काखमा मर्ने र मृत्युअघि आफ्नो दिसापिसाब कसैले सोहोर्न नपरोस् भन्ने थियो, ती दुवै पूरा भए।

## अन्तिम हिक्का

पछिल्ला दिनहरूमा आमाले सजल नयनका साथ पटकपटक भन्नुहुन्थ्यो- 'हाम्रा बाआमाका बाह्र जना छोराछोरीमा अरू सबै गइसके। अब म मात्रै बाँकी छु। आफ्नो भागमा परेका भागभोगका कुरा सबै व्यहोरिसकें। अब त आफ्नो शरीर आफैलाई बोझ लाग्न थाल्यो। उताबाट खोजी भए पनि हुन्थ्यो। अब

बाँच्ने रहर पुग्यो ।' अरू वेला त आमाले यो कुरा त्यसै भनेको होला अथवा हामीले राम्रोसँग हेरविचार गर्न नसकेको हुँदा अप्रत्यक्ष ढङ्गले असन्तुष्टि पोखेको होला भन्ने लाग्थ्यो तर आमालाई जब केही कपडा चाहिएको छ कि, केही किन्नुपर्छ कि भनेर जब हामीले सोध्थ्यौँ, त्यसको जवाफमा उहाँ भन्नुहुन्थ्यो– 'मेरा लागि केही नकिन्नू, दुई तीन जोर कपडा छन्, अब मैले घिनै फटाउन पनि भ्याउन्न होला, खेर जान्छन् । किन्नै पऱ्यो भने फाटेपछि किनौँला । बरु तिमीहरूले आफ्ना लागि किनेर रहर पूरा गर ।' त्यस्तो बेला भने मलाई अब आमाको बाँच्ने रहर पूरा भएकै रहेछ कि भन्ने लाग्थ्यो ।

आमाले 'अब जान पाए हुन्थ्यो' भन्दा मैले जिस्के जसरी भन्थेँ– 'मर्ने कुरा भनेको एकभारी घाँसदाउरा काटेजस्तो अथवा भात पकाएर खाएजस्तो हो र बूढीमाउ ? मर्ने, जन्मिने भनेको कुरा लेखान्तमा हुन्छ । त्यसमा एक सेकेण्ड पनि तलमाथि गर्न सकिँदैन, रहर गरेर हुन्छ र ?' अनि उहाँ भन्नुहुन्थ्यो– 'खै, त्यस्तै त होला । अझ कति दुःख पाउन लेखेको छ ।'

उमेरजन्य बुढौली र असक्तताबाहेक आमालाई कुनै गम्भीर प्रकारको रोग थिएन । त्यसैले होला, अब मर्छु भनेपछि पनि उहाँ चार दशकभन्दा बढी बाँच्नुभयो । बा र आमाको स्वभाव पूरै विपरीत थियो । बा फोनमा कुरा गर्न पटक्कै नरुचाउने र आमा दिनदिनै कुरा गर्न पाए हुन्थ्यो भन्ने चाहना गर्ने । त्यसैले आमासँग दुईचार दिन बिराएर फोनमा कुरा हुन्थ्यो । जतिपटक कुरा हुन्थ्यो त्यति नै पटक उहाँ रुँनुहुन्थ्यो र छिट्टै घरमा आइज भन्नुहुन्थ्यो । मैले सान्त्वना दिन्थेँ र छिट्टै घरमा आउँछु भनेर फोन राख्थेँ । यस्तो क्रम केही वर्षदेखि चल्दै आएको थियो ।

त्यो वर्ष अर्थात् २०७२ सालको मङ्सिर महिनाको आधाउधितिर आमाले फोनमा 'एकपल्ट घर आइज, केटाकेटीलाई पनि ल्याउनू, मेरो मन धेरै आत्तिएको छ' भन्नुभयो । मैले 'अस्ति भर्खरै दशैँमा भेटघाट भएकै हो, नआत्तिनू, म फुर्सद मिलाएर आउँला' भनेँ । त्यसको दुई तीन दिनमै भाइले फोन गरेर 'आज राती आमाको नाकबाट असाध्यै रगत बगेछ, सिरक पूरै भिजेको छ' भन्यो । तीन चार वर्ष पहिले बाआमालाई जाडो नलागोस् भनेर सिरकमुनि राख्न एकेकवटा न्याना हल्का ब्लाङ्केट र एउटा इलेक्ट्रिक हिटर लगिदिएको थिएँ । ती दुवै कुराको उपयोग राम्रो भएको भनी दुवैजनाले सन्तोष व्यक्त गर्ने गर्नुहुन्थ्यो । मैले पनि बाआमाको आशिष पाएको महसुस गर्थें । मैले सिकाए अनुसारै गोडामुनितिर अलिपर हिटर राख्ने, कोठाको भेन्टिलेटर खुल्ला राख्ने र सकेसम्म कोठा तातेपछि हिटर बन्द गर्ने गर्दै आएकोमा त्यस दिन सबै मान्छे बाहिरिएपछि टाउकोतिरबाट चीसो आयो भनेर आमाले हिटर टाउको नजिकै सार्नुभएछ । बुढेसकालको शुद्धिले काम गरेन होला, रातैभरि टाउको नजिकै हिटर बलेछ ।



त्यही गर्मीले होला, आमाको नाथ्री फुटेर रगत बग्यो । त्यसै कमजोर मान्छे शरीरभरिको रगत बगेर निखेपछि उहाँ झनै कमजोर हुनुभयो ।

भाइको र मेरो सहमति थियो– 'आमाले जहिले पनि आत्तिएर आइज भन्नुहुन्छ, तैँले आमाको अवस्था बुझेर म आउन पर्ने नपर्नेबारे भन्नू' भनेँ । त्यस दिन पनि भाइ र मैले फोनमा कुरा गऱ्यौं । आमाको कमजोरीबाहेक अर्को कुनै रोग र जटिलता छैन । भुट्भुटिने कुरा त सधैँको छँदै छ । त्यसैले हतारिएर जानुपर्ने त्यस्तो कारण छैन । फुर्सद भए त वृद्ध अवस्थाका बाआमा भेट्न जाने कुरा सधैँको आवश्यकता हुँदै हो भन्नेमा म पुगेँ, तैपनि मैले भाइलाई भनेँ– एकपटक स्वास्थ्यकर्मीलाई देखाउनु उचित होला । आमालाई हिँडाउनभन्दा उपयुक्त समयमा स्वास्थ्यकर्मीलाई नै घरमा ल्याउन प्रयास गर्नू । भाइले त्यसै गऱ्यो । सबैको सरसल्लाह हुँदा अब स्वास्थ्योपचारका निम्ति आमालाई उमेर अवस्थाका कारण घरबाट हिँडाउन उचित नहुने भन्ने भएछ । घर नगए पनि अब आमाको स्वास्थ्य अवस्था झन् कमजोर भयो भन्ने कुराले मलाई झनै चिन्तित बनाइरह्यो ।

त्यसको दुई दिनपछि घरमा कोही नभएको वेला आमा घाम ताप्न कोठा बाहिर निस्केर बरण्डामा राखेको सानो बेन्चमा सुत्नुभएछ । एकछिनपछि त्यसबाट खसेर भुइँमा बजारिनुभएछ । पहिलेदेखि नै मुखमा एउटा मात्र दाँत थियो पछारिँदा त्यसले जिब्रो काटेर पूरै दुई चिरा पारेछ । त्यो देखेपछि भाइले छिटो घर आउनुस् भनेर फोन गरे । मैले कुरा बुझिहालेँ र झोला टिपेर घरतिर लागेँ । बाटैभरि मन आत्तियो । अनेक सोच र तर्कना आए । घर पुग्दा आमालाई बरण्डामा सुताएर वरिपरि मान्छे बसेका थिए । त्यो अवस्थामा आमालाई देख्दा अनायसै मेरा आँखा रसाएछन् । आमाले आफ्ना दुवै हातले मेरा हात बलियोसँग समाइरहनुभयो । दुई आँखाका छेउछेउबाट आँसु बगेर कानसम्म पुगे । एकछिनपछि मुख बाएर चिरिएको जिब्रो देखाउनुभयो । आमाको जिब्रो त सर्पको जस्तो दुईकापे पो भएछ, मिलाएर काटेजस्तो । त्यस्तो कसरी भयो भनेर मलाई अचम्म लाग्यो । आफ्नो त्यस्तो अवस्थामा पनि मसँग रिसाएजस्तो गर्दै 'किन एक्लै आएको, बुहारी र बाबुलाई सन्चै छ' भनेर इशाराले सोध्नुभयो । त्यसपछि आफ्नो नाकबाट कसरी रगत बग्यो, बेन्चबाट कसरी लडियो भनेर बताउन खोज्नुभयो । ज्यानमा तागत केही थिएन । शरीरमा रगत निखिएर अनुहार पूरै सेतो थियो । त्यसमाथि जिब्रो त्यस्तो । अलिअलि बुझिने बोली आयो । त्यही अस्पष्ट बोली र अन्य हाउभाउबाट केही कुरा मैले बुझेँ ।

त्यो वेला आमाका निम्ति औषधोपचारको कुनै गुन्जायस थिएन । अब थप आयु वा जीवनको कामना गर्नु पनि उहाँलाई कष्ट होस् भनेर चाहना गर्नुजस्तै हुन्थ्यो । एकछिन उहाँसँग बसेपछि धारामा गएर लामो यात्रापछिको

अनुहारमा टाँसिएको धुलो, पसिना र आँसु पखाल्दा मैले यस्तैयस्तै सोचेँ । अभ्र अघिअघि आमाले आफ्नै मृत्युको चाहना गर्नुहुन्थ्यो त्यस पटक मैले पनि आमाको शीघ्र परलोकको कामना गरेँ । कुनै दिन यस्तो पनि आउँदो रहेछ, जहाँ आफ्नै आमाको छिटो मृत्युको कामना हुने रहेछ ।

हामी सबैलाई थाहा थियो– आमालाई सन्चो भएर फेरि पहिलेजस्तो हुने सम्भावना छँदै थिएन । जिब्रोको कारण बोल्न र केही खान पनि मिल्दैनथ्यो । दूध र बिस्कुट घोलेर मुखमा राखिदिँदा पनि भित्र छिर्नुको सट्टा बाहिरै फर्किन्थ्यो । बिहान घाम लागेपछि बाहिर बरण्डामा सार्ने र बेलुका घाम डुबेपछि भित्र लैजाने । वरिपरि बस्ने, दिसापिसाब गरेका कपडा फेरिदिने । यत्ति हो अब आमाका निम्ति गर्न सकिने । भेट्न आउने मान्छेहरू आइरहन्छन् र बोलाउँछन् । कहिले आँखा पुर्लुक्क हेरेर बोल्न खोज्नुहुन्छ कहिले त्यति पनि गर्नुहुन्न । बोल्न खोज्दा पनि जिब्रोले साथ दिएन ।

सन्चो पनि नहुने र प्राण पनि नजाने अवस्था धेरै दिन रहँदा आमाले थप दुःख पाउने सम्भावना बढ्दै गयो । कुरेर बस्ने हामीहरू भएपछि तेस्रो दिनदेखि मैले भाइलाई अफिस जाने आउने गर्न अह्राएँ तर किनकिन अरू मान्छे भए पनि भाइ नहुँदा दिनभरि मैले तितान्त एक्लो महसुस गर्ने गर्थें । एकान्तमा बस्न म अभ्यस्त मान्छे हुँ तर घरमा भाइ नभएको बेला अहिले पनि किन किन मलाई हतास लाग्छ ।

आमाको अवस्था त्यस्तै थियो । एघारौं दिन अर्थात पौष चार गते शनिवारका दिन बिहान पाँच बजेतिर बा, भिनाजु, दिदीहरू, म, भाइ र अरूहरू पनि एउटै कोठामा आमालाई कुरेर बसेका थियौं । त्यस्तैमा मेरा मनमा कताकता आमालाई हामीले राम्रोसँग खाना खुवाउने कोसिस नगर्दा तागत निखिँदै गएको पो हो कि भन्ने लाग्यो अनि मैले आफ्नो मनमा लागेको कुरा गर्दै सबैजनासँग भनें– आजदेखि आमालाई जबर्जस्ती भए पनि अलि बढी नै खाना खुवाउने कोसिस गर्नुपर्‍यो । सबैजनाले मेरो प्रस्ताव स्वीकार्नुभयो । साथसाथै हिजोअस्तिदेखि नै आमाका तीनवटा पेटीकोट पिसाब फेरेपछि धोएर सुकाउँदा र फेर्दा नपुग्ने अवस्था थियो भन् खाना बढी खुवाएपछि कपडाको समस्या होला कि भनेर डाइपड लगाइदिनका लागि त्यो किन्न श्रीमतीलाई पसलतिर पठाएँ । छोरा पनि सानो हुनाले आमाकै पछि लागेर गयो ।

एकैछिनमा आमा छट्पटिन थाल्नुभयो । दुई दिनदेखिको लयबद्ध सास फेराइमा एकाएक अस्वाभाविकता देखियो । भट्टपट्ट मुखमा पानी हाल्दियौं तर त्यो निलिएन । आँखा ठूलाठूला पारेर मुख बिगार्नुभयो । दुईतीन पटक हिक्कहिक्क गरेपछि आमाले आँखा चिम्लिनुभयो । हतारहतार हामीले कोठाबाट बाहिर सार्दै थियौं । आमाको त्यो हेराइ र चिम्लाइ सधैंका लागि भयो । तुलसीको मठनेर



आमाको शान्त शरीरलाई लमतन्न सुताएपछि एकाएक मेरो मनले खङ्ग्रङ्ग हुँदै भन्यो– लौ, आमा त साँच्चै बित्नुभयो ।

### गरुणपुराणको गनगन

एकैछिन भावुक हुनु छुट्टै कुरा हो नत्र भने हरेक मान्छेले आफ्नो आयु बाँचेर जाने हो भन्ने ठान्छु म तर पनि अल्पायुमै जानेहरूप्रति बढी थकथकी लागिरहन्छ । यस मानेमा आमाको मृत्यु असमायिक हुँदै होइन । त्यति धेरै अकल्पनीय दुःख खेपेर उहाँ ९१ वर्षसम्म बाँच्नुभयो । त्यसैले आमा बित्दा पनि मेरो अन्तरआत्मले त्यति धेरै पीर मानेन । हुन त आमा सधैँ बाँचिरहे पनि हुन्थ्यो जस्तो सबैलाई लाग्छ तर यो हाम्रो चाहनामा चल्ने संसार हुँदै होइन भन्ने सम्भनाले धेरै छट्पटी शान्त बनाइदिन्छन् ।

मान्छेको मृत्युपछिको रहस्य अहिलेसम्म पनि टसमस भएको छैन । कुनै पनि ज्ञान विज्ञानले यसको प्रमाणिक र सर्वसम्मत टुङ्गो लगाउन सकेको छैन । मान्छेको बुद्धि, विवेक, चेतना आदिलाई मैले यहीँनेर सबैभन्दा बढी अभिशप्त देख्ने गरेको छु । आफ्नै बारेको यति शाश्वत पक्षमा अलिकति मात्रै पनि उज्यालो छिराउन सकेन मान्छेको चेतनाले । त्यसले गर्दा मृत्युपछिका अनेक विधिविधानका कुरामा पनि ममा उतिसारो रुचि छैन तर पनि यही समाजको सदस्यका नाताले यसबाट आफूलाई निर्बन्ध वा निरपेक्ष राख्न पनि सकिँदैन ।

धर्म र जातअनुसारका मृत्यु संस्कार छन् । हिन्दू धर्म मान्ने बाहुन क्षत्रीको काजकिरिया तेह्र दिनसम्म गर्ने संस्कार छ । तेह्र दिन नै किन ? भन्नेमा कुनै चित्तबुझ्दो कारण वा जवाफ छैन । सायद कुनै समयमा समाजको अगुवा मृतकका आफन्त, नातेदार आदिले मृत्युको सूचना पाउन र टाढाटाढाबाट जम्मा भएर अन्तिम श्रद्धाञ्जली व्यक्त गर्न मोटामोटी तेह्र दिनको समय भए पुग्छ भन्ने अनुमान गरिए होला र त्यही तेह्र दिनसम्मलाई पुग्ने गरी विधि प्रक्रिया तय गरिए होला अथवा त्यस वेला गाउँठाउँमा जताततै बजारको सुविधा नभएकाले मृतकको अन्तिम संस्कारसम्बन्धी काममा चाहिने सरसामान किनमेल गर्नका लागि हाटबजार मा जानुपर्ने हुँदा समय अलि बढी नै राखिएको होला । त्यसमा वर्षौं वर्षसम्म कसैले प्रश्न नउठाई खुरुखुरु त्यही मान्दै जाँदा तेह्र दिने अवधि अकाट्य वा देवविधान नै हो कि जस्तो पर्न गयो । आजसम्म त्यही चल्दै आएको छ । यो मेरो सामान्य अनुमान मात्र हो । त्यस्तो नहुन पनि सक्छ तर मलाई त्यसमा समयानुकूल परिमार्जन गरी पाँच वा सात दिन बनाउनु उचित हुन्छ जस्तो लाग्छ किनभने किरिया बस्ने मान्छेको स्वास्थ्य संवेदनशीलताको हिसाबले, आजको मान्छेको कार्यव्यस्तताको हिसाबले र आफन्त आदि आइपुग्न सञ्चार तथा यातायात सुविधाका हिसाबले पनि यसमा संसोधन जरुरी छ ।

तर यस्तो कुरा सोँच्न जति सजिलो छ त्यसको कार्यान्वयन त्यत्तिकै गाह्रो

हुँदो रहेछ । अरूको हकमा यस्तो बेला दवाव दिन नसकिने र आफ्नै हकमा पनि घरका बुवाआमा, दाजुभाइ, दिदीबहिनी आफन्तजन आदिलाई चित्त बुझाउन नसकिने रहेछ । किरिया बस्ने स्वयंले त्यस्तो प्रस्ताव राख्यो भने बाबुआमा अर्थात् मृतकप्रति श्रद्धा नभएको, काजकिरिया गर्न अप्ठेरो मानेको पापीजस्ता गम्भीर आरोप खेप्नुपर्ने रहेछ । आफन्त र छोराहरू वा सबभन्दा नजिकको नातेदारले चलेको चलनभन्दा बाहिर गई अन्यथा गर्दा मृतकको कतै नरकवास पो हुने हो कि भनेर त्यस्तो आँट गर्न नसक्दा रहेछन् । यस्तो प्रस्ताव राख्ने बित्तिकै मृत्युसंस्कार केही पनि नगर्दा अथवा घाटमा लगेर नजलाउँदा वा काज-किरिया नै गर्दै नगर्दा पनि के हुन्छ र ? मृतकले आएर केही भन्ने वा दवाव दिने गर्दैन क्या रे ! भनेर अप्ठेरो पनि पारिँदो रहेछ ।

फेरि मृत्यु संस्कार गर्दै नगर्ने कुरा पनि गर्दा रहेछन् कसै कसैले । त्यो पनि सोच्न नसकिने कुरा लाग्यो । बाटोमा एकैछिन भेटेको मान्छेसँग त छुट्टिँदा औपचारिकता पूरा गरिन्छ भने आफ्ना बाआमा अथवा नजिकका आफन्तको अन्तिम बिदाइ नगर्ने र उनीहरूको सम्झना नै नगर्ने कुरा अरू पशुपक्षीका निम्ति सुहाउँदो भए पनि मानवका निम्ति कदापि राम्रो हुन सक्दैन ।

आमाको काजकिरियाको काम तेह्र दिनबाट घटाएर पाँच वा सात दिनमा सकौँ भन्ने कुरा मनमा जति बलियोसँग बसेको भए पनि त्यस्तो शोकको वेलामा ९१ वर्ष उमेर पुगेका वयोवृद्ध बा, दिदीहरू र भाइका अगाडि मैले राख्न सकिनँ । समाज पुरानै ढर्रामा चलिरहेको हुन्छ र त्यसमा कसैले धक्का नदिने हो भने त्यो त्यही ढङ्गले चलिरहन्छ भन्ने कुराको राम्रो अनुभव त्यसैबेला गरियो । त्यस्ता कुरा धेरै आए । किरियापुत्रीले स्टीलको भाँडोमा तताएको पानी खान हुँदैन भनेर सुरुमा त कडा प्रतिबन्ध लगाइयो । पुस महिनाको चीसोमा तातोपानी खान नपाएको झोकमा त्यसो भन्नेहरूलाई हाम्रो पानीको मूल वा स्रोत नै फलामको चापाकल हो भनेपछि उनीहरूको मुखमा बुझो लाग्यो । फलफूल खानै हुन्न भन्नेहरूलाई भगवान्लाई चढाइने चीज शुद्ध हुन्छ कि अशुद्ध भनेर प्रतिप्रश्न गर्नुपऱ्यो । हिमाली भेडा च्याङ्ग्राको ऊन सयौँ जनाले हजारौँ पटक थुक लगाउँदै धागो बाटेर बनाइएको परम्परागत काम्लो शुद्ध हुने तर घाँसपातको रेशा आधुनिक मेशीनले बुनेको चाइनिज ब्लाङ्केट अशुद्ध हुने कुरा पटक्कै चित्तबुझ्दो नभए पनि कट्टरपन्थीहरूलाई सम्झाउन सकिएन । तर्कमा शक्ति छ, बलियो तर्कले तर्कहीनतालाई सजिलै परास्त गर्छ भन्ने अनुभव पनि भयो ।

सबैभन्दा समस्याको कुरा थियो– गरुडपुराणको । केही पटक सुनेको र अग्रज लेखकहरूले धारणा व्यक्त गरेको आधारमा मेरो मनमा गरुडपुराण भनेको सर्वाधिक निकृष्ट प्रकारको रचना हो भन्ने अमिट छाप बसेको छ । उता आमा बितेको पाँचौं दिनमा आएर घरमा गरुडपुराण बसाल्नुपर्ने कुरा जोडतोडसँग



उठन थाल्यो । यसमा त कुनै हालतमा पनि पराजित हुन हुँदैन भनेर मैले पनि आफूलाई मानसिक रूपमा बलियो पार्दै लगेको थिएँ ।

गरुडपुराण हाम्रो समाजमा थाहा छैन कुन समयदेखि एकदमसँग तिखारिएर बसेको त्यस्तो काँडा हो जुन कतिबेला कसको घरमा मृत्युको बज्रपात पर्ला र त्यही मौका पारेर सोला समान भई मुटुमा रोपियुलाँ भनी ढुकेर बसेको हुन्छ । कुनै पनि रचनाका सुन्दर पक्ष सबल हुन्छन् तर गरुडपुराणका सुन्दर पक्ष भने केही छैनन् । नजिकका आफन्तको देहान्तले सबैजना मर्माहत भएको वेला त्यो फणा उठाएर अट्टहास गर्दै आउँछ र 'इमोसनल ब्ल्याकमेलिङ' गर्न थाल्छ । मानौं, मृतकलाई स्वर्गको बाटो सुनिश्चित गर्ने एक मात्र अधिकार प्राप्त पथप्रदर्शक भनेको त्यही गरुडपुराण मात्र हो । मृत्युको यति ठूलो रहस्यबारे त्यो पूरै बेखबर छ तर स्वर्ग र नर्क अनि त्यहाँ पुग्ने बाटोबारे त्यो जति जानकार अरू कोही छैन । त्यसले स्वर्ग र नर्क दुवैतिर जाने बाटोबारे विस्तारमा बताउँछ । मृतकको आत्माले शरीर छाडेपछि विचरण गर्ने प्रत्येक ठाउँबारे जान्ने पनि त्यही गरुडपुराण नै हो । स्वघोषित आफ्नो त्यही अथाह ज्ञान र जानकारीको आड लिएर गरुडपुराणले भन्छ– यी यी र यति यति कुरा दान गरिस् भने तेरो मृतक स्वर्ग जान्छ नत्रभने बाटोभरि अकल्पनीय दुःख भोग्दै नर्क जान्छ र त्यहाँ पनि रौरव पीडा भोग्नुपर्छ । अझ त्यो गरुडपुराण भट्याउने पुरेत वाक्पटुता भएको कलाकार रहेछ भने त त्यसमा थपथाप पारेर सुन्नेलाई भुतुक्कै बनाउँछ । कतिपय ठाउँमा त गरुडपुराण सुनाउन थालेपछि त्यो नसकियुन्जेलसम्म उठेर हिँड्नुहुँदैन भन्दै सुन्नेलाई स्थानहद गरेको पनि मैले देखेको छु । कति हास्यास्पद छ यो, स्रोतालाई डर देखाएर तर्साउने कुरा । मानौं गरुडपुराण भनेको यमराजकै वाणी हो । गरुडपुराण सुनिसकेपछि बाआमाको काजकिरियामा बसेकाहरूमाथि यति ठूलो दवाव पर्छ कि बाआमाको नर्कपट्टिको यात्रा रोक्न जे गरेर भए पनि गरुडपुराणले भने बमोजिमको दानपुण्य नगरी हुन्न भन्ने लाग्छ तर लागेर के गर्नु, औकात शून्य हुँदा त्यो अप्ठेरो सहन नसकेर किरियापुत्रीको मुटु सोहोरिएर घाँटीसम्म आएजस्तो हुन्छ ।

यस्तो परपीडाको ज्वलन्त उदाहरण बनेको गरुडपुराणको म नामसम्म पनि सुन्न नचाहने तर माहौल त्यसैका पक्षमा बनिरहेको थियो । कतिपय समयमा आफ्नो मात्र चाहनाको कुरा पनि नहुने रहेछ । गरुडपुराण त हाम्रो समाजमा परिवारको सम्पन्नता र विपन्नताको, पाप र पुण्यको, आस्तिकता र नास्तिकताको, श्रद्धा र अश्रद्धाको अनि संस्कारी र असंस्कारीको मापक समेत बनिसकेको रहेछ । गरुडपुराण नलगाए घोर अनर्थ हुने पक्ष बलियोसँग उपस्थित हुने अवस्था देखा पऱ्यो । पहिलो डर मलाई बासँग थियो । ९१ वर्ष उमेरका निरक्षर बाले झन्डै साढे सात दशकसम्म आफूलाई साथ दिएकी धर्मपत्नीको निधनमा गरुडपुराण

चाहिन्छ भन्नुभयो भने मलाई ठूलो अप्ठेरो आइलाग्नेछ भन्ने कुराले म सशङ्कित थिएँ । त्यसैले सबैभन्दा पहिले अप्रत्यक्ष रूपमा उहाँको विचार बुझ्न खोजें । बाले त प्रष्टसँग 'तिमीहरू दुई दाजुभाइलाई जे ठीक लाग्छ त्यही गर' भन्नुभयो । मेरो मन ढक्क भएर फुल्यो । उहाँप्रति फेरि एकपटक नतमस्तक भएँ । त्यसपछि भाइलाई सोधें । अरू वेला जस्तै उसले पनि 'तपाईं जे भन्नुहुन्छ' भन्यो । बा र भाइको विचारबाटै म धेरै बलियो भएँ तर दिदीभिनाजुहरू, मेरी श्रीमती र अरू छरछिमेकी तथा आफन्तहरू गरुडपुराणको पक्षमा दृढतापूर्वक उभिएका थिए ।

मैले ती दुई दिनसम्म कसैलाई व्यक्तिगत र कसैलाई समूहमा राखेर गरुडपुराणको यथार्थ पाटोबारे बताइरहें । अनेक उदाहरणहरू दिंदै तरह तरहबाट सम्झाउँदै गएँ । यो परम्पराको अन्त्य गर्न कोही न कोही त कस्सिनुपर्छ र अरूले त्यसलाई पछ्याउँदै जानुपर्छ । एउटा गरीब अथवा निरक्षरले यसको ठाडो विरोध गर्न सक्दैन । त्यसैले हामीले अग्रसरता लिनुपर्छ भनेर युवाहरूलाई सम्झाएँ । बूढापाकालाई पनि धेरै कोणबाट सम्झाउँदै गएपछि केहीको चित्त राम्रैसँग बुझ्यो र केही मत्थरसम्म भए तर केहीले भने ठूला आँखा तर्दै र ओठ लेप्राउँदै हिंडेका थिए । त्यसरी सम्झाउने बुझाउने क्रममा गरुडपुराण तीन पटकसम्म आफैले पढेको छु भनेर पनि ढाँटे तर मैले आफैले पढेको नभई सुनेको र अरूले लिखित रूपमा गरेका टिप्पणी भने पढेको थिएँ । यसरी मैले दुष्ट गरुडपुराणलाई उचित ठाउँमै पछारें ।

आमा बित्नुभयो । गरुडपुराण नलगाएर आमा नर्क जानुहोला कि भन्ने मलाई एक रत्ति पनि शङ्का रहेन । त्यस्तो शङ्का लाग्न सबैभन्दा पहिले त स्वर्ग र नर्कबारेको विश्वास हुनुपर्दो रहेछ । आमा हामीबाट जानुभयो तर कहाँ जानुहुन्छ भन्ने कुरा यता बस्नेलाई थाहा हुँदैन । त्यस्तो थाहा दिनलाई उता गएको मान्छे कोही आएको छैन । आफ्नो क्षमताले नभ्याउने कुरामा धेरै टाउको दुखाउनुको पनि केही अर्थ छैन । तेऱ्हौं दिनसम्म त बाहिरका मान्छे पनि भएका र काजकिरियाको माहौल पनि भएकाले शोकमै पनि एक किसिमको लय बन्दो रहेछ, चौधौं दिनको दिनमा फेरि एक पटक आमा नहुनुको शून्यता र न्यास्रोले विरक्त बनाउँदो रहेछ । अब यताउताबाट आएर घरमा कसलाई सम्बोधन गरेर बोलाउने होला भन्ने प्रश्नको उत्तर नपाउँदा दिनभरि मुटु चस्किरह्यो, चस्किरह्यो ।

एक पटक अग्लो ठाउँमा उभिएर चारैतिर मुख फर्काउँदै चिच्याउन मन लाग्यो आ.........मा......भन्दै ।

ä ã

**के तपाईंले शब्दार्थका साहित्यिक पुस्तकहरू पढ्नुभएको छ ?**



# के गुन के बैगुन

**जेबी खत्री**

संसार जति छ त्यति तिमीले बुझेका छैनौ । जति तिमीले बुझेका छौ, त्यति अरू कसैले बुझेको छैन । यो मेरो जीवनप्रतिको निचोड हो । कतिपयले भन्ने गर्छन् जीवन सङ्घर्ष हो । सङ्घर्षविना जीवन सफल हुँदैन । यही कुरालाई अवलम्बन गर्दै मैले जीवनमा धेरै सङ्घर्ष गरें । कहीं स्वाभाविक रूपमा गरें, कहीं अस्वाभाविक रूपमा गरें । कुनै ठाउँ जानेर गरें हुँला, कुनै ठाउँ नजानी गरें हुँला । कुनै ठाउँमा बुझेर गरें हुँला, कुनै ठाउँमा नबुझी गरें हुँला । सङ्घर्ष त धेरै गरें मैले । जीवनको पूर्वार्द्धलाई फर्केर हेर्दा मेरा अतीतमा बितेका दिनहरू सबै सङ्घर्षमय छन् । जीवनको उत्तरार्द्धमा आइपुग्दा जीवन त सङ्घर्ष होइन रहेछ । यो त दुःख र पीडाको गुजुल्टो पो रहेछ । सङ्घर्षरत दुःख र पीडाको गुजुल्टो रूपी जीवनलाई अगि बढाउने एउटा माध्याम रहेछ, यस्तै लाग्यो । मलाई लाग्छ- संसारमा कोही मान्छे दुःखी छ भने सायद त्यो मान्छे अरू कोही नभएर म नै हो, यद्यपि मलाई पहिलेदेखि नै सुखी व्यक्तिका रूपमा हेर्छन् मानिसहरू तर मलाई के कुराले आफूभित्रै यति दुःखी बनायो, आफैलाई थाहा छैन ।

म निम्न मध्यम वर्गीय परिवारमा जन्मेको मान्छे । पहाडको ठाउँ दुःख-सुख जेजस्तो गरेर भए पनि बाबुआमाको साथमा बित्यो बाल्यकाल । बाल्यकालमा बुवाआमाले त्यति दुःख झेल्न दिनुभएन । जन्मदेखि मृत्युसम्मका मानिसका हरेक समस्याहरू सबै पूरा हुन निश्चय पनि सक्दैनन् । जन्मँदै पूर्ण भएर जन्मने मान्छे त सायदै होला । जन्मेपछि नमरून्जेलसम्म जिउनका लागि गरिने प्रयत्न वा अभ्यास नै रहेछ सङ्घर्ष । त्यही सङ्घर्षको क्रममा प्राप्त सफलता रहेछ भाग्य । म सानैदेखि धनी बन्नेभन्दा पनि सम र देवकोटाजस्तो बन्ने सपना देख्थें । कस्तो असम्भव ! सपना देख्नु पनि नराम्रो कुरा त होइन, यद्यपि महत्त्वाकाङ्क्षा भने निश्चय पनि हो । महत्त्वाकाङ्क्षा पनि जीवनमा नभई नहुने कुरा नै रहेछ । कुनै एउटा मानिस कुनै अर्को मानिसजस्तो ठ्याक्कै उस्तै वा उही हुन सक्दैन । कुनै न कुनै रूपमा होचो-अग्लो, ठूलो-सानो वा नमिल्दो हुन्छ । मानिसले मन बेचैन वा विचलित भएपछि नै सपना देख्दो रहेछ । देशको माया गर्ने बेलै नभई देशको माया गर्ने मान्छे म, कहाँबाट आयो ममा यति सानो उमेरमै राष्ट्रवादको चेतना ? सम्झँदा अहिले पनि अचम्म लागेर आउँछ । सायद २०४५ सालको नाकाबन्दीले हुनुपर्छ । म कुनै असमान्य मानिस होइन । मलाई मेरो घरमा पाहुनाहरू पाहुनाको रूपमा आउँदा फर्कने बेलामा उनीहरूलाई कस्तो हुन्थ्यो, त्यो त मलाई थाहा हुँदैनथ्यो तर छुट्ने बेलामा मेरो मन रुन्थ्यो,

मेरा आँखाबाट आँसु खस्थे । त्यो कसैले देख्दैनथ्यो । कसैले नदेखि रुन्थें म । जसलाई आफ्नो घरमा दुःख छ । ती हाम्रै घरमा आएर हामीसँगै बसिदिए हुन्थ्यो जस्तो लाग्थ्यो । म गाउँकै सोझो व्यक्ति । सबै मलाई यो सोझो छ भन्थे । म कसैलाई नराम्रो भन्दैनथें । कसैले आफूलाई केही भन्यो भने पनि चुपचाप बरु सहिदिन्थें । म आफू रोएर भए पनि अरूलाई खुसी राख्न चाहने मान्छे । स्कुलमा पनि मलाई सोझो देखेर सबैले हेप्थे । कसैले कापी-कलम खोसेर लगिदिन्थे । कसैले खेलमा झेल गरेर जित्थे । कोही कक्षामा बस्दा मलाई पछाडि पारेर आफू अगाडि बस्थे । कोही आफू गल्ती गरेर मलाई दोष लाउँथे । एक पटक मैले सरको हातबाट विनागल्ती नराम्रोसँग गोदाइ खाएको छु । एक जना साथीले अगाडि बसेकी एउटी केटीको केशको चुल्ठोमा उसले नदेखि कागजको फूल बनाएर लगाइदियो र मतिर देखाइदियो । सरले मलाई अफिसमा लगेर पिट्नुभयो । म सरसँग गएर आफ्नो कुरा प्रस्टसँग राख्न सक्दैनथें । सारै डराउँथें । मैले होइन भन्दाभन्दै पनि सरले पिट्नुभयो । भनिन्छ- मानिसको कर्म अनुसारको बुद्धि हुन्छ रे ! अहिले तिनै मलाई हेप्ने, होच्याउनेहरू अरूलाई झुक्याएर, ढाँटेर अनेक तिक्डम अपनाएर खाइरहेका छन् । म आफ्नै श्रम र पसिनामा बाँचेको छु । आजसम्म कसैको एक रुपैयाँ पनि खाएको छैन र कसैसँग हात थाप्न जान पनि परेको छैन, बरु तिनैले मेरो धेरथोर खाएका छन् ।

आफन्तहरूसँग एउटै परिवारजस्तो भएर बस्न रुचाउने मानिस म । मैले आफन्तहरूका लागि कत्ति गरें । केसम्म गरिन र ? मैले उनीहरूलाई आफ्नो गाँस काटेर पनि दिएँ । उनीहरूले मेरो आधा शरीर काट्दासमेत मैले ऐया ! आत्थु ! भनिनँ । खुर्कन त के कति पटक खुर्किए । कति पटक ताछे । कति पटक लुछे । कति पटक भाँचे । कति पटक चिमोटे । कति पटक नङ्ग्याए । कति पटक दरफन्याए । लेखाजोखा छैन । यति हुँदा पनि मैले कहिल्यै ऐया ! आत्थु ! र नाइनास्ति गरिनँ । विडम्बना मैले जसलाई पहिलेदेखि हेरचाह, सेकताप, भरथेग गरेर आर्थिक रूपले खुट्टा टेक्न सक्ने बनाएँ । तिनै अहिले मेरो विरुद्ध षड्यन्त्रमा लागे । बैगुनीलाई गुनले मार्नुपर्छ भन्थे । मैले तिनलाई कहिल्यै गुनले पनि मार्न सकिनँ । सम्पत्ति कमाएपछि शत्रु बढ्छन् भन्थे, साँच्चै हो रहेछ जस्तो लाग्यो । हुन त मसँग त्यत्रो विधि सम्पत्ति पनि केही थिएन । मान्छेलाई भनी, गरी बिझाउनुपर्दो रहेनछ, आफै टेढिन थाल्दा रहेछन् । मैले जीवनमा कहिल्यै कसैको कुभलो चिताइनँ । भलैभलो चिताउन नसके पनि कसैको अवनति होस् ठानिनँ । मैले जानाजान कसैलाई बिगारिन, यद्यपि मलाई जानाजान बिगार्ने र बिगार्न चाहनेहरू धेरै छन् । राम्रो मान्छे अहिलेको जमानामा कहाँ राम्रो हुँदो रहेछ र ? अहिलेको जमाना त जालीझेली, फटाहा, ठग, कमिशन, दलाहा, दलाली, छलकपट, अर्काको आँखामा छारो हाल्नेको मात्र रहेछ । आफ्नो स्वार्थ कताबाट कसो गर्दा पूरा हुन्छ जस्तोसुकै मूल्य चुकाउनुपरे



पनि चुकाउनेहरूको रहेछ । त्यस्तै मान्छेलाई सबैले चिन्छन् । त्यस्तै मान्छे सबैको राम्रो पनि हुन्छ । इमान्दारसाथ आफ्नो लाइनमा हिंड्ने मान्छे त अहिले एक्लो हुँदो रहेछ । उसैले पाउँछ दुःख । उसैले पाउँछ पीडा । भुक्तमान भोग्नुपरे कसैले त्यस्तै मान्छेले भोग्नुपर्दो रहेछ । त्यो मैले भोगेको छु ।

मैले धेरै मान्छेहरूको हुँदो गरेको छु । मानिस सियो बनेर पस्दो रहेछ र फाली बनेर निस्कँदो रहेछ । दुःख देख्दा दया पलाएर आउँछ । दिएर पठायो । आज दियो । भोलि दियो । पर्सि दियो । दिँदादिँदै आफ्नो थाल रित्तिँदा पनि भयो नभन्ने, अनि अब भेटिँदैन, पाइँदैन भन्ने भएपछि मुखमै नहेर्ने हुँदा रहेछन् । पराइका के कुरा गर्नु । आफ्नै मान्छे हुँदा रहेछन् काइते । मैले जीवनभरि सेवा गरेका सबै मान्छेहरू यस्तै भए । मन बुझाउन कहिले त भगवान् नै देख्रे भएर हो कि जस्तो पनि लाग्छ । खान पाउन्जेल आफ्ना, पाउन छोडेपछि सबै बैरी । जसको कारण जीवनभर पश्चात्तापभन्दा अरू केही हात लागेन, यद्यपि आफ्नो हात रित्तिए पनि अरूको हात भर्न पाउँदाको आनन्द भने छुट्टै हुँदो रहेछ । कत्ति पटक मैले आफूले नखाई नखाई पनि अरूलाई खुवाएको छु । उनीहरूले बिर्से पनि मलाई भगवान्प्रति त्यति विश्वास छैन । यदि भगवान् छन् भने भगवान्लाई थाहा होला, अनि पक्कै उनले ममाथि न्याय गर्नेछन् । मैले सेकताप, भरथेग गरेका मानिसहरू आज मभन्दा पनि कत्ति माथि पुगिसकेका छन् । म भने जस्ताको तस्तै छु । मैले लगाएका सबै गुन उनीहरूले बिर्से । हिजो कुन अवस्थामा थिएँ र आज कुन अवस्थामा आइपुगेको छु । यो सब कसको सहयोग र मद्दतले भयो भन्ने कुरा नै बिर्सिदिए । अहिले तिनीहरू नै मलाई परेको बेला सहयोग गर्नु त के मलाई नै माटामा मिलाउन लागिपरेका छन् । बोलचाल, आउजाउ र आत्मीयताका त कुरा छोडौं । मुखमै हेर्दैनन् । पानी बाराबारको स्थिति छ । म त कति सोझो रहेछु । को मान्छे कस्तो चिन्न नसक्ने । कोसँग नजिकिने कोसँग टाढै रहने भन्ने थाहा नपाउने ।

मैले जीवनमा त्यस्तो कुनै धनी मान्छे बन्ने महत्त्वाकाङ्क्षा कहिल्यै राखिनँ । इच्छा पनि राखिनँ । सामान्य, मानिस जन्मेपछि नमरुन्जेलका लागि खान, लाउन, दुख-बिमार हुँदा उपचार गर्न, केटाकेटीहरूलाई शिक्षादीक्षा दिन सकियो भने बस यत्ति त हो नि भनी ठान्थें । यदि उनीहरूले जस्तो मनमा कपट, स्वार्थ राखेर आफ्नै हुँदो मात्र हेरेको भए आफ्नै हुँदो मात्र गर्थे हुँला । मैले कहिल्यै त्यस्तो सोचिनँ । आफै मात्र हुने-खाने होऊँ । अरू जेसुकै होऊन् । यदि मैले यस्तो सोचेको भए आज म अर्कै स्थान वा योभन्दा धेरै पर पुगिसक्ने थिएँ । मैले कसैसँग पनि रिस, राग, ईर्ष्या, डाह राखिनँ । मलाई कहिल्यै यस्तो गर्न आएन । कसै विरुद्ध जालझेल गरिनँ । गरें त मैले आफ्नै पाखुरीको ईर्ष्या गरें । मलाई कसैको खुट्टा तानेर आफू माथि पुगौं भन्ने पनि लागेन । मैले कसैको खुट्टा तान्न जानिनँ । मलाई जानी जानी अर्काको मन दुखाउन कहिल्यै आएन,

बरु मेरै मन छिया-छिया बनाए तिनीहरूले, तथापि मैले सहें । बालकृष्ण समले भनेझैं- सहुसहु सहनै नसके पनि सहु ।

कहिले त अतिचार भएपछि त्यसको प्रतिवाद गर्नै पर्दो रहेछ । मैले जीवनमा बुझ्न नसकेको कुरा मानिस किन मानिसका विरुद्ध यति विघ्न भएर खनिन्छ ? कसैलाई भनी-गरी नबिझाउँदा पनि किन मानिस कसैप्रति यति कठोर बन्छ ? मानिस सधैं अरूलाई पनि आफूजस्तै देख्न चाहँदो रहेछ । आफूजस्तै बनाउन चाँहदो रहेछ ? भनिन्छ- बाँदरले आफू पनि घर बनाउँदैन र अरूले बनाएको पनि सहँदैन । गरी खायो भने पनि रीस गर्दा रहेछन् मानिसहरूले, गरी खाएन भने पनि हेप्दा रहेछन् मानिसहरूले । समाजमा यस्ता मानिसहरूको झुन्ड नै हुँदो रहेछ तर मैले कहिल्यै कसैमाथि त्यस्तो गर्न जानिनँ, बरु गरिखानेहरूलाई सकी नसकी सहयोग र भरथेग गरें । सबै मानिस कहाँ आफूजस्ता हुँदा रहेछन् र ! म त कहिलेकाहीं आफै छक्क पर्छु तिनीहरूको व्यवहार देखेर । मानिस मानिसजस्तो लाग्दैन । मान्छेको रूप मात्रै छ । राक्षसको जस्तो व्यवहार गरेको देख्दा अचम्म लाग्छ । आफूले पालेको चराले आफैलाई ठुङ्छ भन्नुहुन्थ्यो हजुरआमा । त्यति वेला म सानै थिएँ । के भनेको होला यो ? कसरी आफूले पालेका चराले आफैलाई ठुङ्छ भने जस्तो लाग्थ्यो त्यतिबेला । अहिले सम्झन्छु- त्यो हजुरआमाले भनेको कुरा गला लाग्छ । साँच्चै हो रहेछ जस्तो लाग्छ । आज मैले खुट्टा टेकाएका ती आफन्त भनाउँदा पराइ रूपी चराले मेरै आँखा ठुँडे । भनिन्छ- सर्पलाई दूध खुवाएर पाले पनि त्यसले एक दिन आफैलाई ठुँड्छ । साँच्चै आज यस्तै भयो । बैगुनीलाई गुन लाउन हुने रहेनछ । गुन भनेको एक पटकलाई पो हुन्छ । सधैं त लाउन सकिन्न नि । सम्झिनेले नसम्झेपछि के लाग्दो रहेछ र ? तिनै आज खान पाउन छोडेपछि मेरो उछित्तो काढ्न लागि परेका छन् । मै उस्तो भएको छु । मै नराम्रो भएको छु । जसले जे भने पनि को कस्तो भन्ने कुरा त समयले देखाउँछ । सत्य-सत्य, झुट-झुट, राम्रो-राम्रो, नराम्रो-नराम्रो, असल-असल, खराब-खराब छुट्टिने दिन कहिले आउला ? बुवा भन्नुहुन्थ्यो- दिन नलागोस् मान्छे लागेर केही हुन्न ।

आज मानिसहरू मेरा विरुद्ध खनिनुको कारण यही रहेछ कि मेरो उन्नति र प्रगति देखेर जलेका रहेछन् । मैले त्यस्तो कुनै ठूलो चामत्कारिक उन्नति र प्रगति पनि के नै गरेको थिएँ र ? केही पनि गरेको होइन । मेरो उन्नति र प्रगतिले तिनीहरूको आकाश खस्नेवाला पनि थिएन । समाजमा यस्ता मानिसहरूको झुन्ड हुँदो रहेछ । आफूले नचाहेको व्यक्तिले गरी नखाओस् । जसलाई अनेक तिकडम अपनाएर भए पनि उसको साख गिराऊँ । ऊ कुनै क्षेत्रमा पनि आफूभन्दा माथि नपुगोस् । यस्ता सोचाइका मानिसहरूले खेल्ने यो षड्यन्त्रको काइते खेल रहेछ । मैले अर्काको कुभलो चिताउने मानिसको कहिल्यै भलो भएको देखेको छैन । आफू पनि गरी खाऔं र अरूले पनि गरी



खाऊन् भन्ने भावना मानिसमा जबसम्म विकास हुँदैन, तबसम्म समाजमा यस्ता तुच्छ, नीच र दैत्यहरूको नै दाइँ भइरहन्छ । यस्तै प्रवृत्तिका मानिसहरूले घर परिवार, छरछिमेक र आफन्तबीच झगडा लगाइदिने । त्यसबाट आफूले फाइदा लिने गर्छन् । गाउँ, समाजमा यस्तै धूर्त र काइते प्रवृत्तिका मानिसहरूको नै बोलवाला चल्दो रहेछ । यस्ता मानिसहरूको समाजमा उपस्थिति रहेसम्म सभ्य समाजको निर्माण हुन सक्दैन । यी समाजका कुतत्त्व हुन् । यी समाजका कीरा हुन् । अरूलाई परिवर्तन गर्न चाहनेले सुरुवात आफैबाट गर्नुपर्छ । आजका युवाहरूले यस्ता प्रवृत्तिका मानिसहरूलाई ढिम्किन नदिई एउटा सभ्य समाजको निर्माण गर्नु आवश्यक भएको छ ।

जीवनको पूवार्द्ध अरूकै स्यहार-सुसार, सेवा, सरसहयोग र भरथेगमै बित्यो भने जीवनको उत्तरार्द्ध आत्मरक्षा गर्नमै तल्लीन रहनुपरेको छ । मेरा जीवनका यी पूर्वार्द्ध र उत्तरार्द्ध दुवै क्षण सङ्घर्षशील रहे । त्यसैले मैले जीवनभर सङ्घर्षै-सङ्घर्ष झेल्नुपऱ्यो । आफूमात्र बाँच्नका लागि भए यति धेरै सङ्घर्ष र दुःख, कष्ट गर्नुपर्ने थिएन होला । जीवनको आधा उमेर त अर्काकै लागि बित्यो । अर्काको सेवामै बितेका मेरा जीवनका ती दिनहरूले थाहा छैन पाप कमाए कि पुण्य कमाए । अर्काको सेवा नै धर्म हो भन्ने भावनालाई शिरोधार्य गर्दै सकी नसकी, खाई नखाई सेवा भने पनि सरसहयोग भने पनि गरियो तर पछि आएर ती सबै गुन बैगुनमा परिणत भए । मसँग लिने कुरा लिइसके अनि अब पाइँदैन र छैन भन्ने बुझेपछि र मेरो टोक्री साफ गरेपछि अब आफूले दिनुपर्छ भनेर ती सबै बैरी भए । सानो छँदा मैले कसैले कसैलाई यो त कोखमा दाह्रा भएको मान्छे हो भनेको सुनेको थिएँ । यसो भनेको सुन्दा मलाई आश्चर्य लाग्थ्यो । कसरी मान्छेका कोखमा दाह्रा हुन्छन् भनेर । मैले कत्ति पटक त आफ्नै कोखाउँदो छामेको पनि छु । यो त राम्रो होइन रहेछ । कतै मेरा पनि कोखाउँदो दाह्रा छन् कि भनेर । कोखाउँदो कतै दाह्रा नभेटाएपछि मात्र म ढुक्क भएथें । मेरा त कोखमा दाह्रा छैनन् भनेर खुसीले उफ्रेथें । त्यो त यस्तै मान्छेलाई लाक्षणिक रूपमा भनिँदो रहेछ, पछि थाहा भयो ।

कत्ति बुढापाकाहरू भन्ने गर्थे- आफ्नो मान्छेभन्दा त बरु पराइ नै बेश हुन्छ । किन यसो भनेको होला ! कसरी आफ्नो मान्छेभन्दा पराइ बेश हुन सक्छ ? आफन्त भनेको आफन्तै हो । परी आउँदा सरसहयोग हुन्छ । दुःखसुखमा साथ पाइन्छ । आफन्तले आफन्तलाई दुःख पर्दा हेर्छन्, हेर्नु पनि पर्छ । आफन्तले आफन्तलाई दुःख पर्दा नहेरेर अरू कसले हेर्छ ? सबैको सोचाइ एउटै हुँदो रहेनछ । गुन देख्ने मान्छेले मात्र गुन देख्दो रहेछ । गुन नदेख्ने मान्छले गुन पनि वैगुन नै देख्दो रहेछ । भनिन्छ- मानिसलाई सल्लाह पनि मागेपछि मात्र दिनुपर्छ । नमागीकन दिएको सल्लाहको कुनै अर्थ हुँदैन, अनर्थ हुन्छ रे ! सरसहयोग पनि ठिक्क र मागेपछि मात्र गर्नुपर्दो रहेछ । बढी भयो भने पनि

पच्दो रहेनछ । उनीहरूलाई आफ्नो ठाउँमा राखेर र आफू उनीहरूको ठाउँमा बसेर हेरिकन मात्र गर्नुपर्दो रहेछ । दया-माया पनि चाहिँदो मात्र गर्नुपर्ने रहेछ । हदै गऱ्यो भने पनि आफैले उल्टै अपमान सहनुपर्दो रहेछ । भनिन्छ- चाहिँदो मात्र गर्नु, नचाहिँदो नगर्नु । यो राम्रो पनि होइन रहेछ । भन्छन् नि मिस्री पनि धेर खायो भने तीतो हुन्छ । आफन्त भनेर अति गर्नु पनि राम्रो होइन रहेछ । कहिले त मलाई यस्तो पनि लाग्थ्यो । संसारमा काम नलाग्ने चीज भनेको मानिसको मन नै रहेछ । शरीरका अरू अङ्गहरू सबै-सबै काम लाग्ने रहेछन्, तर मन काम लाग्ने रहेनछ । नराम्रो कुरालाई पनि राम्रो देख्ने । राम्रो कुरालाई पनि नराम्रो भन्ने पनि मन नै रहेछ । लोभ, लालसा, ईर्ष्या, डाहा, स्वार्थ सबै बोकेर हिँड्ने पनि मन नै रहेछ । पाप, कुकर्म, जालझेल सबै अटाउने पनि मन नै रहेछ । आँखाले जतिसुकै राम्रो देखे पनि मनले मन नपराएपछि त्यो नराम्रै हुँदो रहेछ । सत्यलाई पनि मनले नै असत्य बनाई दिँदो रहेछ । रिस-राग पाल्ने पनि मन नै रहेछ । संवेदनशीलताको गहिराइ र उमङ्गको उचाइ नाप्ने पनि मन नै रहेछ । संसारमा सबै कुरा देख्ने पनि मन नै रहेछ । केही कुरा नदेख्ने पनि मन नै रहेछ । दुई दिनको जिन्दगी मरिलानु केही छैन यसो भने पनि अरन-खटन गर्ने मन नै रहेछ । मानिस सबै उही हुन् तर कसैको मन कत्ति निर्दयी हुँदो रहेछ । गुनले गुन खान्छ, तँलाई म खान्छु, भन्ने उखान त्यसै बनेको होइन रहेछ ।

आज मैले आफन्त भनेर मरिमेटेकाहरू नै मेरो उन्नति चाहिरहेका छैनन् । अनेक जालझेल र ट्याक्टिस गरेर मलाई मेरो उन्नति र प्रगतिमा तगारो हालिरहेका छन् । चाहे जुनसुकै क्षेत्रबाट अगि बढ्न खोजे पनि अरू कोही बाधक नभएर तिनै मेरा खुट्टा तान्न र मलाई हरेक सामाजिक, आर्थिक, पारिवारिक रूपमा गिराउन लागिपरेका छन् । कति ठाउँमा त गिराएका पनि छन् । ती हिजो मैले पालेका चराहरूले नै आज मलाई ठुँगिरहेका छन् । म चुपचाप सहन बाध्य भएको छु । यस्तो पनि हुँदो रहेछ । धेरै ठूलाठूला विद्वान्हरू पनि साना-साना कुराहरूमा असन्तुस्ट भएको देख्दा मन बुझाउने ठाउँ पाएजस्तो लाग्छ । गीताले भने झैं- कर्म गर फलको आशा नगर । त्यसलाई मैले आफ्नो कर्म ठानेको छु । जीवनमा म यति धेरै दुःखी र चिन्तित भएर पनि सदैव अर्काकै लागि समर्पित भएँ । सधैंभरि अर्काकै आँसु पुछिरहें । त्यसैले त दुःखी भएँ । अर्काको आँसु पुछ्ने मानिस सधैं दुःखी हुँदो रहेछ । अर्काको खुसी पनि आफ्नै खुसी ठानें । परिणाम उल्टो भयो । पानी पनि थुनिएपछि उल्टो बग्छ स्वाभाविक हो । मनमा पहिरो गयो । जीवनको उत्तरार्द्ध आँसुमा डुब्यो । जीवनमा सबैभन्दा कठिन कुरा सुखका दिन सम्झेर दुःखमा जिउनु रहेछ । मानिस सधैं सुखी मात्र र सधैं दुखी मात्र पनि भइरहँदो रहेनछ । मलाई यो कुरा बुझ्न पनि निक्कै समय लाग्यो । मेरो चाहना यत्ति हो, तिनीहरूलाई पनि थाहा होस् समय सधैं एकनास हुँदैन ।

ä ã



# स्मृतिमा काशी हिन्दू विश्वविद्यालय

**प्राडा. दुर्गाप्रसाद अर्याल**

अनुभूतविषयासम्प्रमोषः स्मृतिः ।११

अभिप्राय बुझिएको र अनुभव गरिएको विषयलाई असंप्रमोष भनिन्छ । ढाकछोप या लुकाई छिपाई नगरी भोगेको र बेहोरेको कुरा प्रकट गर्नु, व्यक्त गर्नु, सम्झनु असम्प्रमोष हो, यसैलाई स्मृति भनिएको छ । अनुभव चार प्रकारका वृत्तिबाट मिल्दछ भन्ने कुरालाई पातञ्जल योग दर्शनमा उल्लेख गरिएको छ । ती चार प्रकारका वृत्ति हुन् प्रमाण, विपर्यय, विकल्प र निद्रा । स्मृति पनि वृत्ति हो । चारओटा वृत्तिबाट आएको अनुभवको विषयवाट पुनः कुनै निमित्तका आधारमा स्फुरण हुने व्यवहार नै स्मृति वा सम्झना हो ।

अनुभव भनेको भोगेर गरेर जानेको कुरा हो । यसबाट पाइने ज्ञान नै स्मृति हो । यो यस्तो सम्झौटो हो जसले अनेक हेक्का दिन्छ । अनुभव भनेको अनुभूति हो । यो प्रत्यक्ष, अनुमान, उपमान र शब्दका माध्यमले गरिने अनुभव पनि हो । आङ्ल शब्दकोशमा यसलाई Perception, Sensation, conjecture, experience, knowledge gained by practical observation or experiment भनिएको छ । स्मृति भनेको वेदको अभिप्राय आशय अनुरूप लेखिएको ग्रन्थ पनि हो । स्मृति वैदिक सनातनी हिन्दुहरूका धर्मग्रन्थ पनि हुन् ।स्मृतिहरू देवता वा ऋषिमुनिले रचेका हुन् । यिनको ५७ सङ्ख्या छ । आचार, विचार, नियम, वेदाङ्ग, इतिहास, धर्म कर्म, व्यवहार, प्रायश्चित्त जस्ता हिन्दू सापेक्ष्य समग्र विषयको उल्लेख गरिएको छ । वैशेषिक दर्शन तर्कसङ्ग्रहमा स्मृतिलाई यसरी औंल्याइएको छ ।

सर्व व्यवहारहेतुर्गुणो बुद्धिर्ज्ञानम्, सा द्विविधा स्मृतिरनुभवश्च । सबै प्रकारको काम र व्यवहारमा कारण र गुणभएको ज्ञान बुद्धि हो, यही ज्ञान हो ।

संस्कारजन्यं ज्ञानं स्मृतिः । संस्कारबाट उब्जेका कुराहरूको ख्याल राख्नु याद गर्नु नै स्मृति हो । स्मृतिका अभावमा मान्छे भ्रममा पर्छ, विभ्रममा पर्छ । कैयौं चक्करमा पर्छ र अन्योल भई बिच्किन्छ । बुद्धि भ्रष्ट हुनु पनि विभ्रम नै हो । पतन हुनुको कारण बुद्धिभ्रंश हो । यसले विनाशको बाटो निम्त्याउँछ । गीतामा यस विषयलाई यसरी छर्लङ्ग पारिएको छ ।

क्रोधात्भवति संमोहः संमोहात्स्मृतिविभ्रमः ।
स्मृतिभ्रशात् बुद्धिनाशो बुद्धिनाशात्प्रणश्यति ।२।६३

संस्कारजन्यं ज्ञानं स्मृतिः यस प्रकारको तर्कसङ्ग्रहको कथनबाट स्मृतिको अर्थ संस्कारबाट उब्जेको ज्ञान हो । संस्कार भनेको तन र मनलाई सुध्याउने र माइने कुरा हो । यो हरेक जातिको धर्मअनुसार गरिने परिष्कारको कुरा हो । वास्तवमा संस्कार हरेक मानवजातिमा हुने र गर्दै आएको पाइन्छ ।

वैदिक सनातन हिन्दुधर्ममा संस्कार विधि पद्धति, व्याख्यामूलक ग्रन्थहरू प्रशस्त छन् । संस्कारले जन्मजन्मान्तरदेखि मथिङ्गलमा भरिएका सामाग्रीहरू सन्दर्भले सम्झनामा आउने गर्दछन् । स्मृतिलाई धर्मर्कमका आचार संहिता मानिएको छ । मानव मष्तिकमा स्मृति र विस्मृतिका धारा बगिरहेका विस्मृत विषय छन् । विस्मृति स्मृतिको उल्टो अर्थ हो । स्मृतिको विपरीत अर्थ दिने विस्मृतिले पनि सकारात्मक नकारात्मक अभिप्राय दिएको पाइन्छ । कतिपय पीडादायक कुराहरू विस्मृत हुँदा आनन्द हुन्छ ।

उपर्युक्त पृष्ठमूमिमा काशी हिन्दू विश्वविद्यालयको संस्मरण मेरा हृदयमा दिनहुँ उर्लिरहेको छ । अलिगढ मुस्लिम विश्वविद्यालय सन् १९०९ मा स्थापनापछि भारतीय हिन्दुजगत्मा ठूलो खैला बैला भयो । त्यसैको परिणाम स्वरूप काशी हिन्दू विश्वविद्यालयको ईस्वी सम्वत् १९१६मा विधिवत् संस्थापन भयो । यस विश्वविद्यालयको प्रकल्पना, संस्थापन र संरचनामा बहुमुखी प्रतिभा सम्पन्न मदनमोहन मालवीयको महत्त्वपूर्ण योगदान रह्यो । जुन विश्वविद्यालय BHU, बनारस, काशी हिन्दूविश्वविद्यालय तीन नामबाट प्रख्यात भयो । वि.सं २००० मा यस विश्वविद्यालयमा नेपाली विषयको पठनपाठन सुरु भयो ।

यति धेरै नेपाली विषयको अध्ययन अन्यत्र कतै पनि हुने गरेको पाइँदैन । UG Diploma, under Graduatt Dploma देखि सर्वाधिक उच्चस्तरीय अनुसन्धान तहको महाविद्यावारिधिसम्मको अनेक तहको नेपाली अध्ययन हुने यस विश्वविद्यालयले विश्वव्यापी ख्याति प्राप्त गरेको छ । तेह्र वर्गकिलोमिटरमा फैलिएको यो आधुनिक र प्राचीन विद्याको केन्द्रीय चर्चित संस्था हो । यस गरिमामय केन्द्रीय विश्वविद्यालय प्राच्य विद्या, धर्मसंस्कृति, तीर्थव्रत, प्राच्य वास्तुकलाको प्रतिनिधित्वपूर्ण स्वरूप भएको यो प्रख्यात विश्वशिक्षा केन्द्र एशियाको ठूलो विश्वविद्यालय मानिन्छ । धेरै विभाग भएको, हजारौंहजार छात्र छात्राहरूको आवास भएको, कर्मचारी र प्राध्यापक तथा पदाधिकारीहरूको समेत आवासको व्यवस्था भएको यसलाई विश्वभरका शिक्षाविद्ले सम्झना राख्दछन् ।

कुनै पनि विश्वविद्यालय प्रचलित विश्वको उच्चशिक्षाको प्राज्ञिक र प्राविधिक प्रक्रियाबाट निरपेक्ष रहँदैन । त्यसैगरी स्थानीय र राष्ट्रिय वस्तुस्थिति र मौलिक गतिविधिबाट पनि निरपेक्ष रहँदैन । त्यसैले विश्वविद्यालयलाई स्थानीय रङ्देखि विश्वको अङ्ग भएको शिक्षण केन्द्र Local to Gloval Ebucational centre भनिन्छ । बनारसमा सम्पूर्णानन्द, काशी विद्यापीठ र बनारस हिन्दू (BHU) गरी तीन विश्वविद्यालय छन् । BHU पूरै केन्द्र सरकारबाट सञ्चालित छ । अरू राज्य वा प्रान्तीय सरकारबाट चलेका छन् ।



काशी हिन्दू विश्वविद्यालय का सम्झनाका तरङ्गहरू मेरा हृदयमा उर्लेर आउँछन् । धर्मप्राण नेपालीका मनमा काशीमा मर्न पाए मोक्ष भइने अगाध श्रद्धा र विश्वास छ । काश्यां मरणान्मुक्तिः यस वचनमा विश्वस्त कैयौं नेपालीहरूले बनारसमा प्राण त्यागे ।अझै पनि कैयौंले मृत्यु पर्खेर मोक्षको कामनाले काशीवास गरिरहेका छन् । काशीको मुक्ति क्षेत्र पञ्च कोशी हो । पञ्चकोशी भनेर पच्चीस कोशको दूरी परिधिको अवगत हुन्छ । मोक्ष भनेको सबै प्रकारका बन्धनबाट छुट्कारा पाएर स्वतन्त्र हुने क्लेशरहित हुने अवस्था हो । वैदिक सनातन हिन्दू धर्म दर्शनमा काशी, मोक्ष र मुक्तिको धेरै विधि र व्याख्या छ । पञ्चकोशी बाहिर परेका BHU को परिसर लगायत वनारसका कतिपय ठाउँमा मर्दा मुक्त भइँदैन भन्ने विश्वास पनि दृढ रहेको छ ।

हाम्रा पितामह पण्डित जगन्नाथले काशी मर्न जाने हुँ भरेर वि.सं १९९० को माघ महिनामा उक्त मुक्ति क्षेत्रमा जीवन विसर्जन गर्नु भएको थियो । महमना मदनमोहन मालवीले काशी हिन्दू विश्वविद्यालय संस्थापन गरेर विश्वको ज्ञान तीर्थ, विद्या तीर्थ र विश्व चैतन्यतीर्थ बनाए । विश्वका विख्यात ऐतिहासिक महत्त्वपूर्ण विद्याकेन्द्रका रूपमा अक्सफोर्ड बेलायत, हार्बोड अमेरिका, काशी हिन्दुविश्वविद्यालय भारत, संसारभरि प्रतिष्ठित र सम्मानित छन् ।

जब म १४ अगस्त २००१ मा कान्छो छोरो मानस र ठूली सबला छोरीलाई साथमा लिएर काशी हिन्दू विश्वविद्यालय वाराणसीमा अतिथि प्राध्यापकमा मनोनयन भएर जाने भएँ, त्यस बेला मनमा सम्झनाका छालहरू उर्ले, प्राडा. हरिराज भट्टराईले दिएको सदाशयपूर्ण सुझावको पनि अचाक्ली याद आयो । उहाँले मलाई धेरै बिएच्युका र नेपाल चेयरका अनुभव बताएर मलाई होस हेक्का दिनुभएको थियो । हामी भारतीय विमानबाट १.२७ बजे दिउँसो काठमाडौंबाट बनारसको बाबतपुर हवाई मैदानमा उत्रिएका थियौं । हामीलाई दुई घन्टा जाँच पडताल गरेपछि मात्र Boarding pass दिएको थियो । मानसले यत्रो जाँच गर्दो रहेछ, कसरी अपहरणकारीले प्लेन भित्र पसेर उपद्रो मच्चायो, जहाज कन्धार पुरायो भनेर मलाई सोध्यो । म पनि तीन छक परें । त्यस वेला नेपालबाट भारतका लागि उडेको विमान आतङ्ककारीबाट अपहरण भएको थियो ।

हामी बेलैमा बावतपुर उत्रियौं । त्यहाँ सास्ती खाइयो, छोरी सबलाको राहादानी थिएन । आखिरमा नागरिकता प्रमाणपत्र भएको पिताका नामका आाधारमा निर्गमन भयौं तैपनि प्रहरीले किचकिच गर्दै थियो । भारतीय विमानमा यो मेरो पहिलो यात्रा थियो, साना छोराछोरीले दिक्क माने, मलाई पनि विश्वविद्यालयको

काजको पत्र देखाउन पर्दा दिक्क लाग्यो । अझ पत्रको भाषामा हेरेर कुमाउनी, गढवाली, भुटानी कौनसा भाषा है यीसम्म भन्न भ्यायो । मैले हेपाहा स्वभावका हवाई मैदानका कर्मचारीको चाल चलन बुझें । हामी रिक्सामा मैदाकिन हुदै विश्वनाथ गल्लीको शङ्कराचार्य मठमा पुग्यौं । मित्र भेषराज तिमिल्सिनाको सत्कार पायौं । गर्मी पनि झरी पनि साँझ पनि मिले । मानसले नदी हेर्न जाऊँ भन्यो । मैले पनि स्नान गरेर विश्वनाथको दर्शन गर्ने प्रस्ताव भेषराज समक्ष राखें । उहाँले बाहिरदेखाउँदै यस्तो घनघोर पानी परेको छ, अहिले नदीतिर जान हुन्न भन्नुभयो । हुन पनि पानी अति परेको थियो । विश्वनाथ जान पनि मुस्किल भयो । १५ अगस्त दिन स्वतन्त्रता दिवस विदा भयो । मनमा 'काश्यां मरणान्मुक्तिः' भनेर काशीमा मर्न आएका मेरा जेठाफुपाजू हेमनाथ घिमिरेलाई सम्झें । त्यसै गरी पूज्य पिताज्यूले गरेको काशीको अभिप्राय पूर्ण अर्थ सम्झदै मनन गरें । पिताज्यूका अनुसार यस्यां अवस्थायां ब्रह्म स्वरूपं काशयति सा अवस्था काशी' अर्थात् जुन अवस्थामा हृदयमा अथवा आत्मामा ब्रह्मको उज्यालो झलमल्ल हुन्छ, त्यही अवस्था काशी हो । त्यस्तो अवस्था पाउन काशीमा नै जानुपर्ने हुँदैन, धर्तीमा जहाँ भए पनि दिलमा ज्ञानको उज्यालो आयो, बन्धनहीन भएर उल्झन अल्झनरहित अवस्थामा पुगियो भने आफैमा काशी छ । धर्तीका जुनसुकै कुनामा पनि काशी छ, यही अभिप्राय काशी र काश्यां मरणान्मुक्तिको रह्यो । यस्तै संझनाका तरङ्मा १४ तारिखको रात बित्यो । अर्को दिन १५ अगस्तमा गङ्गामा स्नान गरी विश्वनाथको दर्शन गरियो । यस दिनभरि ललिताघाट नेपाली मन्दिर, दुधविनायक, मङ्लागौरी धर्मशाला घुमियो । मनमा कति वेला बिएच्यु पुगौं भयो । १५ अगस्तमा हामी ललिताघाट नेपाली धर्मशालामा बस्यौं ।

धर्मशाला, काष्ठकला छुट्टै सजाइएको थियो, यसमा पठन पाठन चल्दो रहेछ । मोक्षार्थी वृद्धवृद्धाहरूको आवास छ । नेपाल सरकारको लगानीमा काठमाडौंकै पशुपतिनाथको शैलीमा बनेको साम्राजेश्वर महादेवको मन्दिर छ, जुन नेपाली मन्दिरका नामले प्रसिद्ध छ । यस मन्दिरमा विदेशी पर्यटकहरू प्रशस्त आउने गर्छन् । यसरी घुम्दा नेपाली विद्यार्थी, तीर्थवासी, तीर्थयात्री र वनारस घरवास भएका व्यक्तिहरू वनारसमा घट्दै गएको सुनियो र बुझियो पनि । संस्कृत विद्याको अध्ययनमा ह्रास र निरन्तरह्रासोन्मुख भएको बुझियो । २०२८ सालमा अध्ययन प्रयोजनका लागि पहिलोपल्ट बनारस पुगेको दुर्गाघाटमा फुपू फुपाजूसँग बसेको सम्झना आयो कति रमाइलो थियो । विपी, पुष्पलाल वनारसमै थिए । राजनीतिक नेपालीहरूको ठूलो चहल पहल थियो । नेपालीहरूको घुँइचो थियो । आज त्यो घुइँचो रहेन, उराठ, लागेर आयो । गर्मीले सबला, मानस छटपटिन थाले, जुस पानीपुरी खायौं । मानसले गङ्गामा पौड्न जाने भन्यो, डर लाग्यो । भदौरे भेल उर्लिएको छ । पानी लेदो छ ।



मनमा कसरी आजको दिन बिताई बिएचयु पुगौं भएको थियो । जीवन सम्झनाकै सरोवरमा डुबुल्की मार्दा प्रफुल्ल वा विरह जे भए पनि एक प्रकारको स्वाद लाग्दो हुँदो रहेछ । यही स्वादमा २००१ को अगस्त १५ को दिन बित्यो, रात पर्नै लाग्यो, पानी ओइरिने जस्तो भयो । हतारहतारमा ललिताघाटतिर कुद्यौं ।

१६ अगस्त बिहान काशी हिन्दू विश्वविद्यालय गइयो । सरासर कुलपति निवास पुग्यौं । उपकुलपतिलाई कुलपति वा चान्सलर मान्ने र भन्ने चलन रहेछ । गेटमा पचासौं सङ्ख्याका सुरक्षाकर्मीहरू थिए । मैले हैसियत र प्रयोजन बताएँ । भित्र खबर भयो । उपकुलपतिका सचिव बाहिर आए, कालो वर्णका मोटा अग्ला भासुर देखिए । पुनः मेरो हैसियत र प्रयोजन बुझाएपछि शिष्टतापूर्वक सचिवले भित्र लगे । भित्र बैठक कोठामा बसेपछि उपकुलपति नुहाउँदै हुनुहुन्छ भने । अरू कुराकानी भए । छोराछोरीलाई चिनाएँ । सबलालाई स्नातकमा अध्ययन गर्न आएकी भने । मानसलाई पाँच कक्षामा पढ्ने बताएँ । मानसलाई हेरेर सचिवले बनारसमा व्याचलरभन्दा तल पढाउनु ठीक छैन, हिन्दीको भार ज्यादा हुन्छ हिन्दी पढेर काम छैन भने । उनी दक्षिण भारतका व्यक्ति रहेछन् । हिन्दीको बोलचाल जानकारी नभएका थिए । चिया समोसा खायौं । पौने घन्टा पछि श्रीमतीसहित उपकुलपति आए । परिचय भयो उपकुलपति दक्षिण भारतीय रहेछन्, श्रीमती जापानी रहिछन् । एकैछिनमा सहरजिस्टार तिवारी आए । तिवारी शैक्षिक प्रशासनका रहेछन् । त्यसै वखतमा आर्थिक प्रशासनका अर्का रजिष्टार भारतीय भाषा विभागका अध्यक्ष एन् ए भारती त्यहाँ जुटे । सबैले २०५८साल जेठ १९ गते भएको नेपालको राजदरबार हत्याकाण्डमाा राजा वीरेन्द्रको वंशनाशका बारेमा सोधे । मैले जवाफ दिएँ । यसपछि भारतीले विभागमा मेरो वहालीको व्यवस्था गर्नुभयो । विभागमा उपप्राध्यापक सञ्जय वान्तवा, डा.दुर्गाप्रसाद अर्याल र प्राध्यापक तमिल भाषा साहित्यका एन् ए भारती तीन जना भयौं । भारतीय भाषा विभाग नेपाली, कन्नड, तमिल उपविभाग संयोजन भएर बनेको रहेछ । कन्नडमा प्राध्यापक विद्यार्थी कोही दखिएनन् । विगत पाँच वर्षदेखि यस्तै रहेछ । तमिलमा एक जना विद्यावारिधि तहमा कार्यरत छात्रा मात्र । नेपालीमा एम् अध्ययनरत एक विद्यार्थी । अर्को U G Diploma अर्थात् अधीन स्नातक उपाधि (Under Graduate Diploma) अध्ययन गर्ने विद्यार्थी पनि यस विभागमा आउँदा रहेछन् । यसमा प्रायः विदेशी विद्यार्थी हुने गरेको पाइयो ।

तीनवटा कोठामा भौतिक रूपमा साँघुरो लाग्यो । अर्को दिन मैले पढाउने कार्यतालिका हातमा थमाइयो । शनिवार र आइतवार विदा हुने यस विश्वविद्यालयमा शैक्षिक कार्यतालिका स्थापना कालदेखि नै तलमाथि नभई चल्दै आएको रहेछ । मैले विभागीय प्रमुखसित आवासको व्यवस्था गर्न अनुरोध गरें । नेपाल अध्ययन केन्द्रमा कार्यरत विष्णु शर्माले मलाई काजमा

खटाइएका र मनोनयन गरिएका कागतपत्रहरू अङ्ग्रेजी भाषामा उल्था गरिदिनुभयो

मैले अङ्ग्रेजी कागत पत्र बनाउन अनुरोध र आग्रह गर्दा शिक्षा मन्त्रालयका कर्मचारीले मानेनन् । आखिर मैले छन्झट बेहर्नु पऱ्यो । शिक्षा मन्त्रालय, त्रिविवि, अर्थ मन्त्रालयमा मेरो फायल सात महिना पूरा घुम्यो । आठौँ महिनमा २०५८साल जेठ १९ गते दरबार हत्याकाण्ड भयो । दशौँ दिन फायल थन्कियो । मभन्दा अगाडि नेपाल चेयरमा गएका दश जनाको काजको परिपाटी केही नभएको को को गएका हुन् विवरण र अभिलेख नरहेको अवस्थाले गर्दा त्यस्तै प्राध्यापक डा.कुमारबहादुर जोशीपछि तीन वर्षसम्म पद रिक्त नै रहन गएको कारणले पनि ढिलो भएको भन्ने कुरा आए । यसरी नौ महिना नेपालमा हन्डर खाएर मात्रै बाटो सोझिएको थियो । बिएच्युमा पनि आवासका लागि चार महिना फायल रिँग्यो । चार महिना गौरीघाट बिएच्यु ओहोर दोहोर गरेँ । बेला बेलामा उपकुलपतिका सचिव खरेले नआत्तिनु होस् चाँडै व्यवस्था हुन्छ भनेर आस्वासन दिन पनि भ्याए । यहाँ पनि उपकुलपति, रजिष्टार तथा डेपुटी रजिष्टारका कार्यालयमा धाउनु पऱ्यो । तीन महिनामा तुलसीदास कालोनीमा व्यवस्था भयो ।

काशी हिन्दू विश्वविद्यालय भौतिक रूपमा हजारौँ सङ्ख्याका भवन भएको रमणीय विद्या केन्द्र हो । अत्यन्त आकर्षित प्राविधिक प्राज्ञिक, प्राचीन आधुनिक, पूर्वीय पाश्चात्य शिक्षाको सङ्गमले गर्दा यहाँ ज्ञानानुशासनको विविधता छ । यसमा नेपाल अध्ययनकेन्द्रको स्वरूप र संरचना भने सानो छ, परिधि साघुरो छ । यस केन्द्रले नेपाल सम्बद्ध आर्थिक, राजनीतिक र चुनौतीका विषयमा हरेक सालजसो दुई तीन दिने गोष्ठी गर्दै आएको छ । अन्तर्विभागीय, भारतीय विश्वविद्यालयीय राष्ट्रिय र अन्तर्राष्ट्रिय तीन खाले गोष्ठी सबै विभागले गर्दै आएको सन्दर्भमा पनि काशी हिन्दू विश्वविद्यालय चिरस्मरणीय छ ।

नेपालबाट काजमा गएका शिक्षकले नेपाली भाषा साहित्यमा गरेको योगदान अविस्मरणीय छ । नेपाली अतिथि शिक्षक प्राध्यापकहरूको भारतीय भाषा विभागमा अङ्कित नामावली यस प्रकार रहेको छ : प्रा. रामराज पन्त, प्रा.तोत्रराज पाण्डे, प्रा. शेषराज शर्मा रेग्मी, ध्रुव आचार्य, ज्ञानबहादुर ढुङ्गाना, प्रा. श्रीमती विष्णु शर्मा, प्राडा. विष्णुराज आत्रेय, प्राडा. हरिराज भट्टराई, प्राडा. रामचन्द्र भट्ट, प्राडा. कुमारबहादुर जोशी, प्राडा. दुर्गाप्रसाद अर्याल, डा. लक्ष्मीकान्त पन्थी, डा. प्रतापचन्द्र प्रधान, डा. शिव पौडेल ।

सन् १९४३ देखि विश्वविद्यालयका संस्थापक महामना मदनमोहन मालवीयको अनुरोधमा वि.सं २००० सालमा यो व्यवस्था भएको थियो । दशलाख रुपैयासहित एक जना नेपाली शिक्षक र नेपाली विषयको व्यवस्था गरिएको सन्दर्भ पनि गरिमामय ऐतिहासिक रूपमा स्मरणीय छँदै छ ।



नेपालका तात्कालीन राजा श्री ५ त्रिभुवन र श्री ३ जुद्ध शमशेरले वनारसी मदनमोहनको सहयोगको अपेक्षा अनुरूप नेपाली विद्वान् र उच्च कर्मचारीहरूको परामर्शमा यस प्रकार प्रबन्ध गरिएको थियो तर यस एतिहासिक प्रबन्धको लिखित विवरण सिहदरबार आगो लागेर ध्वस्त भएको र वनारसमा पनि गायव भएको छ । व्यवहारमा शिक्षा मन्त्रालय नेपाल सरकार तथा वनारस हिन्दू विश्वविद्यालयबाट चल्दै आएको छ ।

पछिल्लो समयमा यसमा सुविधा बढ्दै गएको छ । आधुनिक वैज्ञानिक सूचना प्रविधि र भौतिक विज्ञानका प्रशस्त विभागहरूको स्थापना गरेर यहाँ अध्ययन अनुसन्धानको चल्दै आएको छ ।औषध विज्ञान र इन्जिनियरिङका क्षेत्रमा बिएच्यू अग्रणी छ । यसले भारतीय औषध विज्ञान र आधुनिक विज्ञान र प्रयोग प्रविधिलाई द्रुतत्तर रूपमा विकास विस्तार गरेर जुन कीर्तिमान प्रतिष्ठा कायम गरेको छ त्यतिको अर्को भारतीय विश्वविद्यालय कसैले गरेको पाइँदैन । कृषिका लागि मिर्जापुरमा प्रयोग क्षेत्रको विस्तार भएको छ । आास्तिक-नास्तिक, आधुनिक-प्राचीन, पूर्वीय-पाश्चात्य सबै खाले दर्शनको विश्व आकर्षणको केन्द्र यसमा बौद्ध दर्शनका सम्प्रदायमा विदेशी विद्यार्थी सघन अध्ययनरत छन् । ज्ञानानुशासका नयाँ नयाँ विषय शाखालाई समाहित गर्दै अहिले सबैभन्दा धेरै विभाग छन् यस विश्वविद्यालयमा ।

त्रिनामी (बनारस हिन्दू विश्वविद्यालय, काशी हिन्दू विश्दविद्यालय, बिएच्यू) यसमा वि.सं २०५८-२०६६ सालसम्म ८ वर्षसम्म अतिथि प्राध्यापक रूपमा सेवा प्रदान गरेको मेरो अनुभव र संस्मरण प्रशस्त छन् । कैयौँ मार्मिक कटु ती अनुभवहरू आाजका दिनमा मधुर, ऐतिहासिक र चिरस्मरणीय बन्दै गएका छन् । वनारस वैदिक सनातन हिन्दूका मठ मन्दिरको एकत्रित सङ्गम भएको विद्या धराधाम र पवित्र मोक्षधाम हो । स्वर्गधाम हो, जहाँ स्वर्गीय सुख सौन्दर्यका अनेक भावनाका देवालयहरू छन् । धनुषाकार वाराणसी नगरीको मलमूत्रबाट उत्तरवाहिनी भागीरथी मुक्त हुन सकेकी छैनन् । प्रदूषण प्रचुर गङ्गालाई देखेर गैरहिन्दूले तीव्र तिरस्कार गर्छन् । भारत प्रदूषित बनारस र गङ्गालाई आत्मसात् गरेर लेखेको कवितांश यहाँ प्रस्तुत छ ।

पैह् नो बन्धु गान्धी टोपी लङ्गौटी नहिँ तो क्या हो
जपो माला राष्ट्रियता की रोटी नहिँ तो क्या हो
यह आश्चर्य नहिँ यह है बहुसांस्कृतिक हिन्दूस्तानी दुनियाँ कि मेल
पढे फारसी बेचे तेल देखो भाई कुदरत कि खेल
बनारस जहाँ देव देवीयौं कि समस्त वर्ग हैं
जब तक जिते है तब तक नर्क है लेकिन मरने के बाद स्वर्ग हैं ।

ä ã

# मामासँग जन्त जाँदा

## नरेन्द्रराज पौडेल

बालाई घर बसिरहन त्यत्ति फुर्सद नहुने, आमा आमोईलाई म पटक्कै नटेर्ने, त्यसैले आठ वर्षकै उमेरमा २०१४ साल चैतमा व्रतबन्ध गरेपछि बाले मलाई सीपातीनघरे पठाउनुभयो। अरूसँग कुरा गर्दा आफ्नो गाउँ सीपापोखरेमा स्कूल र लेखपढको वातावरणसमेत नभएकाले छोरालाई मावली पठाउनुपरेको भन्नुहुन्थ्यो। फराकिलो रातमाटे टारमा बसेको, उज्जर घमाइलो तीनघरे गाउँमा परापूर्व कालदेखि बसोबास गर्दै आएका नेउपाने ब्राह्मणहरूको ठूलो जमात थियो। बिहानै भुनुनु माउरी कराएजस्तो वेदध्वनि गुञ्जिने त्यो गाउँमा गएको भोलिपल्टदेखि नै मैले पनि हजुरबा गङ्गाहरि पण्डितको रेखदेखमा शुक्ल यजुर्वेद पढ्न थालेँ। वास्तवमै अलिक समयभित्र गाउँभरि नै साभ्का भानिजको परिचय पनि बन्दै गयो मेरो। उमेरले सानै भए पनि नाताको हिसाबले मावली गाउँभरीको आदर, सत्कारको पात्र बनिसकेँछु। यसले मलाई अलग्गै प्रकारको अस्तित्वबोध र आत्मविश्वास पनि बढाउँदै लग्यो। केही समयपछि नै ठूलाघरे मामाका छोराको विवाहमा जन्त जान मलाई सुपारी र मखमली फूलसहित छुट्टै निम्ता आयो। निम्तामा पाएको फूल र सुपारी बेलाबेला इस्टकोटको खल्तीमा राखौं घरिघरि सानीमालाई देखाउँदै खुसीले भित्रभित्रै कोक्किँदै थिएँ। जन्त जाने दुई/चार दिन बाँकी छँदै हतार लागेर हुटहुटी चल्न थाल्यो। कतिवेर त अहिल्यै हिँडिहाल्न पाए हुन्थ्यो जस्तो पनि लाग्दथ्यो र कतिवेर भने जन्त जाने अनावश्यक हतार गरेकोमा आफैलाई फिस्स हाँसेर उडाउने गर्दथेँ।

'किन एक्लै हाँसेको लाटोबुङ्गोजस्तो ?' बेलाबखत कान्छी सानीमा वेदकुमारी हप्काउनुहुन्थ्यो। केही नबोली उसै दाम्रिएर टारिदिन्थेँ अनि फेरि यसो एकान्त मिल्यो कि निम्तामा पाएको त्यही सुपारी खल्तीबाट भिक्दै, ओल्टाइकोल्टाइ गरेर पल्याकपुलुक हेर्दै फेरि खल्तीमा राख्दै गर्दथेँ। आक्कल-भुकक्ल ओल्लोपल्लो गाउँका बिहेबारी हेर्दै आए पनि बाले व्रतबन्धमा किनिदिएका पानपाते ढाकाटोपी, टसरको कोट र कपडाका जुत्ता लगाएर जन्त जाने यो नै पहिलो अवसर थियो। त्यसैले नयाँ लुगा लगाएर जनसमुदायमा आफूलाई प्रदर्शित गर्न मनमा अटेसमटेस भइरहेका अनेक थरी उत्सुकता र चाहनालाई नियन्त्रित गर्न हम्मेहम्मे परिरहेको थियो। आजभोलि गरेर एकएक दिनको हिसाबमा औला गन्दागन्दै बल्लतल्ल जन्त जाने दिन आइपुग्यो। अगिल्लै दिन माइजुले मेरा दौरा-सुरुवाल, धोती-टोपी पधेरामा धोइपखाली गरेर पट्याईवरी



राखिदिनुभएको थियो। लुगा धोएपछि भने अब जन्त जाने दिन आई नै पुग्यो भनेर खुसीले गदगद हुँदैमा भन्डै रातभरि निद्रा नलागेको! भोलिपल्ट बिहानै हजुरआमाले जन्तमा पनि धोतीपाटा फेरेर खानुपर्ने कुरा सम्भाउँदै दौराभित्र कम्मरमा मसिनो धोती बाँध्न लगाउनुभयो।

'पेटेभोटो फुकाल्दा जनै पनि सँगै आउला, होस गर्नू' भन्नुभएको थियो। उहाँको भनाइमा मैले हरहमेसा लुगा फुकाल्दा सोच्नुपर्ने कुरा थियो त्यो। घरमै बिहानको भातभान्सा सकेर मामाभानिज सँगै नारिएर बिहेघरतिर लाग्यौं। कर्नाल, नर्सिंघा, झ्याम्टा, सनईलगायत थरीथरी बाजाको आवाजमा बिहेघर नै झ्याइँझ्याइँ बजिरहेको थियो, त्यसमाथि मानिसका अनेक थरी गफका हल्लाले वरपरको वातावरण भनै उत्तेजित र भङ्कृत भइरहेथ्यो। रातै सारीचोला, भरिभुट्ट गहना र थरीथरी सिँगारपटार गरेका महिलाहरूले जामा, पटुकी र शिरफेटामा सजिएका बेहुलालाई करूवाको जलधारा लगाएर तीनपटक परिक्रमा गरे अनि फूल-अक्षता पर्सिंदै दहीको अर्घ्य खुवाँउदै उलिनीकाठमा बसााए। दमाइँहरूले नरसिंघा, कर्नाल फुकेर गीत गाउँदै, नाँच्दै अनि टोपी राखेर पैसा माग्दै बाटो लिएका थिए। बाजाको तालमा नाँचेका दमाइँको पछि लागेर बेहुलाको साथमा उमेरमिल्दा केटाहरूसँगै म पनि दर्गुन थालेँ। मावलीघर बसेको केही दिनमै परिचित बनेका र अरू थप केटाहरू पनि विवाहघरदेखि गाउँमुनि पिप्लेचौतारा पुग्दासम्म साथी बनिहाले। मामाहरूको लाठेटोली हामीहरूभन्दा पछाडि समवयस्कहरूको जमातमा गफठट्टा गर्दै चल्दै थियो।

पिप्ले चौतारामा एकैछिन काँध फेरेर थकाइ मार्न नपाउँदै बेहुलो बोकेका डोलेहरू कुदिहाले। हाम्रो जमात पनि उनीहरूका पछिपछि बाटो वरिपरिका पालुवा चुँड्दै, धाइराको फूल टिपेर चुस्तै, कतै लौरा डन्डी नचाउँदै बुङबुङ्ती धूलो उडाएर पछिपछि बुर्कुसी मारिरहेको थियो। ठूलो वनको सिरानमा पर्ने बरबोटे देउरालीबाट जन्तीको हूल खड्पाविसीतिर लाग्यो। ओरालो खलपत्रे बाटो, हिउँदमासमा रूखबाट भरेर बाटैभरि सुकेका सालका पातको डङ्गुर माथि टेकेर हिंड्दै गरेका डोलेभाइहरू चिप्लिएर यताउता पाइला नचाउँदै थिए तर अलि बेरमै हिँडाइमा सन्तुलन कायम राख्न नसकेर मुन्टो जोत्दै पातमाथि लडीबुडी गर्न थाले। उलिनीकाठ यता बेहुला उता भएर जमीन ढोग्न पुगेपछि हाम्रो केटौले टोलीमा पनि हाँसोको फोहोरा छुट्यो। डोली छोडेर सालको पतकरमाथि पधारिएका बेहुला पनि जामा, शिरपोश र जुत्ता टक्टक्याउँदै जुरुक्क उठे अनि रुञ्चे हाँसोमा आफ्नो त्यो हबिगत बनाउने डोलेहरूलाई तथानाम गाली गर्दै पैदलै हिँड्न थाले। सुकेका सालका पातको उरूङ्गमाथि टेक्तै ओरालो बाटो हिँड्न उनलाई पनि हम्मेहम्मे पर्दै थियो। दशबीस पाइला चाल्दैमा उनी आफै पो सुलुत्तै चिप्लिएर डङ्ग्रङ्गै पछारिए। उनकै सिको गरेझैं अरू

हामी पनि चिप्ला पातमाथि अडिन नसकेर भकाभक लड्न थाल्यौं । लड्दै, उठ्दै, फेरि लड्दै, फेरि उठ्दै गर्दा हामी केटाहरूबीच हिमाली झर्नाको फोहोरा छुटेझैं हाँसो फुटेर छरिबरी हुन थाल्यो । बुङ्बुङ्ती धूलो उडेर वातावरण नै रङ्गीन बन्यो ।

उता बेहुलो लडेको थाहा पाएपछि मामाहरूले खुला बाटो छोडेर वनभित्र रूखका अन्तरकुन्तरबाट हिंड्न लगाउनुभयो अनि बल्ल हामी पनि ससाना पोथ्रा, बुट्टा समाउँदै झारपात उम्रिएको जमिनबाट पैदल हिंड्न सफल भएका थियौं तर वनको भित्रभित्रै हिंड्दा पनि वसन्ते, अररी र पैंदलका काँडाले आङमाथिका लुगा चिथोर्ने, टोपीमाथि अङ्कुशे लगाएर अपहरण गर्ने, हातपाखुरा कोपर्ने, तलुवा छेडेर गोडाभित्र घुस्नेजस्ता धृष्टतामूलक दुष्टता देखाएर हैरान पार्न छाडेनन् । वनमा जिउ जोगाउन तितर-बितर भएको जन्तीटोली बिसीफाँटमा झरेपछि पुनः एकत्रित भयो अनि झ्याइँझ्याइँ बाजा बजाउँदै कर्नाल फुक्दै र नरसिंह धूतुतु पार्दै कोइरालटारको वनैवन तेर्सियो । पानी खान इन्द्रावतीतिर झरेका मिर्ग, घोरललगायतका जनावरहरू बाजाको तुमुल ध्वनिले तर्सिएर बुर्कुसी मार्दै बगरभरि छरीवरी भए । बाटो वरपर शीतलमा खेलिरहेका लोखर्के छेपारा भानेमुङ्ग्राहरू पनि बाजाको आवाजले ठूलै प्रलयको आशङ्कामा झाडी, ओढार र पहरातिर अलप हुन थाले । हामी भने आफ्नै रफ्तारमा चलायमान भइरहेका थियौं । अलिबेरपछि आधासरो जन्ती इन्द्रावती पारी जाने हिसाबले जँघारतिर लागे । बेहुला बोक्ने डोलेको पछिपछि हाम्रो दामलका केटाटोली भने बारीबारी नै घाटतिरको बाटो तताउँदै थियो । बाहुनीपाटी घाटमा पुगेर बाजाटोली रोकियो । बेहुला, कल्सेउडी र दमाइँजति फटाफट डुङ्गामा चडेर आलोपालो गर्दै पारी तर्दै गए । दुइटा डुङ्गाले बाहान गरेर आलोपालो तार्दै गर्दा रातीसम्म पनि नसकिने भएपछि लाठेहरूको जमात लुगामाथि सार्दै इन्द्रावतीमा पसेको थियो । काँधमाथि राखेर मामाले नै मलाई पनि जँघार तारी दिनुभयो अनि बाजागाजा घन्काएर जन्तीको टोली एक जुवा घाम बाँकी छँदा बाहुनीपाटी फाँटमाथिको पिप्ले चौतारा निस्किएको थियो । त्यहाँबाट बेहुलीघर नजीकै रहेछ । चौतारीको बरबोटे छहारीमा जन्तीहरू एकत्रित भएर थरीथरीका गफ चुट्तै टामाटुमी बसे ।

जन्तीको नेतृत्व गर्ने मामाहरूले साइपाटा लाने टोली तयार गरे । सानै उमेरको कुमार केटो भनेर होला, मलाई पनि अघि सारे । नाइँनास्ति केही नगरी म पनि साइपाटा टोलीसँगै जानेमा परेर मक्ख थिएँ । साइपाटा हाल्ने काम तमाम भएपछि सबभन्दा ठूलो मान्छेको अगुवाइमा टोली हिंड्यो । अरूभन्दा सानो मानिस देखेर होला, मलाई फूलअक्षताको किस्ती बोकाएका रहेछन् । रूमालले ढाकेकोले केही नहेरी दह्रो गरी समातेर बिहेघर पुऱ्याएको थिएँ । पैयूँका हाँगा, केराका थाम, निगालेबाँस ठड्याएर डोरीले कस्दै माथिपट्टि चँदुवा



टाँगेर बेहुली घरको आँगनमा जग्गे मण्डप तयार गरिएको रहेछ । चँदुवाको सिधै तल खाल्डो खनेर छिर्केमिर्के बुट्टावाल रेखी हालेर सिँगारिएको मण्डपको बगलमा गुन्द्रीमाथि राडी ओछ्याएर तम्तयार पारिएको आसनमा हामीलाई बस्न भने । हामी थुपु थुपु लहरै बस्यौं र आआफूले लगेका किस्तीहरू एक एक गरी बेहुलीपक्षका महिलाहरूलाई बुझायौं । दुइतिर दोहोरो लाइन लागेर बसेका हामी भत्खरौलाई एक जना प्रौढ मानिस आएर राता अक्षता र फूल लगाउँदै गए, अर्का उस्तै अधबैंसेले पछिपछि आएर हातहातमा दक्षिणा दिंदै गए । माझैमा गोलो प्वाल परेको चारपैसे ढ्याक दक्षिणा मिलेछ । देख्तै मख्ख परका थियौं सबैजना, अनि टपरीभरि सेल, पुरी, कसार अनि दूनामा छोपको अचार र बोहोताभरि दही आउँदा मज्जाले खुसी हुँदै भोकको चौरासीपूजा गरेका थियौं अनि जुरुक्क उठेर जन्ती भएतिर जान लाग्दा एकजना केटो आएर हामी बसेको आसन यसो चलाइदिएको मात्र थियो, गुन्द्री, राडीको सेट नै आँगनबाट स्वात्त चिप्लिँदै र छ्यानतिर गुटमुटिन पो पुग्यो । यसो हेर्दा पो थाहा भयो, भइँमा अमलाका गेडा अनि त्यसैमाथि गुन्द्री, राडी राखेर गुल्टाउने हिसाबले नै त्यो आसन तयार पारिएको रहेछ । तै हामी चाहिं उठेर लाखापाखा लागिसकेकाले दुर्घटनाबाट बचेका थियौं ।

निकै मानभाउ राखेझैं भत्खरौलाई पहिले राडीमा बसाउने अनि टीकाटाला दक्षिणासहित सेलपुरी अचारको भोजन गराएर बिदा गर्ने वेला ओछ्याएको गुन्द्री नै घचेटी दिएर आँगनमा लडाइदिने चलन पहिलेदेखि नै रहेछ । त्यो घटनापछि अन्धाधुन्ध हाँसो छचल्किएर घरगाउँले टोली त पानी पानी भयो, हाम्रो भत्खरौटोली भने दुर्घटनाबाट बाँचेकोमा रुन्चेहाँसो लिएर जन्तीसमूहमा सामेल हुन पुगेको थियो । मामासँग त्यो घटनाबारे गुनासो गर्दा पहिले पत्याउनुभएन पछि भने हाँसेर त्यत्तिकै टारिदिनुभयो । .भत्खरौ भन्ने निम्छरो अनि वेवारिसे पदवी रहेछ भन्ने त्यसै बेलादेखि नै मेरो मथिङ्गलमा गच्छेअनुसारको तत्त्व ज्ञान प्रस्फुरित भएको थियो । अलिवेरपछि जन्तीहरू एकत्रित भएर पर्सिने ठाउँमा भेला भए । पर्सिने अक्षतामा बालुवा र ससाना ढुङ्गा मिसाएर हान्छन् रे ! जन्तीलाई भन्ने कुराले मलाई भने थप समस्या बनेर चिमोटिरह्यो । त्यसैले हामी केटाहरू ठूला मान्छेको भीडभित्र पसेर निउरमुन्टी न बनिरहेका थियौं । अगि भर्खरको घटनाले त यो कुरा झन् तथ्यजस्तै सावित भएको थियो । यो थप वारदातको हल्लाले जन्ती भनेका संसारका निकृष्ट प्राणीमा पर्दा रहेछन् भन्ने नकारात्मक भाव पनि मेरा मनमा जाग्रत भइरहेको थियो । के गरौं कसो गरौं भइरहेको वेला केशव मामाले खोज्दै आएर छाता ओडाउँदै ढुङ्गे अक्षताको प्रहारबाट भने सुरक्षित राख्नुभयो । छाता नभएको जन्ती टुहुरो बन्छ भन्ने आहान पनि यतिवेर सत्य लागिरहेको थियो । बेहुलाको

वरणीपछि जन्ती पर्सिने काम तमाम भयो अनि भान्सा तयार गरिएको बारे माथिल्लो पाटाको डीलबाट एक जना कराए। 'लौ जन्ती जति भात खान ठीक पर ! उपाध्ये जति यो हारमा बस। माइला बाजेका सन्तान ऊ त्यता हार लागेर बस ! क्षत्री मुखियाजति उता हार लागेर बस ! कट्वाल भाइहरू र केटाकेटीजति पल्लो पाटाको छेउ भित्तामा हार लाग !'

आदेश झर्न नपाउँदै उपाध्ये र जैसीबाहुनले साटसुट्ट कपडा फुकाले। क्षत्री र अरू तल्लो जातका जन्तीजति टोपी फुकालेर तयार परे। हामी कर्म चलेका जतिले पनि जन्ती जम्मा भएको पाटामा कपडा फुकाल्यौं। यता आफूलाई भने जुत्ता-टोपी फुकालेर छोड्दा हराउलान् भन्ने बेग्लै चिन्ता पऱ्यो, त्यसैले टोपी फुकालेर कोटको खल्तीमा कोचकाच पारें। जुत्ता भने लुगाकै थुप्राको पींधमा लुकाएर राखें अनि धोतीपाटा फेरेर आफ्नो लागि तोकिएको लाइनतिर लागें। मामासँग छुट्टिएर अर्कैतिर बस्नुपर्ने भो मैले ! कछाडमात्र फेरेका नाङ्गा बाहुनले हामी केटाजतिलाई सानाहरूको लाइनमा बसाले अनि अङ्खोरामा पानी लिएर छर्कदै चोखो चोखो भन्दै हिंडे। भर्खर जोतेर डल्लैडल्ला र राँटा परेको औडेखौडे बारीमा अडिनै गारो परिरहेको थियो। थ्याच्च बसौं भने रातमाटे बारीको माटो धोतीमा लाग्ने, टुक्रुक्क बस्दा डल्लाको बीचमा अडिनै गाहारो। जसोतसो अडिएर गोडा गलाउँदै टुक्रुक्क बसेका थियौं।

एउटा जखमले कुकुर बुर्कुसी मार्दै भाग बसेका जन्तीको माझैमाझ दौडियो। 'लौ कुकुरले भान्छा छोयो ! अब यो भान्छाको भात खान मिल्दैन !' दुई/चार जना जराकजुरूक उठेर औंलो ठड्याउँदै भान्छा बहिष्कार गर्ने धम्की दिन थाले। निकै हल्लाखल्ला र वादविवाद भयो। के के न उत्पात हुन लागेझैं हामी केटाकेटीजति उसै रनभुल्ल पऱ्यौं। केही वेरको विवादपछि भात पस्किने काम बाँकी नै रहेकाले कुकुरले भन्छा छोएको भन्न नमिल्ने, बरु फेरि पानी छम्किएर भोजनस्थल चोख्याएपछि खानपीन गर्न बाधा नपर्ने भन्ने पण्डितहरूको निर्णय आउँदा भने हल्ला गर्नेहरू उसै सामसुम भएका थिए। बारीको भित्तामा ढुङ्गेचुलो लगाएर दाउराको रसेटोमा पकाएको भात गुन्द्रीमाथि केराका पात ओछ्याएर थुपारेको देखिन्थ्यो। त्यही थुप्राबाट पन्यूले खन्दै खोस्रँदै गरेर भान्सेहरूले अर्को खड्कौलामा हाल्दै बाँड्ने मेसो मिलाउँदै थिए। ठूला मान्छेहरूका अगाडि पहिले टपरी बोहोता दूना राख्दै गए अनि पछि भातको खड्कौलो झ्यानकुटी पारेर झुन्ड्याएका भान्सेहरू टपरीपिच्छे भात हाल्दै गए। पछि-पछि कर्केउलीले तुरू-तुरू घिउ चुहाउँदै हिंडेका अर्का भान्से भने सुनले बाँधेको आफ्नो दाँत देखाउन बाङ्गो मुख पारेर मुस्कान छर्दै थिए। उनको पछि लागेका अर्का भान्सेबाट टपरीको भातमाथि दालको डाडु चल्दै, रित्तिंदै गयो।

यता हामी केटाकेटीलाई भने भान्सेहरूले वास्तै गरेनन्, ट्वाल्ल परेर निकै बेरसम्म हेरीमात्र रह्यौं। ठूलाहरूलाई एकसरो भातदाल तर्कारी बाँडी सकेपछि बल्ल हाम्रो पालो आयो तर हाम्रातिर आएका भान्सेहरूले भने दालभात, तरकारी, अचार एउटै टपरीमा खन्याउँदै गए। कर्केउलीले घिउ बाँड्दै हिंड्ने मान्छेले त हामीतिर फर्केर पनि हेरेनन्। दालभात गजगजी मुछेर खाने हिसाबले भागमा हात हाल्दैमा थाहा भयो, भातले बिहानैदेखि घामको ताप र हावाको प्रतापको मण्डी ओडिसकको रहेछ। भागमा हाल्नेबित्तिकै दालजति भातको साथ छोडेर चुहिने टपरीको पींधबाट कुन सड्को रुखो बारीलाई मलिलो पार्न पाताल पुगिसकेछ। दालभात मुछ्ने काम त उसै पो तमाम भयो ! दुई/चार टुक्रा आलु केराउ र मेसु भनिने अमिलो तामाको सहायताले सिङजुरा उम्रेको जर्रो भात दुई/चार गाँस उदरस्थ गर्ने प्रयास गरियो। दिनभर उकालो, ओरालो र बगर हिंडेर भोकले चूर परेका साथीहरूले एक बुझो भात र एक घुट्को पानी पालैपालो उदरस्थ गरेर बल्लबल्ल पेट पूजा गरेथे। मलाई भने भत्खरौ बन्दाको खाजाले मज्जैले पो काम दियो। खाइवरी कपडा लगाउन जाँदा पहिले बसेको गुन्द्री नै गायव ! त्यो ठाउँमा त अरू नै मान्छे भतेरको स्वाद लिइरहेका। मामाले आफूसँगै बोलाएर अन्तै सारिएको गुन्द्री र कपडा देखाइदिनुभयो। हरायो भनेको जुत्ता टोपी पाउँदा हदैसम्म खुसी लागेको थियो ! रात परेपछि जग्गेको वारिपारि घरगाउँले र जन्तीजमातको रमझम बढ्दै गयो। यसो मेसो मिलाएर बेहुलीगाउँका तरुनीसँग जन्तीतर्फका तन्नेरीहरू अनेक थरी छेडखानीका बाङ्गाटिङ्गा गफ चुट्न थाले। मामाहरूको तन्नेरी जमात त्यतै भुलेर गफैमा मस्त भयो। हामी केटाहरू भने जग्गे पारी आँगनको डीलमा बसेर सिलोकमा जुहारी खेल्नेहरूको तमासा हेर्न थाल्यौं। हामीसँग गएको जन्तीटोलीमा सिलोक भट्याउने कोही भएनन् त्यसैले उतैपट्टिका गिरानचोके टोली र जरेटारे टोली कस्सिएर जुहारीमा रनसङ्ग्राम मच्चाउन थाले। महाभारत युद्धका दुई पक्षविपक्षका बीचमा भएका भनाभन, छेडखानी र गालीका प्रसङ्गहरूलाई उच्च स्वरले कौलासेर लय हाल्दा जग्गेको वातावरण नै उत्तेजक बन्न पुग्यो। रातको लामो प्रहर लाग्दासम्म हामी आँखा मिच्दै सिलोके वाक्युद्धको घमासान सुन्दै चाख मानिरहेका थियौं।

रात घर्किन लाग्दा जग्गेमा बेहुलाबेहुलीका अनेकथरी क्रियाकर्म र लीला चल्दै गए। हाम्रो केटा टोलीलाई भने दिनभरिको थकाइले आलसतालस बनायो। बेलाको निद्रा नपाउँदा आँखा भतभती पोलेर उङ लाग्न थाल्यो। यताउती हेर्दा कतै सुतिहाल्नुजस्तो ठाउँ मिलेन। मामाहरू सिलोके जुहारी र आफ्नै जन्तीगफमा मस्त देखेपछि हामी चारभाइ केटाहरू पल्लो घरतिर लाग्यौं। फलैंचामा यसो आँखा लगाएको त नचिनेका मान्छेहरू खातैखात उरूङ्ग लागेका। जन्ती नै होलान् भन्ने ठानेर अर्को घरतिर लाग्यौं। त्यहाँ पनि पिंडी, फलैंचा कतै

पनि सबै भाइ अटाउने खाली ठाउँ देखिएन। अर्को घर, अर्को घर चाहादैं गर्दा पनि निकै बेरसम्म मुन्टो लुकाउने ठाउँ भेटिएन। चर्को घाममा दिनभरि ओरालो, उकालो र बगर हिँड्दा लोत परेर थाकेको शरीरमाथि अनिँदो बोझसमेत थपिँदा मचाहिँ औधि नै गलित बनिसकेको थिएँ। खुट्टा लुला भएर बाटैमा भुक्लुक्क लडिहाल्छु जस्तो भइरहेको अवस्थामा घरमुनिको पाटामा परालको माच ठडिएको देखेपछि अलि हौसला पलायो। बल्लतल्ल माचमाथि चढेर पराल उधिन्दै त्यसैको ओड्ने र ओछ्याउने तयार गर्‍यौं। टोपी कोटको खल्तीमा र जुत्ता सिरान मुनि लुकाउँदै परालभित्रै छोपिएका थियौं।

अलिवेरपछि नै वरपरबाट घरगाउँले केटाहरूले 'माचमा चढ्ने त जन्ती चोर पो रहेछन्!' भन्दै हामी लुकेको परालमाथि लाठा बर्साउन थाले। 'वर्ष दिनको लागि चाहिने पराल तिमेरूले माडेर धुस्न बनाएपछि हाम्रा गाइभैंसीले के खाने?' चर्को चर्को स्वर निकालेर उनीहरूले थर्काए। हामी साथीभाइ नाजवाफ थियौं र ज्यान जोगाउने तर्खरमा माचबाट अर्कैपट्टि बुद्रुक्क हाम फालेर भागाभाग भयौं। एकछिन त बारीको कुनामा लुक्यौं पनि तर उतिबेरै बाघभालुको डरले थर्कमान भएछौं। त्यो अपरिचित गाउँमा कतै मुन्टो लुकाउने छहारी नपाएपछि खुट्टा खोच्याउँदै भौतारिएर जग्गेघरतिरै फर्किएका थियौं। सिलोके जुहारी र जग्गेको रमितामा भुल्नुभएका मामालाई रुन्चे स्वरमा आफू माचबाट खसेर घाइते भएको अनि खपी नसक्नु निद्रा लागेको कुरा गर्दा उल्टै हपार्नुभयो। 'यताउता भौतारिन छोडेर निद्रा लागेको कुरा किन मलाई नभनेको?' भन्दै हुनुहुन्थ्यो अनि बेहुलीकै छिमेकी पल्लो घरको बार्दलीमा ओछ्यान फेला पारेर सुताउन लग्नुभयो। मामालाई पहिल्यै किन भनिनछु भन्ने पछुतोले निकै बेरसम्म मेरो निद्रा बिथोलियो। बिहानीपख पनि घरगाउँले र जन्तीबीचको सिलोके जुहारी चर्को स्वरमा झनै जमिरहेको थियो। खाँडो जगाउने, सिँदूर हाल्ने, पासा खेल्ने, माउर खुवाउने, ठाउँ सार्ने लगायत चाखलाग्दा घटनाले उब्जेको जग्गेको हाँसो अनि लगनका बाजाको हल्लाखल्लाले चाँडै निद्रा खुलेछ तैपनि ओछ्यानमै पल्टिएर निकै बेर रमिता हेर्दै उषाकालीन समय बिताएँ। जन्तेबाख्रो भनिने भोजभतेर पकाउने व्यवस्था अलि तलको पधेराछेउतिर गरिएको रहेछ। जन्तीहरूका नित्य क्रियाकर्मका काम, अनुष्ठान पनि त्यतै धारा खोल्सातिर सम्पन्न भए।

उति ढीला नगरी भतेर सुरु भयो। भोजन गर्न लाइन बसेका जन्तीहरूका अगाडि पानी छम्किएर दूनाटपरी बाँड्ने काम पनि यन्त्रवत् चल्यो अनि भान्छेहरूले फूर्तिफार्ती देखाएर विभिन्न थरी खाद्यपरिकार बाँड्दै गए। जन्तीहरू भोजनतर्फ हातमुख छोड्न तल्लीन देखिन्थे। 'यो जन्तेबाख्रो हो कि जन्तेफर्सी हो?' टोपी फुकालेर खाने जमातका मोटा मान्छे एक्कासी जुरुक्क उठेर हात लम्काउँदै



बुरुक्क उफ्रिए। बोसो नभएको मासु भागमा परेको उनको गुनासो सुनियो। उनैप्रति समर्थन जनाउँदै अरू जन्ती पनि धुरा उठेर बबाल खडा गर्न खोज्दै थिए तर त्यो आवाज भइँमा झर्नासाथ भान्सेहरू सतर्कतासाथ हर्कतमा आए अनि जायज माग ठानेर सम्बोधन गर्ने हिसाबमा उनीहरू पुगेछन्। उतिबेरै बाल्टिनभरि बोसैबोसो छचल्किने मासु उनीहरूका भागमा दामासाइले थपुवा खन्याइदिएपछि स्याबास भन्दै खुसीले गदगद बनेको छनक दिँदै थिए।

जन्तीभोज भ्याएको निकै बेरपछिमात्र बेहुली अन्माउने सुरसार चल्यो। बेहुलीका ज्यामा, आमा, दिदी, सानीमा आदि आफन्त महिलाले साँक्कसुक्क रुवाइ प्रकट गर्दै बल्लतल्ल अन्माइदिए। नौमती बाजाको डाँडै थर्काउने मर्मस्पर्शी रुन्चे ध्वनिसहित बेहुली साथ लिएर हाम्रो जन्तीटोली बाहुनीपाटीतिर ओरालो लाग्यो। घरतिर फर्किंदा पनि बाटैभरि मैले भने आफ्नै मैलाधैला कपडा नियालिरहें। बाले हालिदिनुभएको टसरको आकाशरङ्गी कोट, दौरासुरुवाल र ढाकाटोपी धरी वनका पतकर र माचको परालमा माडिएर रागेपाटे बनेछन् तैपनि कतै नछाडी, नफटाई साबुत साथमा लिएर फर्कन सकेकोमा आफूलाई निकै पाको र गतिलो मान्छे ठानिरहेको थिएँ।

झम्के साँझमा बल्लतल्ल सीपा तीनघरे पुगेर बाजागाजा र नाचको भव्य माहोलमा बेहुली भित्र्याएपछि बिदावादी भएर मामा भानिज सँगसँगै घर फर्किएका थियौं।

ä ã


साहित्य संवर्द्धन केन्द्र, नेपाल

**५. 'विश्वज्योति सेवा सम्मान'बाट सम्मानित**

२०७१ श्री सत्य साईं केन्द्र, पूर्व काठमाडौं
२०७२ श्री सत्य उद्यान, ललितपुर
२०७३ शान्तदास मानन्धर
२०७४ जगत्गुरु आदर्श संस्कृत गुरुकुलम्
२०७५ नेपाल एकीकृत दृष्टिविहीन संघ, लोलाङ
२०७७ रोचक घिमिरे
२०७८ जनमत मासिक पत्रिका

**६. 'शारदादेवी सिर्जना पुरस्कार'बाट सम्मानित**

२०७२ गीताकेशरी
२०७३ भागिरथी श्रेष्ठ
२०७४ भुवन ढुङ्गाना
२०७५ माया ठकुरी
२०७७ रमा शर्मा
२०७८ पद्मावती सिंह

ã

# ती नमुना झगडिया बूढा

**भुवनहरि सिग्देल**

'मानिसले माटोमाथि सङ्घर्ष गर्छ' कति शाश्वत छ यो भनाइ ?

'सङ्ग्राम गर्छ माटोमाथि मानिस' कति सर्वकालीन छ यो सत्य ?

आफ्नो साम्राज्य विस्तारका निम्ति चर-गुप्तचर राखेर तुमुल ध्वनिका साथ चौदिक् कुदेका छन् घोडसवार, पैदल योद्धा । तोप गोला अनि क्षेप्यास्त्र पड्केका छन्- हिजो, आज र भोलि पनि ? बाबुले अंश नदिएकाले छोराले उसलाई मारिदियो । भाइले अंशमा बेइमानी गरेकाले दाजुले उसलाई गिँडिदियो- बन्चराले । रगत यही माटोमाथि खस्छ, आकाशतिर उड्दैन । कुरूक्षेत्रमा पनि, नागासाकीमा पनि, कीर्तिपुरमा पनि, खलङ्गामा पनि । व्यक्तिका आँगन मझेरीदेखि टारीबारीसम्म रगतैरगत छरिएको छ । विजयको लालसा र पराजयका प्रतिशोध बनेर लेखिएका छन् इतिहास माटोमाथि ।

पहाडको विकट भीरमा एकजना चेपाङ मकै रोपिरहेको थियो । उसको दायाँ हातमा कुटो थियो । बायाँ हातले भित्ताका चोके, ठुटा खोज्दै समाएर अडिन्थ्यो । मकैको बिउ भने मुखमा राखेको थियो उसले । दायाँ हातको कुटो चल्थ्यो । खनेको ठाउँमा मुखबाट एक गेडा मकै खसाल्थ्यो र कुटाले पुर्थ्यो । अब अर्को गेडा रोप्नको लागि बलियो समाउने चोके, ठुटो वा लहरो भेट्नु आवश्यक थियो । त्यो दृश्य देख्ता मेरो मनमा तत्काल आएको कुरो- 'हे पृथ्वी ! तिमी भरिएकी छैनौ अझै । तिमी भरिएको दिन सर्वनाश अवश्यम्भावी छ । तिमी छोरालाई अंश दिन किन कपट गरिरहेकी छ्यौ ? फेरि रगत बग्छ है माटोमाथि । अन्याय नगर !'

त्यही वेला नगरमा महाजनले दरबारको जग खनाउँदै थियो । सुनें, त्यो महाजन घिउ राखेर बनाइएको वासमतीको भुजा र पिउराको रस नभई भात खान सक्तैनथ्यो । यो खानालाई भुजा भनिन्थ्यो । सुनें, त्यो चेपाङ गिठाका चाना खरानी पानीमा उमालेर विनानुन खान्थ्यो । यो खानालाई पानीरोटी भनिन्थ्यो । भार्लाङको बिख मार्न खरानी पानीमा उमालेर बगेको पानीमा एक दिनरात डुबाए पछि बल्ल भार्लाङ खान योग्य हुन्थ्यो- बिख निखिएर ।

सुनेको खबरले झस्स झस्काउँथ्यो मेरो मन- 'ए ! माटोमाथि रगत झर्ने बेला भो है !'

यी प्रसङ्ग यस विषयका आफ्ना स्मृति ओराल्ने क्रममा त्यसै आइदिए । म के भनूँ ? तर कुरा भने २०१२-१३ सालतिरकै हो मेरो व्रतबन्ध नगरिएको



हुनाले । लामो र कालो कपाल थियो मेरो । कोरी तलासी गरेर चुल्ठी बाटिदिनुहुन्थ्यो आमाले । चूडा र बर्तुन नगरी त्यो कपालमा छुरा कैंची लगाउन निषेध थियो ।

हाम्रो घरभन्दा पश्चिमपट्टि ठूलाबाबाको घर थियो । पूर्णचन्द्र सिग्देल हो उहाँको नाम । चार भाइ छोरा र एउटी छोरी थिइन् मैले जान्दा । छोराछोरी हुर्काउने समयमा त निकै कष्ट थियो रे उहाँलाई । म जान्ने हुँदा त त्यस्तो अवस्था होइन दाजुहरूमध्ये दुई भाइको र दिदीको पनि बिहे भइसकेको थियो । साहिँलो र कान्छो दाइको बिहे मात्रै सम्झन्छु म । यो इतिहासको नालीबेली किन लगाइरहेको छु भने माटोको कुरा गाँस्न ।

ठूलाबाबा, पूर्णचन्द्र निकै जोधा हुनुहुन्थ्यो पछिसम्म पनि । निरक्षर, 'क'को नाउँमा 'ह'सम्म भन्न नसक्ने तर मुद्दा मामिलामा खप्पिस हुनुहुन्थ्यो । अनेकौं मुद्दा थिए उहाँका, सबै माटोसँग मात्र सम्बन्धित । एउटा काठको बाकस थियो उहाँको । त्यसको साँचो भने हरहमेसा आफ्नै जनैमा झुन्डिरहने । बाकसमा कागजैकागज थिए तमसुक, लालमोहर, मुद्दा उतार आदि । ती कागजको बीचतिरबाट कुनै पनि कागज झिकेर उहाँको अगाडि राख्नेबित्तिकै उहाँ भटभटाउन थाल्नुहुन्थ्यो- यो यस्तो कागज, यसमा यस्तो बेहोरा लेखिएको छ, वादी-प्रतिवादीका तीनपुस्ते सुनाउनुहुन्थ्यो तर कागज भने खोल्नै नपर्ने । यो विषय भने मैले रुद्री, चण्डी पढ्न थालिसकेपछिको कुरा भयो ।

त्यस पूर्व, मेरा हजुरबाको निधन पनि निकै अप्ठयारो स्थितिमा भएको रहेछ । सबैभन्दा जेठो छोरा, पूर्णचन्द्र तेह्र वर्षको र उहाँपछिका तीन भाइ र एउटी बहिनी क्रमशः तलका, चिचिला । बहिनी अर्थात् मेरी फुपू मनोरमा), साहिली । हजुरआमाका काखकी दूधमुखेको कान्छो छविलाल । कालचक्रका कुरा हुन्, यो स्थिति पर्न सक्छ, अस्वाभाविक नभनूँ तर अस्वाभाविक अर्कै घटना भएछ यी कुरा श्रुतिमा सञ्चार भएका हुन्) ।

फागुन महिनामा बाजे नरोत्तम बित्नुभएछ । बारीमा मकै छर्ने चलन, मकै छरिएछ घरअगाडिको पाटोमा । त्यसको भोलिपल्ट काशीनाथ नरोत्तमका भाइ, अलग भिन्न भएर बसिसकेका) ले मुठीमा मकै ल्याएर त्यही पाटोमा फ्याँकेर गएछन् । बरखीमा बसेका भाउजू र नाबालक भतिजाहरूले कुरै बुझेनन् । काशीनाथले छिमेकमा हल्ला गरे- 'दाजुको जिउ छउन्जेल दिएको थिएँ, आफ्नो बारी हो मकै छरेको छु ।' छिमेकीले पनि कुरा बुझेनन् ... 'न दाजुभाइको बीचमा त्यस्तै सर्त थियो पनि कि !'

भदौमा मकै पाके । काशीनाथ डोको लिएर बारीमा पसे । मकै भाँच्न थाले । हजुरआमा पिँडीमा बसेर रून थाल्नुभो, ज्यादै सोझो स्वभावको हुनुहुन्थ्यो रे ! मैले देखिनँ उहाँलाई । ठूलोबाबा भने बच्चैदेखि अन्याय नसहने स्वभावको । एउटा हरियो ढोड लिएर बारीमा जानुभो, केही पनि नबोली । त्यो ढोडले

काशीनाथको पिँडौलामा सोठ्याउनुभो, लगातार । काशीनाथले जुन कुरो सोचेका थिएनन्, त्यहाँ त्यही कुरा भयो । उनी भतिजालाई बजाउन नसक्ने थिएनन् तर त्यो हातपात नाबालकमाथि गरेको ठहरिन्थ्यो । उनी भागे भाँचेको मकै र डोकोसमेत छोडेर ।

यहाँ युद्ध भएको छ माटोमाथि । एउटा अधिकार खोस्न चाहन्छ, अर्को अधिकार गुमाउन चाहँदैन । युद्ध त खडा भयो नि होइन ? यो युद्धमा ठूलोबाको जित भयो । यसले उहाँको बालमस्तिष्कमा अहङ्कार भरिदियो । प्रतिफल उहाँ कसैको कुरा नसुन्ने हुनुभयो । जोधा हुनुभयो, जुझारू भनूँ । उहाँलाई चित्त बुझेन भने मुख र मुक्का एकैचोटि चलाउनुहुन्थ्यो, पछिसम्म पनि । माथिको घटनाबाट सुरु भएको द्वन्द्व भने समाप्त हुँदै भएन । दुवैले खोइरो उतार्ने प्रयत्न गरे । मुद्दामामिलाका जन्म भए, बाँचेसम्म ती बेर्ना हुर्किरहे ।

यो एउटा पाटो भयो प्रसङ्गको । जुन कुरा म जन्मिनुभन्दा दुई दशक पूर्वका थिए । म केही जान्ने भएपछि मेरो उमेर पाँच या छ वर्ष हुनुपर्छ, सम्झन लायक घटना बनाइयो- मलाई नै माध्यम बनाएर ।

ठूलोबा आफ्नै आँगनको डिलमा नुहाउनुहुन्थ्यो, एकाबिहानै । उहाँको निमित्त एक गाग्रो पानी आँगनमा राखिन्थ्यो, अगिल्लै दिन साँझमा । 'आकाशमुनि राखेको पानी बासी हुँदैन' भन्ने उहाँको सिद्धान्त थियो । उहाँ नित्य त्यसैगरी नुहाउनुहुन्थ्यो । धारो-पँधेरोमा गएर उहाँले नुहाएको कसैले देखेको थिएनन् रे ! त्यसै भन्थे सबै जना, मैले देखेको सत्य पनि त्यही थियो ।

नुहाइसकेर अँगेनामा भुजुङ्गो बसालेर कुँडो पकाउने । भैंसी-गाईलाई ख्वाउने दुई भैंसी र दुई गाई थिए) अनि दुहुना दुहुने, घाँस-पराल दिने, ठूलो कुँडेमा दूध तताउने, मोही पार्ने, नौनी खारेर घिउ तुल्याउने काम समाप्त हुँदा बल्ल परिवारको उठ्ने बेला हुन्थ्यो, भनूँ झिसमिसे ।

ठूलीआमा र भाउजूहरूधारा-पँधेरा सकेर आउँथे । पूजाको लागि घल्चीमा चोखो पानी ल्याएर चोटाको चौकी र दैलो पोतेर काटेको तरकारी अगेनासँगै राखिदिन्थे । घिउ खारेको ताप्केमा त्यो तरकारी झानिदिएपछि ठूलाबाको काम सकिन्थ्यो- अँगेनाको ।

ठूलाबा पूजातिर लाग्नुहुन्थ्यो । ठूलीआमा र भाउजूहरू भने घाँसपत्करतिर । पूजाको कामपछि बल्ल ठूलाबालाई फुर्सद हुन्थ्यो । तमाखु भर्नुहुन्थ्यो चिलिममा । नरिवले हुक्का थियो । बाहिर पिँडीको फलैँचामा बसेर तमाखु तान्नुहुन्थ्यो । यही समय ठूलाबाले मलाई बोलाउनुहुन्थ्यो 'ठुल्नानी ! ए ठुल्नानी !' चर्को स्वर थियो, ज्यादै तिखो खालको । उहाँको मात्रै 'ठुल्नानी' थिएँ म । अन्य कसैले पनि मलाई यो नामले बोलाउँदैनथे । सुन्ने बित्तिकै म ठूलाबाको घरतिर कुदिहाल्थेँ । कहिले त म उठेकै हुन्नथेँ । आमाले उठाइदिनुहुन्थ्यो, 'ए उठ् ! ठूलाबाले बोलाइसक्नुभो, मुख धोएर जा !' मलाई हतारै हुन्थ्यो ठूलोबा कहाँ जान । म हस्याङफस्याङ उहाँको घर पुग्थेँ । मलाई देख्नेबित्तिकै हुक्का चिलिम भित्तामा ठड्याएर, 'ए ल आऊ माथि ।' म पछि लाग्थेँ उहाँको । चोटामा जनैको साँचोले ठूलो काठको बाकस खोल्नुहुन्थ्यो । सिङमाङबाट एक थुर्पी घिउ झिकेर, 'ल खाऊ !' भन्दै मेरो हातमा हालिदिनुहुन्थ्यो । त्यो घिउ चाट्तै तल आएर फलैँचामा बस्थेँ म ।



त्यो बाकसमा थुप्रै सिङमाङ थिए घिउले भरिएका । घिउ र दहीदूध बेच्ने चलनै थिएन । उहाँलाई भने ती घिउका सिङमाङ वकिल र न्यायाधीशलाई कोसेली दिँदै ठिक्क हुन्थ्यो रे !

चैतको अन्तिम दिन वा वैशाख सुरु भएको बेला थियो त्यो । यसै बेला मकै छर्ने काम हुन्थ्यो । सबैका बारीमा मकै छरिसकेको थियो । गैह्रीगाउँ सिग्देलको पुख्यौली घडेरी हुनाले धेरै जनाका जग्गा थिए अझै छन्, टुक्राटुक्रा । एकको अर्कासँग साँध पर्थे । काका खगेन्द्रप्रसादको जग्गा र ठूलोबाको जग्गा जोडिएको थियो, अझै छ ।

गोरु लगाएर मकै छरेपछि साँधका कुलेसा भल पनि पुरिन्थे । फेरि साँध छुट्टयाइन्थ्यो भल झिकेर । त्यो भल साँध पनि भयो, दुवै थरीलाई हिंड्ने बाटो पनि । सबैका साँध यसैगरी बनाउने चलन थियो । जसलाई फुर्सद मिल्छ, उसले भल बनाए हुन्थ्यो तर बेइमानी गर्न भने पाइन्नथ्यो । भित्तापट्टि बस्ती हुनाले सबैका आँगनबाट सबैका बारी देखिन्थे । त्यसमाथि मकै छरिसकेपछि त दुलही सिंगारेजस्ता देखिनेसम्म र फराक पाटाहरू ।

त्यो दिन मैले घिउ खाइसकेको थिएँ । ठूलोबासँगै फलैँचामा बसेर के के गफ गर्दै थिएँ, थाहा छैन । ठुलोबा तमाखु तानिरहनुभएको थियो- टुर्र टुर्र । खगेन्द्रप्रसाद बारीमा देखापरे । उनको हातमा कोदाली थियो । निहुरेर भल बनाउन थाले । 'आऊ ! यता आऊ ! हेरौँ !' उहाँ हुक्का चिलिम लिएरै आँगनको डिलमा गएर टुक्रुक्क बस्नुभो र तमाखु तान्न थाल्नुभो । म पनि उहाँसँगै ठिङ्ग उभिएँ । एक छिनपछि ठूलोबाले मतिर हेरेर भन्नुभयो, 'ए ठुल्नानी- ऊ त्यो दुष्ट हो । कानो हो त्यो । त्यसलाई ए काना ! भनेर बोलाऊ त !' मलाई कुन कानो कुन दुष्ट । म कराउन थालेँ- काना ! काना ! भनेर । यसरी लगातार काना भनेको सुनेर होला खगेन्द्रप्रसादले कोदाली भुइँमै राखेर दुवै हात कम्मरमा अड्याएर हामीतिर हेर्नुभो । 'ए काले ! फटाहा, आफू त फटाहा भइस्, भइस्, अब बच्चालाई पनि बिगार्ने भइस् तैँले ।'

यसरी युद्ध आरम्भको मृदङ्ग बज्यो । ठूलोबाले हुक्का र चिलिम मलाई समाउन दिनुभो । नली मात्रै हातमा लिएर उठ्नुभो । बुङ्बुङ्ग भुईंमा गोडा बजार्दै, 'ए कप्टी काना ! तेरो आँखा पनि कानो, मन पनि कानो छ बुझिस् ! तँलाई

डाँका ! दुई कोदाली माटो चोर ! दुई कोदाली माटो आफ्नोतिर, एक कोदाली माटो मेरोतिर किन हालिस् ? तेरा हातगोडा भाँचेर त्यही भलमा पुरिदिन्छु, पापी कीर्ते !' उहाँको हातको नली घुमिरहेको थियो। डाँकोले गैह्रीगाउँ थर्किरहेको थियो। अब के उत्पात हुनेभो भनेर मेरा गोडा लगलग काम्दै थिए। हुक्काचिलिम उठाइराख्न पनि मलाई हम्मेहम्मे पर्दै आयो। ठूलोबाको क्रोध शान्त भएको थिएन। उहाँ त उफ्रीउफ्री कराउन थाल्नुभो के के के के। एउटा कुरा भने सम्झन्छु, 'सत्र खेलेर खेत हात लाएको जस्तो ठानेको होलास्, जाली कागज लेखेर फलानालाई उठीवास लगाएकोजस्तो सम्झेको होलास्, ढाड भाँचिएला है गरीबमारा !' म त लोतेलोते फलैंचामा पुगेर दुमुक्क परें। हुक्काचिलिम त्यतै ठड्याएँ हुँला।

ती दुई वृद्धका बीचमा भयङ्कर झगडा भयो त्यो बिहान। खगेन्द्र काका के के भनिरहेका थिए मैले बुझिनँ। ती दुवैको वाक्ययुद्ध चलिरहेका बखत मेरा आँखाले ठूलोबा उभिएको ठाउँको नाड्लोजति फराक जमिन माडिएर बेग्लै रङको बनेको देखें। तल खगेन्द्र काका उभिएको बारी पनि त्यसैगरी माडिएको थियो, घुमेर।

मेरो मनमा अज्ञात भय उत्पन्न भयो, मानौं मैले जघन्य अपराध गरेको छु। ककसबाट सजाय पाउने हुँ अब- बाआमाबाट, खगेन्द्र काकाबाट, उहाँका छोराहरूबाट वा कसबाट ? मेरो मुख सुकेको थियो। घर जाने आँट पनि थिएन। चुपचाप फलैंचामा दुम्केर तिनका शब्दसङ्ग्राम सुनिरहें। निकै बेरको झगडापछि ठूलोबाले मतिर हेरेर भन्नुभो, 'ठुल्नानी ! तिमी बस्तै गर, म त्यसका नलीखुट्टा भाँचेर आउँछु।' उहाँ त बारीतिर कुद्नुभो। निकै पर हुनुहुन्थ्यो खगेन्द्र काका। उहाँले यत्ति भनेको सुनें, 'लौ काले ! तेरो मसान तैं बना ! म कोदाली लिएर अब भल बनाउन आउन्नँ।' त्यसपछि कोदाली टिपेर आफ्नो घरतिर फड्किनुभो। ठूलोबा भने बीच बारीबाट जङ्गिँदै घरमा आउनुभो, 'देख्यौ ठुल्नानी। चोर भागिहाल्यो नि, नत्र भने आज त्यसका करङ भाँचिने थिए।'

त्यो वेला त त्यो झगडा नै रहस्यमय थियो मेरा निम्ति। कालान्तरमा बुझें एक कोदाली माटोमाथिको विवाद थियो त्यो। एउटा अध्यायको सूत्रपात थियो माटोमाथि। समाजका दुई प्रतिनिधिले रोपेको शमीको बिरूवा थियो त्यो। बिरूवा हुर्क्यो र बढ्यो। झाँङ्गियो र फैलियो। हामीले ताप्यौं द्वन्द्वको सिँयाल। यी दुईले आपसमा बनाएका उनका उपनाम काले र कानु, फटाहा र गरीबमारा समाजमा गुन्जिरहे। अहँ, कसैले गरेनन् यिनका बीचमा मध्यस्थता। यी आफै योद्धा भए, कुस्ती लडे। सुनिन्थ्यो आज फलानोले फलानालाई गोदेछ। ती गोदाइ र कलह मुद्दा बने। माटो कारण बन्यो र हाँसिरह्यो खित्का छोडेर, तिनका जीवनकालभरि विवादित र विभाजित भयो माटो। तिनीहरू कुकुर बिरालोजस्तै चिथोराचिथोर गरिरहे। तिनका रगतले भिजिरह्यो माटो। ती दुवै वृद्ध भने एक



वर्षको अन्तरालमा बिते २०१८ र १९ सालमा।

ती पात्रलाई यहाँ मैले किन प्रस्तुत गर्नुको कारण छ। एउटा उदाहरण स्वरूप भनूँ। म अहिले गैह्रीगाउँमा जान सक्दिनँ साथी बेगर। जङ्गलले ढाकोको छ, वनमाराले छोपेको छ। कसको घडेरी कहाँ थियो ? त्यो भन्न सक्ने मानिस पनि समाजमा एक चोथाइ मात्र होलान्। कसको साँध कता थियो ? त्यो चिन्न सक्ने मानिस त दश प्रतिशत पनि बचेका छैनन् अब। अबको बीस वर्षपछि नि ? एउटा युगको निसाना मेटिइसकिनेछ। एउटा सिङ्गो इतिहास वनमाराको झाडीभित्र विसर्जन भइसक्नेछ। दरसन्तानले कुनै बखत फेरि माटोको भाग लगाउलान्, तर इतिहास फेरि त्यसरी नै दोहोरिएला भन्न सकिएन।

एक कोदाली होइन पूरै माटो त जीवित छ नि त्यहाँ तर एक कोदाली माटोमाथि विवाद गर्ने पात्र खोइ त ? मूल प्रश्न यो हो। माटोलाई समानुपातिक साँधसीमाना दिन सकेको भए, एक कोदाली मात्रै भए पनि मचाहिँ बढी नै माटोमाथि अधिकार राखूँ भन्ने प्रवृत्ति नजन्मिएको भए माटोमाथि रगत बग्ने थिएन तर के गर्ने ? हराउन सकेन, त्यो पक्ष, त्यो विडम्बना, त्यो प्रवृत्ति। त्यसैले पुरानो चिहान खोतलियो आज भनूँ न !

माटोको कुरा एक किसिमले सजिएको थियो तर मलाई कलम बन्द गर्न मन लागेन- तिनका बीचको रोचक प्रसङ्ग पूरा नगरी।

विवादैविवादमा पूर्णचन्द्रले खगेन्द्रप्रसादको जग्गा हडपे। मुद्दा बन्यो अदालतमा। एकले अर्काको बाटो छलेर हिँड्थे उनीहरू। तिनका बाटा नै अलग थिए- घरमा आउजाउ गर्नसमेत। टाढा कतै सम्मुख परेमा हान्ने राँगोले जस्तै हेराहेर हुन्थ्यो। जम्काभेट भयो भने त मारमुक्का चलिहाल्ने। कस्तो वैरत्व ? कस्तो क्रोध ?

जग्गा मुद्दा चलेको थियो कीर्तिपुर माल अड्डामा। मुद्दाको तारेख र पेशीका दिन दुवै जना वादी-प्रतिवादीको उपस्थिति अनिवार्य भइहाल्थ्यो। सवारी साधनको नामै थिएन। हिँडेरै आउजाउ गर्नुपर्ने बखत हो। अदालतमा जाने दिन आठ बजे नै खाना खाएर हिँडिहाल्थे। त्यस दिन केही छिटो लुगा लगाएर पूर्णचन्द्र सेतो दौरासुरूवाल, कालो कोट, कालै जुत्ता, कम्मरमा टपक्क कसेको पटुकी, माखाबुट्टे ढाकामा तीनतह छापेको टोपी र बेतको बिँड भएको छाता भिरेर पूर्वतर्फको रातोमाटो डाँडामा गएर उभिनुहुन्थ्यो। त्यो डाँडो खगेन्द्रप्रसादको घरबाट सामुन्ने पर्थ्यो। पूर्णचन्द्रले त्यहाँबाट कौलास्नुहुन्थ्यो- 'ए दामु ! (खगेन्द्रप्रसादका जेठा छोरा), ए गोवर्धन (कान्छा छोरा)। खोइ, बाबु त निस्केन, ढीला भइसक्यो। आज तारेख/पेशी छ, बिर्स्यो कि क्या हो ?'

लौ हेर्नुहोस् अचम्म। पूर्णचन्द्र कुरेर बस्नुहुन्थ्यो खगेन्द्रप्रसादलाई। गोरेटो बाटो निस्केर त्यही डाँडाको पूर्वपट्टि बाटो जोरिन्थ्यो। खगेन्द्रप्रसादसँग भेट भएपछि ती दुवै बूढा घर-व्यवहारका, गाई-भैंसीका, छोराछोरीको बिहेदानका,

कुलाचारका, समाजका, इष्टमित्रका विषयमा चर्चा र सल्लाह गर्दै मालटार, नैकाप हुँदै कीर्तिपुर पुग्थे । लोक चकित हुन्थ्यो मानौं यी दुई जना बूढाको जस्तो मित्रता लोकमा कतै छैन । जब अदालत पुग्थे, उनीहरूको बीचमा भनाभन सुरु हुन्थ्यो, 'तँ फटाहा ! डाँका ! खालास् अर्काको बाउको सम्पत्ति । चोर लुटाहा दुष्ट !' आदि इत्यादि । हात हालाहाल मात्रै बाँकी राखेर कठालो समातासमातसम्म भ्याउँथे । अदालतमा मुद्दाको बहस हुनु थियो कि, अर्को तारेख लिनु थियो कि पूरा हुन्थ्यो । काम सकिन्थ्यो जे होस् । पूर्णचन्द्र भन्नुहुन्थ्यो, 'ए खगेन्द्र ! जाऔँ बाबु हिँड् ! रात पर्छ घर पुग्दा ।' क्या नमुना बूढाहरू, विश्वासै नलाग्ने कुरा ।

अरूले विश्वास गरुन्/नगरुन् ती नमुनालाई मतलब थिएन । सँगै घर फर्किन्थे । कुनैले कतै पनि मुद्दाको विषयमा चर्चा गर्दैनथे । शुद्ध कुरा व्यावहारिक र घरायसी मात्रै । कहाँसम्म भने छोराका लागि बुहारीको र छोरीका लागि ज्वाइँकेटोको कुरा आफ्ना इष्टमित्रमा चलाउन एकले अर्कालाई अनुरोध गर्थे । कुरा पनि चलाउँथे तर बिहे बर्तुनमा डाकबोलाउ हुन्थ्यो, त्यहाँ भने सामेल हुँदैनथे । अरू बेला गाउँछिमेकको व्यवहार भने उही हो- न एक इन्च तल न एक इन्चमाथि ।

लोकलाई दङ्ग पार्ने नमुना बूढाहरू !

ä ã

**साहित्य संवर्द्धन केन्द्र, नेपाल**

**७. 'राधिका-पदम-दुर्गा काव्य कविता पुरस्कार'बाट सम्मानित**

२०७२ डा. टीकाराम अधिकारी
२०७३ प्रा.डा.वेणीमाधव ढकाल
२०७४ रमेश खकुरेल
२०७५ डा.विष्णुराज आत्रेय
२०७७ नारायणप्रसाद उपाध्याय
२०७८ तीर्थराज अधिकारी

**८. 'जम्बकुमारी-टीकावल्लभ साहित्य सम्मान'बाट सम्मानित**

२०७३ परशु प्रधान
२०७४ डा. राजेन्द्र विमल
२०७५ गणेश रसिक
२०७७ उत्तमकृष्ण मजगैयाँ
२०७८ विनोदमणि दीक्षित

**९. 'गुरु रामप्रसाद श्रेष्ठ साहित्य सम्मान'बाट सम्मानित**

२०७४ रोहिणीविलास लुईटेल
२०७५ बालकृष्ण उपाध्याय
२०७७ डिल्लीराज अर्याल
२०७८ प्राडा. नारायणप्रसाद खनाल

ã



# मझधारमा मगन्ता

**रमेश भट्टराई 'सहृदयी'**

एकाबिहानै कलङ्कीको एउटा लामो जाममा अल्झिएँ । कलेज जाने ठिटाठिटीको अट्टहास र छाडा जिस्क्याइ । भरियाको भारी र व्यस्त मान्छेको तँछाडमछाड । दगुरादगुर लाग्ने अनेकौं प्रकृतिका जिन्दगीहरू । म भने जामको तामझाम मात्रै नियालेर लट्ठ । झ्याल बाहिरका दृश्यमा दुनियाँ नियाल्दै थिएँ । कतै मेरो प्रश्नको उत्तर दिने कोही होलान् कि ? अकस्मात् उत्तर पाउन लागेको भान भयो तर त्यहाँ जीवनको अर्को परिभाषा खोतल्न बाध्य भएँ- एक जना फलफूल पसलेले एउटा कार्टुनभरि सायद हिजोको फोहोर हुँदो हो- उखुका खोस्टा, भुइँकटहरका बोक्रा अनि साथमा खर्बुजाका बोक्रा फाल्दै गरेको देखेँ । बिहानीकै समय हो । कार्टुन राखेको देखिन्थ्यो । मानौं सभ्यताको एउटा चिह्न । पसले निर्दोषझैं आफ्नो कर्मतिर बटारिए । त्यत्तिकैमा दुईतीन जना देख्दा कालो वर्णका, फोहोरी देखिने बच्चाहरूले त्यो काटुनलाई खोतलखातल पार्न थाले । एउटाले खर्बुजाको चिरोमा अलिकति जुठो छोडेको भाग पाएर खुसीले हतार हतार कोपर्न थाल्यो । अर्को त्यसैमा लुछाचुँडी गर्नै लाग्दा अर्कोचाहिँले कार्टुनभित्रै एउटा त्यस्तै केही खाएर छोडेको खर्बुजाको चिरो भेट्टाएपछि अब त्यो कार्टुनको सबै फोहोरलाई भुइँमा छरपस्ट पारेर तिनले खुब खुसीका साथ मानौं उत्सव मनाए । एउटा दृश्य समाप्त भयो । जाम खुल्यो । फर्केर गोङ्गबुसम्म आउँदै थिएँ ।

गाडीभित्र एउटा बच्चाले खाँदै गरेको महङ्गो चकलेट हिँड्ने प्यासेजमामा खसायो । बच्चाकी आमाले उसलाई नखानका लागि गाली गर्दै अर्को किनिदिने वाचा गरिन् । अलि पर्तिर दुई तीनजना बच्चा ढलभित्र खेल्दै थिए । सायद तिनकै आमाचाहिँ होलिन्, एउटा पाँच/छ महिने बच्चा बोकेर कटौरो राखेर मागिरहेकी देखिन्थिन् । ती केटाकेटीचाहिँ त्यो ढलको पानी छ्यापाछ्याप गर्दै थिए । सायदै त्यो ढलको पानी तिनको शुद्ध पिउने पानी होला नहोला तर खेल्ने नहर भने अवश्यै थियो । मैले तिनमा रोग, शोक भेटिन मात्र भोक, अभाव र सोख भेटेँ- आफ्नै स्तरको । म अत्तालिएर भगवान्लाई भन्दै थिएँ- के यो पैसा छाप्ने मेसिन मान्छेलाई नै तिमीले दिनुपर्ने ? तिमीले पैसा छापेर बाँढे नहुने ?

म अनायास भगवान्लाई प्रश्न सोध्न पुगेँ- तेरो उद्देश्य मसँग के छ ? छ भने केही त भन् । म प्रश्नका पाना बोकेर हरेक साँझ उसको आरती गर्छु, पुकारा गर्छु । म आफै सम्झिन्छु, आफै गम्छु । मान्छेले भन्छन् - यो त भक्त हो ।

मैले लगाएको मेरो निधारको चन्दनलाई हेरेर मान्छेले मलाई भक्त बनाइदिन्छ। पल्लाघरे काइँला बाले आफ्ना नातिसँग भन्नुहुन्छ, 'हेर् तँ ऊजस्तो बन्नुपर्छ।' मास्तिर मास्टर साब कुमारलाई भन्नुहुन्छ- 'ऊजस्तो बनेर हुन्न बाबु, पढ्नलाई शहरतिर जानुपर्छ। खाली घण्टा बजाएर जिन्दगी गुज्रिँदैन।' मैले अर्को दोधार भेटेँ। जिन्दगी आखिर के हो ? जब मैले देखेँ एकजना अति सुन्दरी युवती, कलकलाउँदा गाला, सौन्दर्य पनि भगवान्‌ले सायद थुप्रै समय लाएर कुँदेको हुँदो हो- खुसी पनि लाग्यो। खै ! किन किन आफ्नै हो भन्ने भाव पनि जाग्यो। म त्यसै अर्कै भक्तितिर भुल्न थालेँछु, दिवास्वप्नामा सायद। फेरि तिनको पहिरनलाई नियालेँ, तिनी त पक्कै भगवान्‌की प्रेमिका हुनुपर्छ। अर्कोतिर हेरेँ- सेतो साडी, सेतै चोलोको पहिरनकी बेग्लै सुन्दरी, बेदाग मुहारमा तर फेरि सोचमा परेँ के जिन्दगी यिनले बुझेकी होलिन् ? तिनीसँग बोल्ने आँटसम्म गरिन। खै ! उनको मनमा के थियो ? म चञ्चल मनको मान्छेले के-के सोचेँ के-के ! कोण-कोणबाट भगवान् खोजेँ तर मैले तिनको छेउबाट एउटा मैलो, फोहोरी, झुत्रा कपडा लगाएको, हातमा कटौरा बोकेको मानिस यतैतिर आएको देखेँ। उनले त्यो मान्छे समीपमा पर्नासाथ आफ्नो श्वास बन्द गर्न चाहिन्। फेरि म दोधारमा परेँ। अर्को संसार देखेँ। फेरि मैले सोच्नुको तात्पर्य खोज्न थालेँ। के ईश्वर त त्यो आत्मामा पनि समाहित थियो अनि फोहोरी हुनमा उसको नादानी अवस्था न हो- अनि ईश्वरकी भक्तिनी किन घृणा पस्किन्छिन् ?

भगवान् विष्णुलाई सोधेँ- ईश्वर मेरो जीवनको मूल्य के हो ? कति स्तरसम्ममा म मान्छे बन्छु। उनले हाँसेर उत्तर दिए- 'बाबु तिमी अहिले बच्चै छौ। तिम्रो जीवनको मूल्य तिमीले सोचेभन्दा कैयौँ गुणा धेरै छ।' म अलमल्ल परेँ। उनी अन्तर्ध्यान हुन हतारिँदै थिए। मैले पाउ समातेर भनेँ- प्रभु म दुनियाँमा किन नाजायज भइरहन्छु। उनले मीठो मुस्कानमा भने- 'बाबु तिमीले ज्ञानको कुरा बुझिसकेका छैनौ।' मैले फेरि सोध्न खोज्दै थिएँ उनी त अलप। सारा जिन्दगीभरि अलप। के ईश्वर पनि दोधारे परीक्षामा मलाई उत्तीर्ण भएको हेर्न चाहन्छ। मैले आफ्ना प्रश्नहरू मेरा अघि पाउलिएर लहलह भएका कुटमिराका बुट्यानलाई सोधेँ, छेउका सिमालीलाई। सबै मेरो खिल्ली उडाइरहेका थिए। म अलमल्ल पर्दै छेउको धारालाई 'कलकल पानी कहाँ हराउँछ' भन्दै गर्दा ती पनि अलप भए। वर-पिपलले आफ्ना कुरूप शरीरमा बास्ना नभएको गन्थन गर्दै थिए। म मगन्ता माग्ने टोकरीमा सर्वस्व खोज्दै भीडमा बढारिएँ।

म ईश्वरको खोजीमा अब गिर्जाघर पुगेँ। त्यहाँ भक्तको पहिरन र भाषामा गहिरो प्रेम देखेँ। मानवता खोजेँ। म त्यहाँ हाँसको बथानमा बकुल्लो नै बनेँ। खोज्दै दगुर्दै दार्शनिक कहाँ पुगेँ। मार्क्सवादको बुझ्झकता छाँट्दै हाम्रा संस्कार खराब हुन् भन्दै- 'भगवान्, देउता, प्रभु, ईश्वर, कृष्ण, राम यी सब



भ्रमका खेती हुन्। सामन्तवादी संस्कारका द्योतक मात्र। मार्क्स बरु देउतै हुन्, विचारका हिसाबले हामी लेनिनका पछाडि संसार देख्छौँ।' मैले यसो भनिन, रामराज्य राम्रो कि साम्यवाद ? कुन सम्भव छ ? अहँ, तिनको बौद्धिकताले अनुहारमा अर्को रूप लिइसकेको थियो। आफूलाई पढालेखा मान्ने तिनका हरेक वचनमा ईश्वरीय आस्थाको विरोध झल्कन्थ्यो। जीवको रहस्यमा हिन्दू दर्शन भित्रकै भौतिकवादी सोच त चार्वाक दर्शनमा पनि छ- मोज गर, मस्ती गर अनि जीवन बाँच। हो, चार्वाक दर्शनले भन्छ- मरेपछि केही छैन, सबै खरानी हो। जैन दर्शन या त बौद्धको समकक्षता कोट्याएँ। मैले पनि सोचेँ, के पृथ्वी यदि कुनै सफ्टवेयर हो। अफलाइन चल्ने सफ्टवेयर होला। यहाँ अन्न उब्जिन्छ। प्राणीका लागि चाहिने तत्त्वको व्यवस्थित प्रबन्ध छ। अझ भनौँ मान्छेको आँखा, नाक, मुख पनि कति वैज्ञानिक संयोजन गरेर राखेको छ अनि यो पृथ्वीको अद्यावधिक हुनुपर्दैन ? यो कस्तो सफ्टवेयर होला त ? मात्र दिन्छ, प्राणीका लागि तर अभाव, अन्याय, भोक दिँदैन। सबैलाई पुग्नेभन्दा कैयौँ बढी अन्न उब्जाउँछ। गोदाममा कुहिएका र समुद्रमा फालिएका अन्न देखेर पनि ऊ किन केही बोल्दैन ? न त भोकमरीको कृत्रिम सङ्कटमा हरियाली, पानी र हावालाई नाकाबन्दी गराउँछ। यो एउटा एप हो सायद। अफलाइन एप- पृथ्वी। जुनदिन अपडेट गर्नुपर्छ- त्यस दिन यसको नेटवर्क खराब पनि त हुन सक्छ। के मान्छे यो हरियाली प्रकृतिको संरचना अनि मान्छेको जीवनभित्र एकछिन टोलाउला। अहँ, लाग्दैन। दौडधुपको अन्तिम श्वासमा ढोङ र रवाफको पुन्तुरो कस्दै मर्छ। अन्धो मान्छे- अहङ्कारको बलिबेदीमा उही फुस्रा, खोक्रा गफमा 'महान् भन्छ' तर मानवता देख्दैन। पाखे र सेठको दर्जा तोल्छ- मान्छे देख्दैन। नवयौवना र यौवनको वेश्यावृत्तिमा मान्छे पशुभन्दा कैयौँ गुना नीच लाग्दैन त ? कपडा लाएर अङ्ग छोपिन्छ तर स्वभाव सर्वाङ्गै देखिन्छ।

पशुपतिसम्म पुगेँ। आर्यघाटमा मान्छे जलाउन लागिएको रहेछ। आफन्तहरू रोएका छन्, जो मरेको हो उसलाई केही मतलब छैन। न त यसो एकछिन उठेर धन्यवाद भन्छ, न कुनै प्रतिक्रिया। सबै आस्तिक नास्तिकको मनमा 'दुई दिनको जिन्दगी के छ र !' भन्ने समानता भाव भेट्छु। लास जली नसक्दै एक बुझ्झकको फोनको घण्टी बज्छ। प्रायः बुझ्झकहरू त घडीको सुइ हेरेर पो बाटो तताउँदा रहेछन्। काम जति बिते पनि सामान्य मान्छे लाश नजली हिँड्नुहुँदैन भन्दा रहेछन्। ठूलाठालु कामै नहुँदा पनि 'मिटिङ छ, त्यहाँ यस्तो काम छ' भन्दै लुसुक्क-लुसुक्क अलप हुँदा रहेछन्। ती पशुपतिनाथ एक शब्द केही बोल्दैनन्। त्यहाँ हजार रूपैयाँ तिर्नेले लाइनमै नबसी ठ्याक्क दर्शन पाउँदा रहेछन्। ती निरीह कङ्गालहरू लाइनमा भोकै नाङ्गो खुट्टामा धाइर हेका देख्छु। अहो भगवान् ! न्याय खोइ ? अहँ, एक शब्द बोलेनन्। शैव दर्शन

पल्टाएँ, पाशुपत दर्शनभरि खोतलें, ईश्वरको रूपमा मलीनता छ तर त्यहाँ त आडम्बर देखिन खै ! यो मान्छेको मन्दिर र व्यवस्थामा खै कस्तो समानता ? म घोरिइरहें । साँझको आरतीमा भावुक प्रत्येक भक्तमा भगवान् देखेकै जस्तो लाग्यो । जहाँ भित्र-बाहिरको कुरा देखिनँ । शिव भजनमा मग्न बाँदरको तालमा साधुको हाल देखें, जो लोभको पगरीमा कामको गेरु बेरेर मदको पहिरनभित्र त्यागको नाटक त गर्दै छैनन् ? अनि ती साधु-सन्त भक्त हुन् कि त्यहाँका बाँदर को जमात वास्तविक सन्त हुन् ? कमसेकम तिनले खोजेर, चोरेर त खाने प्रबन्ध गर्छन् । हो, त्यागको हवासमा कामको वासना, क्रोधको कामना, लोभ या षड्शत्रुको पङ्गुपना तिनमा सबैथोक देखें तर शक्तिमा कमी भेटिन, तब शिवजीको मन्दिरको गजुरमा जानलाई ती भक्त बाँदरलाई गेटका पुलिसले रोक्न सक्दैनन्, सोचिरहें ।

म अवाक भएर एकछिन घोत्लिएँ । अलिपर चर्चसम्म पुगेपछि उनी अर्कै मोडमा मोडिइन् । म आफ्नो गन्तव्यहीन यात्रामा एकछिन बिसौनी खोजेर रोकिएँ । बेतेलभित्रका आवाजसँग गितारको झन्का आएको । छेउमा एकछिन अडिएँ । भित्रबाट एउटा मान्छे दौडिएर आयो । बाइबलको ठेली जबरजस्ती थमायो । नरम भाषामा बोल्यो । कति पनि कर्कश आवाज थिएन, अनि छेउको उसको परिचितले बोलाउन चाहँदा मात्र ऊ आगो भयो । फेरि मतिर मोडियो उही नरमपना । फेरि मलाई अन्य प्रचारका पत्रको उपहार बोनस भिरायो । मैले जवाफ वा प्रतिक्रियाको आशा गर्नुमा आफैलाई अनुचित ठानें किनकि मेरो पालोसम्ममा घडीको सुइले बाह्र बजाउने सम्भावना । म पनि त बोल्न कहाँ कमको छु र ! म अझै दोधारको सागरमा डुबुल्की मार्दै दगुरें । म आफ्नो संसारमा लुकामारी गर्दै बुद्धका अघि उभिएँ । उनी अवाक बोलेनन् । न त मलाई उनको ध्यान प्रक्रिया सिकाउन चाहे । मेरो कपडामा बुद्धत्वको पहिचान जोडिएन सायद । म आफ्नो सामल खानतिर लागेको के थिएँ । माथि एक हुल बाँदर आएर मेरो पेटको अशान्तिलाई भूकम्प चलाइदिन भ्याएछन् । खाजा त एकै पटक माथि रूखमा चढेछ । म जमिनको जमिनमै दोधारमा परें । म भक्त कि यी मन्दिरमा उफ्रने बाँदर भक्त ? यी त रातदिन मन्दिर, गुम्बाका सामीप्यमा बस्छन् । प्रसादबाहेक अरू केही नखाने । घुम्दै चारो खोज्न दगुर्ने स्वयम्भूका पेटीमा हात फैलाएका बिजोग लाग्ने व्यक्तित्वको जीवन हेरें । बुद्धलाई भनें- के तिमी पशुपतिनाथसँग सहकार्य गरेर दुवैतिरका सबै यस्ता आशामुखीको जीवनलाई बुझ्न सक्दैनौ ? ती पेटीका तपस्वीलाई देखेर तिमीले कहिल्यै कृष्णजीसँग सम्झौता गरेनौ ? मैले दोधारमा भगवान्लाई गाली गरें । तिमी तिनको अभाव वा बाध्यता वा ढोंगी मगन्ता अवस्थाको छानबिन समिति त बनाऊ । यति सोच्दै मात्र के थिएँ, वैशाखीको सहारामा आएको एउटा व्यक्तिले मेरो अघि हात



पसाऱ्यो । उसलाई के थाहा म अनाधिकारी मगन्ता हुँ भन्ने कुरा । म सभ्य मगन्ता हुँ । देख्दा इज्जतदार तर न माथि जाने, न तल गिर्ने मझधारमा । म पनि ऊ जस्तै एउटा मगन्ता हुँ । पेट युगमा जेट युगको चर्चा गर्दै यन्त्रको तन्त्रले मूल मन्त्र भिरेको गणतन्त्र, लोकतन्त्र, शोकतन्त्र, भोकतन्त्र, गरिबी र मानवतालाई ठोकतन्त्रको नयाँ परिवर्तनमा म मगन्ता बेसहारे मझधारमा । न त म बोल्छु तर आवाज बुलन्द छन्, नैतिक बन्धनमा । म कसैको सशक्त कार्यकर्ता । पुच्छर, न टाउको न धार- म केवल मझधारको मगन्ता । तब बुझें जीवनमा म ईश्वरको प्यासी हुनु मेरो प्रकृति रहेछ । म मानिसरूपी मूर्तिमा बसेका ईश्वरको खोजीमा रहेंछु । मभित्रकै ईश्वरको ज्ञानको भोकमा तड्पेको रहेंछु । हो म वास्तवमा मगन्ता हुँ तर अब म आफैभित्रका ईश्वरलाई चिन्छु । मूर्ति, मन्दिर, विश्वासमा खै के छ तर मभित्रको मन्दिरमा साँचो ईश्वर रहेछ, अनि लाग्यो अब म मगन्ते बनिरहन्छु ।

ä ã


## के तपाईंलाई थाहा छ ?

**हामी २०७८ र २०७९ को**

**वर्ष पुस्तकमा जुटिसकेका छौं ।**

**प्रत्येक वैशाखदेखि चैत्रसम्म निस्केका**

**पुस्तकहरूको हामी टिप्पणीसहित**

**परिचय प्रकाशन गर्दछौं ।**

**त्यसको लागि**

**हामीलाई पुस्तक उपलब्ध गराउनुहोस् ।**

**साहित्य संवर्द्धन केन्द्र**

**तथा**

**शब्दार्थ प्रकाशन**

चाबेल, काठमाडौं **०१-४४९७३५१/९८४११४४५१०/९८४१४९६१०३**

# पुस्तकालयहरूको लहरमा दायित्व पुस्तकालय

**रामप्रसाद पन्त**

साहित्यका लागि मात्र होइन, कुनै पनि सांसारिक ज्ञान प्राप्तिका लागि ज्ञानभण्डारको आवश्यक पर्छ । त्यो ज्ञान सिधै गुरुबाट पनि प्राप्त गर्न सकिन्छ र लिपिबद्ध भएका पुस्तकहरूको अध्ययनबाट पनि प्राप्त गर्न सकिन्छ । तिनै पुस्तकहरूको भण्डार हो पुस्तकालय । पुस्तकहरूको आलय अर्थात् पुस्तकहरूको घर, जहाँ सयौं हजारौं मात्र होइन लाखौंको सङ्ख्यामा पुस्तकहरू सङ्गृहित गरिएका हुन्छन् । लाइबेरी अफ काँग्रेस, ब्रिटिस नेशनल लाइबेरी र नेपालका सन्दर्भमा भन्ने हो भने राष्ट्रिय पुस्तकालय, केन्द्रीय पुस्तकालय र केशर पुस्तकालय आदिलाई लिन सकिन्छ ।

'पुरानो कोट लगाऊ, नयाँ पुस्तक किन'- थोरोको यो भनाइ ज्ञानार्जनका लागि पर्याप्त छ तर नेपालको सन्दर्भमा सबैभन्दा बढी लेखिने र कालान्तरसम्म नटिक्ने मध्येको संस्था हो पुस्तकालय । यसको मुख्य कारण हो- पुस्तकालयको उपादेयता नबुझीकन खोल्नु र यसको दूरगामी पक्षसँग अनभिज्ञ रहनु अर्थात् युवा जोश देखायो, पुस्तकालय खुल्यो, पुस्तकको सुरक्षामा ध्यान दिने निरन्तरता हुन सकेन, बन्द भयो । किताबहरू धुलाम्मे भए, धमिरा र मुसाले खाए, ओसिए, मासिएर समाप्त भए ।

पुस्तकालय सञ्चालन गर्नु भनेको निरन्तर अभियान हो । एउटा पुस्ताले स्थापना गरेको पुस्तकालय उसको शेषपछि संरक्षणका लागि अर्को पुस्ता तयार हुनुपर्छ तर हामी कहाँ त्यस्तो संस्कृति बसिसकेको छैन । बाबुले चाख लिएर खोलेको पुस्तकालयमा छोराले पनि रुचि राख्छ भन्ने कुनै ग्यारेन्टी छैन । बाबुका लागि त्यही पुस्तक हीरा थियो भने छोराका लागि कीरा हुनसक्छ अनि सकिन्छ पुस्तकालयको किस्सा । यसैले आवश्यक पर्छ- पुस्तकालयमाथि सरकारी संरक्षण किनकि पुस्तकालय राष्ट्रको सम्पत्ति हो । ज्ञान जनजनको आवश्यकता हो ।

हाम्रोजस्तो बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र बहुजातीय भएको देशमा विभिन्न भाषीका पुस्तकहरू सुरक्षित राख्नका लागि पुस्तकहरूको विशाल सङ्ग्रहालय हुनु जरुरी छ । ऐतिहासिक अभिलेखहरूका लागि राष्ट्रिय अभिलेखालय र पुरातात्त्विक वस्तुहरूको संरक्षणार्थ पुरातात्त्विक सङ्ग्रहालय सुव्यवस्थित रूपमा सञ्चालन हुनुपर्छ । जसबाट विविध नेपाली जनजाति, धर्म र संस्कृतिमाथि अध्ययन गर्नेहरूका लागि एउटा महत्त्वपूर्ण थलो बनोस् र अध्ययन



अनुसन्धानको कार्यले निरन्तरता पाओस् ।

हामी कहाँ सरकारी संरक्षणप्राप्त पुस्तकालयको अवस्था पनि राम्रो छैन । २०७२ सालको महाभूकम्पपछि क्षतिग्रस्त भएका पुस्तकालयहरू केही पुनर्निर्माण भए, केही पुनर्निर्माणको क्रममा छन् र केहीको पुनर्निर्माण हुने अझसम्म पनि अत्तोपत्तो छैन । केन्द्रीय पुस्तकालय बौरिएको अवस्थामा छ । केशर पुस्तकालय र मदन पुरस्कार गुठीबाट सञ्चालन भइरहेका मदन पुस्तकालयहरू बौरिने अवस्थामा छन् तर राष्ट्रिय पुस्तकालय अझै पनि बोरामा बाँधिएको अवस्थामा छ । पुस्तकालय बनाउन भनी छुट्याइएको जमलको जग्गामा पनि व्यापारी र भूमाफियाका आँखा परिसकेका छन् । भोलिका दिनमा के हुने हो, कुनै निश्चित छैन । सरकारी पुस्तकालयको यस्तो हालत छ भने निजीस्तरमा स्थापना गरिएका टोलछिमेकका पुस्तकालयहरू र एकल अभिरुचिमा स्थापना गरिएका घर घरका पुस्तकालयहरूको अवस्था कस्तो होला ?

केही वर्षयता डा. डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालयको स्वामीत्व पनि नेपाल सरकारले स्वीकारेको छ । सरकारी निमन्त्रणामा गइसकेपछि जुनसुकै चीजको पनि अधोगति देख्नुपर्ने विडम्बनाले त्रसित हाम्रो मन द्विविधामा छ- यसले गति कस्तो लिने हो ? यो पनि विवादरहित छैन तथापि तर व्यवस्थापन पक्ष राम्रो भएकोले यस पुस्तकालयले गति राम्रै लेला भन्ने आशा गर्न सकिन्छ ।

वर्तमान अवस्थितिमा नेपालको साहित्यिक क्षेत्र यति फस्टाएको छ, दैनिक सालाखाला आठ दशवटाका दरले किताबहरू प्रकाशित हुन्छन् । साहित्यिक संस्थाहरूको अभिवृद्धि हुँदै गए जसरी साहित्यकारहरू पनि बढेका छन् र तदनुरूप कृतिहरू पनि प्रकाशित भइरहेका छन् । एउटा कृति विमोचन कार्यक्रममा जाँदा त्यो कृतिसँगसँगै अन्य चार पाँचवटा कृति हात लाग्छन् । ती कृतिहरूमाथि सर्सर्ती नजर त लगाउनै पऱ्यो अनि थन्क्याउने कहाँ ? थुपार्दा थुपार्दै चाङ बन्छ । ठाउँ छ भने लाइन लगाएर राख्नुपऱ्यो । खात बनाउनुपऱ्यो अन्यथा कसैलाई दिनुपऱ्यो । लिने मानिस सत्पात्र पऱ्यो भने त त्यसले गाउँको कुनै पुस्तकालयमा लगेर राख्ला, परेन भने उसले सके त बेचेरै खाला, सकेन भने 'खाली सिसी पुराना कागज'मा पनि दर्ता गरिदेला ! अनि त मालको कुमाल, भिल्लका देशमा मणि ।

मलाई यस्तै अनुभव भएको छ, मैले कसैलाई लेखेर दिएका उपहार स्वरूप किताबहरू फुटपाथमा बिक्रीका लागि राखिएको अवस्थामा भेटिएका छन् । सरस्वतीमाथि बेइमानी, सरस्वतीपुत्रको सदासयतामाथिको यस्तो बेइमानी पनि हुने गरेको छ । विमोचन कार्यक्रममा सित्तैँमा पाएको किताब लेखकले पुऱ्याउनुभन्दा अघि नै अरू कसैले लगेर पुस्तकालयमा बेचेको अनुभव पनि छ मसँग ।

राष्ट्रले भाषा, साहित्य र संस्कृतिको संरक्षण गर्नुपर्ने हो । गाउँपालिका

वा नगरपालिकामा मात्र होइन, वडा वडामा पुस्तकालयको व्यवस्था हुनुपर्ने हो तर शिशु अवस्थामा रहेको सङ्घीयताबाट त्यो आश गर्नु पनि व्यर्थ हुन्छ । अतः साहित्यिक क्षेत्र व्यवस्थित रूपमा सञ्चालन हुन हामीले अझ लामै समय पर्खनुपर्छ ।

राष्ट्रका पुस्तकालयहरूको यसप्रकारको चर्चा गर्दै गर्दा हामीले गुल्मी तम्घासमा स्थापित किरण पुस्तकालयको स्थायित्वका बारेमा पनि कुरा गर्नुपर्ने हुन्छ र पाल्पाको तानसेनमा स्थापित धवल पुस्तकालयको पनि चर्चा गर्नुपर्ने हुन्छ । यस प्रकारका जिल्लास्तरीय पुस्तकालयहरू कति जिल्लामा सञ्चालित होलान्, तिनको अवस्था पनि बुझ्नुपर्ने हुन्छ ।

पछिल्लो चरणमा दायित्व वाङ्मय प्रतिष्ठानले पनि आफ्नै भवन बनाएर पुस्तकालय स्थापना गर्ने र कार्यालय एवं कार्यक्रमहरूको सञ्चालन पनि त्यसै भवनमा गर्ने उद्देश्य राखेर बजेट जुटाउने अभियानमा लाग्यो । निःस्वार्थ सेवाभाव राखेर अगाडि बढ्दा सफलता हात लाग्दो रहेछ । हामीले वाग्मती प्रदेश सरकारसँग गरेको अनुरोधले निर्णायक भूमिका खेल्यो अर्थात् केही आर्थिक सहयोग उपलब्ध हुने देखियो तर विडम्बना यस्तो भयो, जग्गाविहीन अवस्थामा रहेको दायित्व वाङ्मय प्रतिष्ठानले जग्गा कहाँबाट कसरी उपलब्ध गराउने र भवन निर्माण गर्ने ? हामी जग्गाको खोजीमा लाग्यौं । लामो प्रयासपछि बूढानीलकण्ठ नगरपालिकाले जग्गा उपलब्ध गरायो । हामीले २०७६ सालको शुभारम्भसँगै अर्थात् वैशाख १ गते भवन शिल्यान्यास गर्‍यौ र त्यसै सालको असार मसान्तसम्म निर्माण सम्पन्न गरी घटस्थापनाको शुभसाइतमा उद्घाटन पनि गर्‍यौं ।

उद्घाटन पछिका दुई वर्षयता हामीले दर्जनौं कार्यक्रमहरू त्यसै भवनमा सम्पन्न गर्‍यौं र तीनवटा एटेज दराजहरू निर्माण गरी किताब सङ्कलन गर्ने काम पनि जारी राख्यौं । यसबाट हामीलाई ठूलो सन्तोषको विषय के भएको छ भने दायित्व वाङ्मय प्रतिष्ठान यसै पनि स्थापित भइसकेको संस्था थियो, यस भवनको निर्माणले चिरस्थायीत्व बनाएको छ र बूढानीलकण्ठ नगरपालिकामा 'दायित्व पुस्तकालय'को रूपमा एउटा मात्र पुस्तकालय स्थापित हुँदा त्यस क्षेत्रका साहित्यकार एवं साहित्यप्रेमीहरूका लागि पनि ज्ञान आर्जन गर्ने केन्द्रविन्दु भएको छ । यसलाई मैले दायित्व वाङ्मय प्रतिष्ठानले साहित्य संवर्द्धनका क्षेत्रमा गरेको २२ वर्षयताको सबैभन्दा ठूलो उपलब्धि हो भन्ने ठानेको छु । यसमा मलाई गर्व छ ।

ä ã

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**



# दौरा सुरुवालको लागि दौडधुप

**विनोद नेपाल**

पञ्चायती शासनको अन्त्यतिर २०४५ सालको मध्यतिर जागिरमा प्रवेश गरियो । पूर्ण सरकारी स्वामित्वको वित्तीय संस्थाको जागिरले सुरुमै हुत्यायो नेपालगञ्ज । केही समय नेपालगञ्ज बसेपछि त्यहाँबाट काठमाडौं वा पोखरातिर लाग्न पाउने आशा थियो तर दुई महिना नहुँदै हुत्यायो अझ पश्चिम बर्दिया जिल्लाको सदरमुकाम गुलरिया ।

काम सिक्ने हिसाबले क्षेत्रीय कार्यालय भन्दा शाखामा जानु बेस थियो । तर त्यतिखेरको बर्दिया तराईकै सर्वाधिक दुर्गम र आवत जावतका दृष्टिले असहज जिल्ला थियो । त्यतिञ्जेल यो पक्की सडक नै नभएको जिल्ला थियो । यसैले मन रमाएको थिएन । यता नेपालगञ्जमा सहकर्मीहरूसँग घुलमिल भइसकेको अवस्थामा उता सानो ठाउँमा गएर नयाँ परिचय गर्नुपर्ने कुराले पनि चिन्ता थपिदियो तर खटिएको कार्यालयमा जानुको विकल्प थिएन । यसैले मङ्सिर महिनाको अन्तिम साता रवाना पत्र लिएँ ।

नेपालगञ्जबाट गुलरिया जाने बाटो दुईवटा थियो त्यतिखेर । एउटा भारत हुँदै र अर्को भर्खर निर्माणको क्रममा रहेको कच्ची सडक हुँदै नेपालबाटै । नेपालगञ्जको धम्बोझी चोकबाट दैनिक दुईवटा बस चल्थ्यो, एउटा बिहान र अर्को दिउँसो । नेपालबाट जाँदा एउटै गाडीबाट पुग्न सकिने तर भारतबाट जाँदा ठाउँठाउँमा गाडी फेर्नुपर्ने झन्झट एवम् आफूलाई भारत यात्राको खासै अनुभव पनि नभएकाले तथा पहिलोपटक जान लागेको, साथमा केही सामान पनि भएकोले मैले भारततिरबाट जान रुचि राखिनँ । मसँग क्यासेटसहितको जापानी 'सोनी' रेडियो पनि थियो । भारतीयहरू विदेशी सामान देखेपछि आँखा लगाउँछन् भन्ने सुनेको हुँदा पनि विदेशी भूमि भन्दा स्वदेशकै कच्ची सडक मेरो रोजाइमा परेको थियो ।

त्यस दिन बिहानको गुलरियाको बस चढें । भरिभराउ बस ठाउँठाउँमा रोक्दै यात्रुहरू ओराल्दै र चढाउँदै जाँदा झन्डै ३२ किलोमिटरको दूरी करिब पाँच घण्टामा तय गर्दै दिउँसो एक बजे भादा (बबई) नदीको किनारमा पुग्यो । नदीमा पुल निर्माण भएको थिएन । यसैले बस नदीवारि नै रोकिन्थ्यो । गुलरिया पुग्न डुङ्गाबाट नदी पार गरी झन्डै दुई किलोमिटर टाँगामा चढेर वा पैदल जानुपर्थ्यो ।

गुलरियामा टाँगा चल्थ्यो त्यस वेला सवारी साधनको रूपमा । भारतको

नजिकको बस बिसौनी मूर्तिहा पुग्न त्यही टाँगा प्रयोग हुन्थ्यो अनि गाउँबाट आउने जाने साधनका रूपमा हुनेखानेले साइकल वा लहडु प्रयोग गर्थे भने अन्य पैदलै हिँड्थे ।

भादामा ओलिई डुङ्गा तरेपछि म पनि अन्य यात्रुसँगै टाँगामा चढें । हावा चल्ने, हुरूरूरू धुलो जति सबै आफैमाथि आउने टाँगामा बस्दा पनि । अँ साँच्ची ! पछि थाहा भयो त्यसताका 'गुलरिया' जसलाई बोलिचालीमा 'गुलेरिया' भनिन्थ्यो लाई हिउँदामा 'धुलेरिया' र वर्षामा 'हिलेरिया' भनिँदो रहेछ ।

यो पहिलो यात्रापछि गुलरिया पुग्दा ऐना हेऱ्यो भने आफैलाई नचिन्ने, बरु को हो ? भनेर भस्कनुपर्ने अवस्था थियो धुलोले गर्दा ।

टाँगाबाट ओर्लिई धुलो टक्टक्याएँ र गुलरिया बजारतर्फ दृष्टि लगाएँ । फुङ्ग उडेको सुख्खा ठाउँ, सदरमुकाम होइन तराई देहातको कुनै सानो गाउँजस्तो, ससाना छाप्रा अधिक रूप न रङ्गका फाटफुट मात्र पक्की घर भएको गुलरिया देख्दा मलाई बडो नरमाइलो महसुस भयो । रसिलो रमाइलो र हराभरा सुन्दर पाल्पामा जन्मे हुर्केको मान्छे यस्तो ठाउँमा कसरी बस्ने, कसरी रमाउने होला ? भन्ने लाग्यो । मनमा अनेकथरी कुरा खेलाउँदै आफ्नो सामानको भारी लिएर कार्यालयको खोजीमा लागें, नजिकै रहेछ, सजिलै फेला पऱ्यो ।

त्यसैदिन हाजिर गर्नुपर्ने थियो, प्रमुखले अनुमति दिनुभयो, हाजिर गरें । सरुवा भई नयाँ कार्यालयमा पुगेको पहिलो दिन जति वेला पुगे पनि हाजिर गर ाउने चलन रहेछ, त्यो सुविधा लिएँ । बसोबासको हकमा डेराको व्यवस्था नभएसम्म सोही कार्यालयमा कार्यरत गाउँकै दाइ गोविन्द रेग्मीसँगै बस्ने कुर ाकानी भयो । अर्का कर्मचारी राजन सिग्देल भाइ पनि सँगै रहेछन्, यसैले तीनजना एकैठाउँ बस्ने भइयो । सँगै कार्यालय आउने जाने गर्न थालियो । घुमफिर सँगै हुन्थ्यो । बिस्तारै अन्य कार्यालयका कर्मचारीसँग पनि परिचय हुन थाल्यो । केही दिनमै गुलरियामा रमाउन थालियो । बाध्यता पनि थियो, नरमाएर के गर्नु ?

केही समयपछि डेराको व्यवस्था गरियो र सरियो, संयोग गाउँकै अर्का दाइ भोला पहाडी सरूवा भई पुगेपछि दुईजना सँगै बस्न थालियो । घर भाडा थियो एक सय पच्चीस रूपैयाँ । खाना पकाउने खाने र भाँडा माझ्ने काम आफै गरिन्थ्यो ।

तत्कालीन राजा वीरेन्द्रले हरेक वर्ष जाडो याममा पाँच विकास क्षेत्रमध्ये पालैपालो एक क्षेत्रको भ्रमण गर्ने र एक महिना राजधानी बाहिर बिताउने गर्थे । त्यस वर्ष मध्यपश्चिमाञ्चल विकास क्षेत्रको पालो थियो जसको केन्द्र थियो सुर्खेत अर्थात् 'वीरेन्द्रनगर' जुन राजा वीरेन्द्रलाई असाध्य मन परेको ठाउँ मानिन्छ । यस विकास क्षेत्रमा पर्थे भेरी, राप्ती र कर्णाली अञ्चल ।

माघ महिनाको एक दिन राजाको बर्दिया जिल्लाका विभिन्न स्थान हुँदै



सदरमुकाम सवारी हुने भयो । सोको जानकारी सवारीको केही दिन अघि मात्रै पाइयो । अधिकृत स्तरका सम्पूर्ण कर्मचारी स्वागतका लागि उपस्थित हुनुपर्ने र पोशाकको हकमा 'राष्ट्रिय पोशाक' दौरा सुरुवाल अनिवार्य लगाउनुपर्ने सूचनामा थियो ।

आफू भने भर्खरै नियुक्त भएको अधिकृत दौरा सुरुवाल नै थिएन । यतिञ्जेल न राष्ट्रिय पर्व र दिवसहरूमा सहभागी हुनुपरेको थियो न त कसैको स्वागतमा नै । अब के गर्ने ? समस्या पऱ्यो ।

गुलरियामा दौरा सुरुवाल सिलाउने कोही रहेनछ । यसैले नेपालगञ्ज पुग्नुपर्ने भयो । ठीक छ, जाउँला तर कोट के गर्ने ? कोट सिलाउन भ्याउने समय नै थिएन । अहिले जस्तो तयारी कोट पाउने सम्भावना पनि त्यस बेला कहाँ हुनु ? कालो छालाको जुत्ता भने मैसँग थियो ।

अब नेपालगञ्ज नगई भएन भनेर नेपालगञ्ज हानिएँ । नेपालगञ्जमा दौरा सुरुवालको नाप दिई रात्रीबसबाट बुटवल पारी नयाँगाउँ आएँ । त्यहाँ मेरा ठूलोदाजु हुनुहुन्थ्यो । उहाँसँग कोट मागें र लिएर भोलिपल्ट नेपालगञ्ज फर्किएँ । दौरा सुरुवाल अझै तयार भएको रहेनछ, भोलिपल्ट गुलरिया आउन लागेका एक मित्रलाई ल्याइदिन भनें र गुलरिया फर्कें । पर्सिपल्ट दौरा सुरुवाल हात लाग्यो ।

हामीलाई सवारीको दिन बिहान ७ बजे नै जिल्ला विकास समितिको प्राङ्गणमा उपस्थित हुने आदेश थियो । जाडो महिना, चिसो असाध्य थियो । आकाश कुहिरोले ढाकेको र शीत झरिरहेको थियो तर तोकिएको समयमा निर्धारित स्थानमा पुग्नु अनिवार्य थियो । यसैले जाडोमा काँप्दै काँप्दै हतारहतार तोकिएको स्थानमा पुगियो ।

हेर्दाहेर्दै दौरा सुरुवाल कोटमा सजिएका पञ्चहरू अनि प्रशासक र अधिकृतहरुका साथै सर्वसाधारणको पनि भीड लाग्यो । अब सुरु भयो आकाशतिर हेर्ने क्रम । कतिखेर हेलिकोप्टर आइपुग्छ भन्दै सबैका आँखा आकाशतिर सोभिन थाले तर दुई घण्टा प्रतीक्षा गरिसक्दा पनि हेलिकोप्टरको छाँटकाँट देखिएन । यत्तिकैमा हल्ला आयो सुर्खेतको मौसम खराब भएकाले हेलिकोप्टर उड्न सकेन रे ! खुल्नासाथ उड्छ रे !

यता भोक लाग्न थाल्यो । एक कप चियाबाहेक केही खान पाइएको थिएन । बस्ने व्यवस्था नहुँदा लामो समय उभिनुपरेको थियो । जाडो उस्तै थियो । केहीले भने सटाकसुटुक मै खाना खाइसकेछन् यसबीच, सोझा सिधा भोकभोकै परेछौं ।

कुर्दाकुर्दा दिउँसो झन्डै एक बजे हेलिकोप्टरको आवाजसँगै हामीलाई लाममा लगाइयो । केहीबेरमा हेलिकोप्टर आइपुग्यो । राजा ओर्लिए । सायद त्यस अघि नै जिल्लाका अवलोकन गर्नुपर्ने स्थानहरूको अवलोकन गरिसकेर त्यहाँ

आइपुगेका थिए राजा । त्यहाँ धेरै लामो कार्यक्रम थिएन । केहीबेर पछि जिल्ला पञ्चायत सभापतिले अगुवाइ गर्दै राजालाई कर्मचारीहरूको लामतर्फ ल्याए ।

अधिकृतहरूलाई राजाका सामु आफ्नो नाम, कार्यालय र सेवा अवधि भन्न निर्देशन थियो । सोही अनुसार क्रमैसँग सबैले आफ्नो परिचय दिँदै गए । कसैकसैसँग भने राजाले जिज्ञासा पनि राखे । सायद त्यस्ता कार्यालय जसका कामकाजप्रति राजाको विशेष चासो थियो, त्यसका प्रमुखसँग राजाले केही जिज्ञासा राखेका थिए ।

राजा अघि बढ्दै नजिक आउँदै जाँदा सबैका जोडिरहेका हात काँपेका देखिन्थे भने शिर निहुरिएका देखिन्थे । कसैले पनि शिर ठाडो गरेर राजाको अनुहारमा हेरिरहेका थिएनन् । म भर्खर मात्र जागिरे जीवनमा प्रवेश गरेको ४५ किलोको शरीर भएको २३ वर्षे ठिटो मान्छे दुईजना दुई दशक बढी जागिर खाइसकेका पाका र मोटा अधिकृतहरूको बीचमा थिएँ । ममा कौतूहल थियो, यताउता हेरिरहेको थिएँ, उनीहरूका भने जोडिएका हात काँपेका र शिर निहुरिएको निहुरै थियो । राजा मेरा सामु आइपुगे । मैले हात जोड्दै एकपटक उनको अनुहारमा हेरेँ तर हेरिरहन सकिनँ । टाउको निहुराएँ र आफ्नो नाम तथा पद र जागिर अवधि तीन महिना मात्र भएको बताएँ । राजा मुन्टो हल्लाउँदै अघि बढे । कर्मचारीहरूसँगको यो भेट सकिनासाथ राजा हेलिकोप्टरतर्फ लागे ।

पञ्चायतकालमा जुन विकास क्षेत्रमा राजाको भ्रमण हुन्छ, त्यस क्षेत्रमा विशेष तयारी हुन्थ्यो । पञ्चहरू कृत्रिम फूलबारी र बगैंचा तयार गर्नेदेखि लटरम्म फलेका फलफूलका सिङ्गै बोट उखलेर ल्याएर भए पनि वरपरका स्थान सिँगार्न, सजाउन लगाउँथे । तिनलाई देखाएर राम्रो काम भएको भ्रममा पार्ने र आफ्ना स्वार्थ पूरा गर्ने गर्थे । उनीहरू राजाको सवारीलाई कमाउने अवसरको रूपमा पनि उपयोग गर्थे । भएको केही हुँदैनथ्यो तर राजालाई सब ठीकठाक छ भन्ने भ्रममा पार्दथे । राजासम्म सही कुरा पुग्न दिँदैनथे । राजारानीका नाममा नानाथरी परिकार जुटाउन निर्देशन दिने र आफैले मोज गर्ने गर्थे ।

पञ्चहरू निर्दलीय व्यवस्थाको विरोधमा आवाज उठाउनेहरूलाई झुठा मुद्दा लगाउने र 'अराष्ट्रिय तत्त्व'को आरोपमा दुःख दिने गर्थे । त्यसको अर्को वर्ष अर्थात् २०४६ सालमा राजा पश्चिमाञ्चल विकास क्षेत्रको भ्रमणमा रहेका समयमा पञ्चायत विरोधी जनआन्दोलन चर्किन थालेपछि राजा भ्रमण रद्द गरी काठमाडौं फर्केका थिए र त्यही नै उनको अन्तिम विकास क्षेत्र भ्रमण भएको थियो ।

यसरी जागिरे जीवनको पहिलो वर्षमै राजाको सवारीको आकस्मिक जानकारीका कारण दौरा सुरुवालको लागि दौडधुप भयो । त्यसपछि झन्डै एक वर्ष विभिन्न राष्ट्रिय दिवस, उत्सव र अवसरमा राष्ट्रिय पोशाकमा उपस्थिति पनि जनाइयो तर २०४६ साल चैत २६ गते राती ११ बजेको शाही घोषणाबाट पञ्चायती



संविधानका विभिन्न धारा निलम्बन भई बहुदलीय व्यवस्था पुनर्स्थापना भएसँगै त्यसको आवश्यकता रहेन ।

दौरा-सुरुवाल अत्यन्त राम्रो र भद्र पहिरन हो । यो मौलिक नेपाली पहिरन पनि हो तर आफूलाई 'जनपक्षीय' र 'राष्ट्रवादी' दाबी गर्नेहरूले यसलाई 'सामन्ती पहिरन' भन्न र विदेशी पहिरन टाई-सुटमा रमाउन थाले । 'समावेशिता' र 'स्वतन्त्रता'को नाममा अचेल जथाभावी पहिरनको प्रयोगले न संसदको शोभा बढाउन सकेको छ न त विदेशमा कुनै कार्यक्रममा प्रतिनिधित्व गरेर जाने नेपालीलाई पहिरनले भिन्न देखाउने र टाढैबाट चिनिने अवस्था नै छ । नेपाल र नेपालीको पहिचान बनेको विशिष्ट र मौलिक पहिरन दौरा-सुरुवाल सबैको साझा पोशाक बन्न सकेमा कति राम्रो हुँदो हो ?

जेसुकै होस्, राष्ट्रिय पोशाक दौरा सुरुवालका लागि गर्नुपरेको त्यो दौडधूप भने मेरा लागि अविस्मरणीय बनेर रहेको छ र मौलिक पहिरन दौरा-सुरुवालप्रति उच्च सम्मान छ ।

पोखराथोक, माडी, पाल्पा ।

ä ã

**साहित्य संवर्द्धन केन्द्र, नेपाल**

**१०. 'निर्मला-प्रेम साहित्य सम्मान'बाट सम्मानित**
- २०७४ नेपाल बाल साहित्य समाज
- २०७५ प्रमोद प्रधान
- २०७७ रञ्जुश्री पराजुली
- २०७८ तेजप्रकाश श्रेष्ठ

**११. 'पुण्य तिलस्मी सरह दर्शन साहित्य सम्मान'बाट सम्मानित**
- २०७७ विद्यानाथ उपाध्याय
- २०७८ प्राडा. वीरेन्द्र मिश्र

**१२. 'नन्द आनन्द टुल्की साहित्य सम्मान'बाट सम्मानित**
- २०७७ नारायण तिवारी
- २०७८ श्रीओम श्रेष्ठ 'रोदन'

**१३. 'आमोई पद्याख्यान पुरस्कार'बाट सम्मानित**
- २०७७ होमनाथ सुवेदी
- २०७८ श्रीहरि फुयाँल

ä

**http://www. nepalipublisher. com वा**

**http://www.khabarinepal.com को Hotlink वा**

**http://nepalipublisher.com/downloads-vajyanti\dayitwa**

**अब हाम्रो वेब साइटमा वैजयन्ती र दायित्वका सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है ।**

# पक्कै त्यस्तै हो

**डा.विश्वदीप अधिकारी**

हामी जनताहरू शासन सत्तामा बस्नेहरूसँग निरन्तर असन्तुष्ट हुने गर्दछौं । किन होला असन्तुष्टिले मनमा वास गर्ने गरेको ? राजनीतिक समाजमाथि यो एउटा गम्भीर प्रश्न हो । हामीले देख्दादेख्दै राज्यसत्तामा अनेक थरी मान्छे आए र गए । कहिले एउटाले सत्ता चलायो भने कहिले अर्कोले चलायो । हरेक दिन देशमा कसै न कसैको शासन चलेकै छ । हामी पनि हरेक दिन सत्ता चलाउनेहरू विरुद्ध केही न केही भनी नै रहेका छौं ।

हाम्रो भोगाइमा आज त शासक वर्गले राम्रो काम गरेछन् भन्ने दिन आएन । हामी भाग्यले ठगिएका हौं कि ? ती शासक ठगिएका हुन् वा दुवै ठगिएका होइनौं ? भन्न मुस्किल छ । एक मन त लाग्छ ती पनि मान्छे हामी पनि मान्छे । तिनले सत्ता चलाउन सक्ने, हामीले नसक्ने के छ र ? यसैले हामीलाई पनि सत्तामा पुग्न पाए त्यसरी नै सोठ्याउँला भन्ने हुटहुटी हुने गर्दछ । घर चलाउन नै नजान्ने, नसक्ने हुतिहाराले सत्ता चलाउन पुग्दा अनर्थ त भई नै हाल्छ । सबैले झ्याउँझ्याउँ गर्दा घर र सत्ता दुवै चल्दैन ।

सत्तामा बस्नेले सत्ता कसरी चलाउने भनी सिक्न खोजेनन् । हामीले पनि यसरी चलाउनुपर्दछ भनी भन्न सकेनौं । यसैमा पो समस्या छ कि ? भन्ने जस्तो पनि लाग्छ । के भन्नुहुन्छ तपाईंहरू ? यसै कारणले होला हामीहरू कतिपय आजका यीभन्दा त हिजोकै ती नै जाति थिए भन्ने पनि गर्दछौं । त्यो भन्नुपर्ने अवस्था किन आएको ? त्यो किन भन्दछौं ? त्यस्तो भन्नुको पछाडि के आधार छ ? त्यो कुरा भन्नेलाई पनि थाहा छैन । हिजोका मान्छेले पनि भ्रष्टाचार गरेकै थिए । आजकाले पनि गरेकै छन् । हिजो पनि नातावाद कृपावाद व्याप्त थियो आज पनि त्यही नै व्याप्त छ । हिजो पनि टुप्पोबाट पलाएकाहरूकै विगबिगी थियो आज पनि त्यस्तै छ । हिजो ठिक्क पार्ने सिपालुहरू आज पनि ठिक्क नै पारिरहेछन् । हिजो आसेपासे भएर सुविधा खाने थिए । आज पनि आसेपासे उत्तिकै मात्रामा छँदै छन् । हिजो पनि सुकिलामुकिलाहरूकै चल्ती थियो, आज पनि त्यस्तै छ । हिजो पनि सामान्य नागरिकलाई हरेक कुरामा बाधा थियो, त्यो प्रवृत्ति आज पनि उत्तिकै व्याप्त छ । हिजो पनि अपराधीहरूकै बोलवाला थियो, आज पनि त्यही चाला छ । हिजो पनि शक्तिको आडमा ताण्डव हुने गर्दथ्यो । आज पनि त्यो प्रयोग उत्तिकै झर्झर छ । के यसलाई होइन भन्न सक्ने ठाउँ छ त ? जसरी हिजो परिवारवाद हावी थियो, आज पनि त्यही वाद नै



सक्रिय छ ।

योग्यहरू, सत्यवादीहरू, राष्ट्रवादीहरू, क्षमतावान्हरू जसरी हिजो गुमसुम चुपचाप थिए आज पनि त्यस्तै हविगत छ । होइन त ? कि तपाईं होइन भन्नुहुन्छ ? हामी छिटो बिर्सन्छौं । त्यसैले हिजोका राम्रा आजका नराम्रा भनिदिन्छौं, तर इतिहासलाई राम्ररी पढ्ने र विश्लेषण गर्ने हो भने शासकहरूको प्रवृत्ति सबै युगमा उस्तै नै भेटिन्छन् । सबै देशमा उस्तै देखिन्छन् । हिजोकालाई जसरी सत्ता प्यारो थियो, आजकालाई पनि त्यही प्यारो छ । मान्छे फेरिएका छन् तर प्रवृत्ति फेरिएको छैन । हिजो पनि सत्ताबाहिर बस्नेहरू आफूलाई योग्य, इमान्दार तथा क्षमतावान् ठान्दथे । आज पनि त्यही प्रवृत्तिले नै काम गरिरहेको छ ।

हिजो सत्ता बाहिर हुनेहरू आज सत्तामा पुगेका छन्, तर उनीहरूको चाला पनि देशलाई पाखा लगाएर आफ्नो भलो गर्ने नै भइदियो । जुन प्रकारले हिजो सत्तामा बस्नेहरू सिंगौरी खेल्थे आज पनि त्यही नै दोहरिएको छ । हिजोकालाई जसरी आम जनताप्रति मोह थिएन आजकामा पनि त्यही पन व्याप्त रहेको छ । खै म त हिजो र आजमा केही पनि फरक देख्दिन ।

हो समय फेरिएको छ । दिन फेरिएको छ । साल फेरिएको छ । बूढा मर्दै गए, जवान बूढा हुँदै गए । बच्चा जवान हुँदै गए । खाने मुख थपिए । नयाँ पन थपिए तर सत्ता पिँडालु नै भइरह्यो । जसरी हिजो ठूला माछा उम्के, आज पनि उम्किरहेकै छन् । सामन्तवादको विरोध गर्दै सत्तामा पुगेकाहरू झन कडा सुरक्षा घेराभित्र बसेर लुकिलुकी शासन गरिरहेका छन् । निरङ्कुश सामन्तवाद गणतन्त्रात्मक सामन्तवादमा रूपान्तरण भएको छ । हिजोका शासकलाई पनि गगन सिंह हुनुपर्ला भन्ने डर थियो आजकालाई पनि त्यही डरले पिरेको छ । हिजोका शासकहरू जनताबाट टाढा थिए, धेरै पर रहन्थे । आजका शासक झन कठोर देखिन्छन् । सडकलाई सुनसान पारेर झण्डा हल्लाउने शासकहरू कुनै पनि युगमा कसरी देशभक्त होलान् ? जसले माटो बिर्सेको छ, जसको भूइँमा खुट्टा हुँदैन, जो आँखा जुधाउन नसकी आकाशतिर हेरेर कुरा गर्दछ, त्यो शासक कसरी वास्तविक शासक हुन सक्छ र ? त्यो त अहङ्कारी दुर्जन हुन्छ । यसो हेरेर ल्याउँदा शासन सत्तामा सधैंभरि रावण, दुर्योधन, शकुनि, कंस प्रवृत्ति नै व्याप्त छ होइन र ?

वास्तवमा त्यस्तो किन भएको त ? यो नै आजको गम्भीर प्रश्न हो । यसैमा तपाईं हामीले गहिरो चिन्तन गर्नुपर्ने देखिन्छ । रामायण कालमा दानवसँग लड्न देवताहरू वानर भालु भएर जन्मिए भनिन्थ्यो । महाभारत कालमा तिनै वानरहरू पाण्डवका पक्षधर भएर जन्मिए भनियो । यो समयमा सत्ताको ज्यादती चुपचाप हेरेर कुनै विद्रोह नगरी सहेर बसिरहनेहरू साँचो अर्थमा पूर्वजन्मका शासक हुन् जस्तो लाग्छ मलाई त । तपाईं के भन्नुहुन्छ ? मान्नुहुन्न होला मेरो

दृष्टिकोण। नमाने नमान्नोस्, तर खाँटी कुरो चाहिँ त्यही नै हो। रोटी पनि कतै एकोहोरो पाक्छ ? दोहोरो पो पाक्छ त !

हिजो हामी सत्तामा बसेर नातावाद, कृपावाद, हूलतन्त्र, षड्यन्त्र, भ्रष्टाचार, अपवाद जे अवलम्बन गऱ्यौं, त्यो भोगाइ आज हामी माथि शासन गर्नेले हिजो हाम्रो पालामा गुमसुम भई चुपचाप सहेका रहेछन्। त्यही सहनुको कारण उनीहरू आज सत्तामा पुगे र हामी भने उनीहरूको सत्ताताडन सहनेमा पऱ्यौं तर सत्ताले उनीहरूलाई पनि हाम्रै हिजोका शासितलाई हैरानी दिने करतुत नै अवलम्बन गर्न सघायो, सिकायो।

हिजो हामीले अरूमाथि अन्याय, अत्याचारगरी पीडा दिएका हुनाले त्यसको स्वाद कस्तो हुँदो रहेछ त भोग् भनेर नियतिले चुपचाप शासित भइरहने गराइदियो। मलाई लाग्छ- तपाईं यो कुरा मान्न तयार हुनुहुन्न तर के गर्नु इतिहास हेर्नुस् न ! शासकीय क्रूरता र जनपीडा कहिले कहाँ भएन ? यसैले पक्कै त्यस्तै हो तर मलाई अझै पनि केमा दुःख छ भने आजका तीन न तेह्रका शासकहरू भोलि फेरि निरीह जनता बन्ने भए। हामी आज चुपचाप अराजकता सहनेहरूको भोलिको पालो त शासक बन्ने नै हो। त्यो शासनमा फेरि पनि हामी अराजक भइ हाल्नेछौं। यसरी नै चक्र घुमिरहने भयो। पक्कै त्यस्तै हो।

ä ã

**शब्दार्थ प्रकाशनको वेबसाइटमा**

**वैजयन्तीका सबै अङ्क, हाम्रा सबै गतिविधि,**

**शब्दकोशहरूको सफ्टवेयर र कार्यक्रमका तस्वीर, फिलिम तपाईंका लागि उपलब्धिपूर्ण हुन सक्छन् !**

web : www. shabdarthaprakashan. com/
www. nepalipublisher. com

**शब्दार्थ प्रकाशन**का **कार्यक्रमहरूका**

सबै भिडियो यता छन्।

1. https://www.youtube.com/Shabdartha Music SM/
2. https://www.youtube.com/Shabdartha Prakashan/



# सहस्राब्दी कार्यक्रममा अपहरित यात्रीसँग

**हरि थापा**

त्यो दिन एउटा ऐतिहासिक दिन थियो। जसले ईस्वी संवत्को उन्नाइस सय उनानसय वर्षको अन्तिम दिन पार गर्दै थियो भने एक डेढ घण्टापछि सन् दुई हजारको पहिलो बिहानीले धर्तीलाई चुम्बन गर्न गइरहेको थियो।

नयाँ दिल्लीस्थित शाही नेपाली राजदूतावास परिसरमा दूतावासका कर्मचारीका बालबच्चाहरूले सन् १९९९ लाई दाहसंस्कार गरेर सन् २००० को जन्मोत्सव मनाउने कार्यक्रमको आयोजना गरेका थिए। जाडोको समय भएकाले बाहिर चौरमा मुडा जोतेर आगो बालिएको थियो। मतलब क्याम्पफायरको व्यवस्था गरिएको थियो। पालभित्र रहेका मेचहरू तान्दै आगोको वरिपरि बसेर फ्यान्टा, कोक, स्प्राइट तान्दै थियौं हामी। युएनको मोटरबाट खुत्रुकखुत्रुक झरे आठ दिन अपहरित भारतीय विमानमा बन्दी जीवन बिताएका जनकलाल श्रेष्ठ र उनकी श्रीमती शान्ती श्रेष्ठ। सबैको ध्यान त्यतै आकृष्ट भयो।

हामी सबैले दुवै दम्पत्तिलाई पुनर्जन्म प्राप्त गर्न सफल भएकोमा बधाई दियौं। बदलामा धन्यवाद हात पाऱ्यौं। 'युएनडिपीको जागीर खाएर थुप्रै मानिसलाई विमानमा उडाएँ तर आफ्नी श्रीमतीलाई कहिले पनि विमानको यात्रा गराउन सकेको थिइनँ। बल्लबल्ल उडाएको यस्तो भयो।' जनकलाल श्रेष्ठको गुनासो थियो यो। 'जिन्दगीमा पहिलो पटक प्लेन चढेको यस्तो भयो तर एउटा टिकटले धेरै ठाउँ पुगें। कहाँ कहाँ पुगियो ठाउँ भने थाहा भएन। खाली बसेको र उडेको मात्र थाहा हुन्थ्यो। कति पटक मरेजस्तो भयो भयो।' आँखा आँसुमा पौडाउँदै श्रीमती शान्ती श्रेष्ठले भन्नुभयो।

उनीहरूका प्रत्येक भनाइले हामी सबैको मुटु छुन्थ्यो। अवरुद्ध भएर आउँथ्यो गला। शान्ती श्रेष्ठले घरमा छोराछोरीसँग टेलिफोनमा कुराकानी गर्दाको दृश्यले त झन् मेरा आँखालाई पनि नपौडाई छाडेन। आँखाबाट धरधरी आँसुका धारा बगाउँदै टेलिफोनको ह्यान्डसेट कानमा जोडेकी शान्ति हलो सिवाय बोल्नै सक्नुहुन्न। उताबाट उस्तै रुवासासीको डाँको आएर बर्सिरहेछ उहाँको कानमा, अनि कसरी बोल्न सक्नु। त्यो दृश्य सम्झँदा अहिले पनि गला अवरुद्ध भएर आउँछ मेरो।

अलिबेरपछि सन्जय धिताल, रोजिना धिताल (पाठक), रोशनविक्रम दाहालहरू पनि आइपुगे। त्यसपछि हितकुमारी श्रेष्ठ (सवनम) आइपुगिन्। गजेन्द्रमान ताम्राकारको अभाव खड्कियो हामीलाई। उनी नै थिए भारतीय

सञ्चार माध्यमका कुख्यात तस्कर र विमान अपहरणकर्तामा गनिएका नेपाली सिनेकर्मी। थुप्रै गाली खाएका थिए त्यसअघि उनले समाचारका भरमा। त्यस्तै आधा घण्टा जतिपछि उनी पनि आइपुगे एउटा मोटरमा बसेर। नीलमप्रसाद चापागाई भने कता उछिटिए कता। भेट्नसम्म सकेनन् विमानस्थलमा स्वागतार्थ जाने दूतावासका कर्मचारीहरूले। जसमा नियोग उपप्रमुखको नेतृत्व थियो। आठै जना नेपाली यात्री सकुशल फर्किएकोमा खुसी थियो दूतावास परिवार। त्यति मात्र होइन, नेपाल नै खुसी थियो- आफ्ना नागरिकहरू सकुशल पाउँदा।

जाडोको समयमा दिल्ली कम चिसिन्न। कठाङ्ग्रिएको थियो कक्रक्क परेर। रातको आधाउधीमा नकक्रने कुरा थिएन पनि। त्यो कक्राइबाट आफूहरूलाई मुक्त गर्न बालिएका काठका गिँडहरूले निकै मद्दत गरेका थिए। ढाडले चिसोको अनुभूति प्रशस्तै बटुल्न परे तापनि ह्याकुल्ला भने मस्तसँग तताउँदै थियौं हामी। हामी उत्सुकता जाहेर गर्थ्यौं। उनीहरू अनुभूति पोख्थे हाम्रा उत्सुकताहरूलाई पुर्न। 'कस्तो अनुभव हुन्थ्यो त्यस बेला तपाईंहरूलाई ?' मैले सोधेँ।

'खोइ के भन्नु। कति पटक मरियो मरियो। कुरा गरे साध्य छैन।' एक जनाले भन्नुभयो। जीवन र मृत्युको दोसाँधले धेरै पटक अलमल्यायो उनीहरूलाई। कहिले घण्टा, कहिले मिनेट गर्दै सेकेन्डसम्म पनि झर्थ्यो उनीहरूको आयु। दुई बजेसम्म माग पूरा नभएमा एकएक गरेर मार्दै जाने धम्कीदेखि लिएर तीस सेकेन्डभित्र विमान ध्वस्त पारिनेसम्मका धम्की सहनुपर्‍यो उनीहरूले।

आफूभन्दा मोटोघाटो र बलियो मानिस देख्दा जसको पनि मन तर्सन्छ। अपहरणकारीहरू पनि मानिस नै थिए। उनीहरूको मन पनि त कहाँको ढुङ्गामाटोले बनेको थियो र ? उनीहरूकै भनाइअनुसार गजेन्द्रको शरीरले तर्सायो अपहरणकारीहरूलाई। उसको शरीरले मात्र होइन ऊजस्ता थुप्रैका शरीरले तर्सायो उनीहरूलाई। त्यसैकारण पनि बलिष्ठ शरीर हुनेहरूले पाता कसिएर प्रथम श्रेणीमा बस्न बाध्य हुनुपर्‍यो।

'तँ को होस् ?' भन्दै गजेन्द्रको कठालो समातेर उठाए।

'म विदेशी हुँ।' भन्दै आफ्नो परिचय दिए गजेन्द्रले। विदेशी भएर दुःख नपाउन चाहन्थे सायद उनी। उनीहरूले हिन्दीमा बोलेको र भारतीय विमान अपहरण गरिएकाले भारतीय नागरिकबाहेक अरूलाई विदेशी नागरिकको दर्जामा राख्ने गजेन्द्रको भनाइ शतप्रतिशत ठीक थियो तर 'नेपाली पनि कहीँ विदेशी हुन्छ।' भनेर थचार्‍यो गजेन्द्रलाई। जेहोस् नेपाली भएको कारण सिट छाड्नुपरेन उनले। हिन्दी सिनेमा 'शोले'को अमजद खानको उपनाम पाए उनले 'गब्बरसिंह।'

'मलाई गब्बरसिंह ! तँ जोक सुनाँ भन्थे उनीहरू। म जोक सुनाउँथे निर्धक्कसँग।' नेपाली गब्बरसिंहको कथन थियो।

'तपाईंलाई कठालोमा समातेर उठाएपछि नेपाली भन्ने चिनेर अन्यत्र



नलगी जब त्यहीँ बस्न दिए तब तपाईंलाई नेपालीलाई केही नगर्ने रहेछन् भन्ने लाग्यो र तपाईं निर्धक्क हुनुभयो अनि विनासङ्कोच तपाईं खिस्साहरू सुनाउन थाल्नुभयो होइन ?' भन्ने मेरो सोधाइप्रति सकारात्मकता जाहेर गर्दै, 'एकदम ठीक भन्नुभयो। हो।' उनले भने।

आठ दिन लामो विमानभित्रको बन्दीजीवन वास्तवमा बन्दीजीवनजस्तो थिएन उनीहरूका लागि। जसरी कारागारका बन्दीहरूलाई सताउने र दुःख दिने काम हुन्छन् कारागारहरूमा। त्यस्तो केही पनि थिएन त्यहाँ। एक प्रकारको पिकनिक थियो। खिस्साहरू सुनाएर रमिता गराइन्थ्यो। पारिवारिकता मौलाएको थियो। उच्छृङ्खलता थिएन कत्ति पनि। पारिवारिक अनुशासन थियो। सुरक्षा थियो। नकसैको सम्पत्ति लुटियो न त इज्जत नै। यति हुँदाहुँदै पनि एउटा कुरादेखि त्रसित थिए बन्दी यात्रीहरू। त्यो थियो उनीहरूको जीवनको अनिश्चितता। कति वेला मरिने हो भन्ने त्रासले मनमा आसन जमाइरह्यो। जबसम्म अपहरणको आठौं दिन अर्थात् १९९९ को अन्तिम दिनले उनीहरूलाई साथ दिएन।

आठ जना मुक्त नेपाली यात्रीहरूमध्येकी रोजिना धिताल भने सारै उदासीन देखिन्थिन्। उनको मन भने तर्सिरहेकै पाएँ मैले। भरखरै सञ्जय धितालसँग विवाह बन्धनमा बाँधिएर पाकिस्तानसम्मको यात्रामा जुटेकी रोजिनालाई के थाहा यसरी दाम्पत्य जीवनको शुभसन्ध्यामै विमानभित्रको आठ-आठ दिन लामो बन्दीजीवन बिताउनुपर्ला भनेर। सम्भवतः पहिलो हनिमुन विदेश भ्रमणको अवसरमै अपहरणको अनुभूति बटुल्न पुगे यी दुई दम्पती।

दिल्लीको राम्रो अस्पतालका चिकित्सकसँग जँचाएर औषधोपचार गरी आफ्नी श्रीमतीको जीवन लम्ब्याउने चाहना राखेर पहिलो पटक विमानको यात्रा गराउन पुगेका शान्ति श्रेष्ठका पति जनकलाल श्रेष्ठको ओठको कलेटी र सातो उडेको अनुहारले कसलाई नटिठ्याई छाड्दो हो ? मुख च्यापच्याप पार्दै आफ्नो अनुभव बताउँथे उनी।

उता शनिवारदेखि सुरु हुने जाँचमा सम्मिलित भएर आफ्नो भविष्य सुधार्ने चाहना बोकेर आएका रोशनविक्रम दाहाललाई कति दिनसम्म तर्साउने हो माकल टोपी र माइकमा गुन्जने मानिसका आवाजहरूले। त्यस रमाइलो वातावरणमा पनि मित्र मोहनकुमार बस्नेतले लगाएको अनुहार मात्र देखिने टोपीले तर्साएको थियो रोशनलाई। तिनै अपहरणकारीको अनुहार पढ्न पुगे उनी मोहन बस्नेतको माकल टोपी लगाएको अनुहारलाई र भनी पनि हाले- 'दाइ त्यो टोपी नलगाउनुहोस् न। असाध्यै डर लाग्छ मलाई।' कसैले माइकमा बोलेको आवाजले पनि तर्साउँथ्यो उनलाई। अगुल्टो झोसिएको मन बिजुली चम्किँदा पनि तर्सिने भएको थियो।

सञ्जय धितालको बेथा आफ्नै ठाउँमा थियो। कति दिनसम्म पिरोल्ने

हो तालेवान सरकारलाई दिनुपर्ने 'इन्डियन एयरलाइन्स् आइसी ८१४ काठमाडौं दिल्ली उडान अपहरण' भनेर अङ्ग्रेजीमा लेखिएको संस्मरणात्मक उपहार र शरणार्थीहरूको सहयोगार्थ खरिद गरेर दिनुपर्ने औषधीको उपहारले । उनलाई यी दुई कुराको जिम्मा दिइएको थियो ।

